"कृषि, पर्यटन, उद्योग र पूर्वाधार, सु-संस्कृत, समृद्ध नगर सैनामैनाको आधार"

# पञ्चवर्षीय शिक्षा योजना

## आ.व. २०८१/८२ -२०८५/८६

## सैनामैना नगरपालिका

## रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## नगरप्रमुखको भनाई

शिक्षा देश विकासको आधार हो । शिक्षा प्राप्ति गर्नु व्यक्तिको आधारभूत आवश्यकताका साथै मौलिक हक हो । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षा अनिवार्य र निशुल्क साथै माध्यमिक शिक्षालाई निशुल्क रूपमा पाउने व्यवस्था गरेको छ । देशले संघीयताको बाटो अवलम्बन गरिसकेपछि विद्यालय शिक्षा सम्बन्धी अधिकांश कार्यहरू स्थानीय तहको अधिकार क्षेत्र भित्र समेटिएको छ । यस्तो अवस्थामा शिक्षालाई एउटा निश्चित बाटोमा डोऱ्याउनका लागि शिक्षा योजना निर्माण गर्नु अपरिहार्य हुन्छ । यो हाम्रो नगरको शिक्षा क्षेत्रको उज्ज्वल भविष्यको खाका हो । यो ५ वर्षे योजना निर्माणको यात्रामा हामीले धेरै चरणहरू पार गऱ्यौं। योजना निर्माणका प्राविधिक समितिको अथक प्रयास स्वरूप नयाँ शिक्षा योजना यहाँहरू समक्ष प्रस्तुत गरेका छौं । योजना निर्माणको क्रममा प्राप्त अमूल्य सुझाव र सल्लाहलाई पनि यस पञ्चवर्षीय योजनामा समेट्ने प्रयास गरिएको छ । यस शिक्षा योजनाको माध्यमद्वारा सैनामैना नगरपालिका, लुम्बिनी प्रदेश र समग्रमा देश निर्माणको लागि आवश्यक मानवपूँजी निर्माणका लागी शसक्त भूमिका खेल्ने अपेक्षा गर्नुका साथै शिक्षालाई आधुनिकतातर्फ डोऱ्याउन योजनालाई केन्द्रित गर्ने प्रयास गरिएको छ ।

यस योजनाको मूल उद्देश्य नगरका सबै बालबालिकालाई गुणस्तरीय समावेशी र समयसापेक्ष शिक्षा प्रदान गर्नु हो । हामी यस्तो शैक्षिक वातावरण सिर्जना गर्न चाहन्छौं जहाँ हरेक विद्यार्थीले आफ्नो प्रतिभा प्रस्फुटित गर्ने अवसर पाउन सकोस् । यस योजनाले शिक्षकहरूको क्षमता अभिवृद्धि, पाठ्यक्रमको पूर्ण कार्यान्वयन शिक्षण विधिमा सुधार ,भौतिक पूर्वाधारको विकास र प्रविधिको उच्चतम उपयोगलाई प्राथमिकता दिएको छ । यो योजना नगरको शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन कोसेढुङ्गा सावित हुनेछ। यसको सफल कार्यन्वयनका लागि सबै सरोकारवालाहरूको निरन्तर सहयोग र प्रतिबद्धता आवश्यक छ। हामी सबैको सामूहिक प्रयासबाट नै हाम्रा बालबालिकाको भविष्य सुनिश्चित गर्न सक्छौं । यो दस्तावेज हाम्रा भावि पुस्ताहरूका लागि मार्गदर्शनको रूपमा रहनेछ र उनीहरूलाई अझ उन्नत र समृद्ध समाज निर्माण गर्न प्रेरित गर्नेछ भन्ने मेरो दृढ विश्वास छ ।

अन्तमा यो योजनालाई मूर्तरूप दिन सहयोग गर्नुहुने सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

फणेन्द्र प्रसाद शर्मा
नगरप्रमुख

## नगर उप-प्रमुखको भनाई

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखि बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ । संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीको क्रम सङ्ख्या (८) मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा आधिकार स्थानीय सरकारलाई प्रदान गरेको शिक्षाको सन्दर्भमा संविधान र कानुनले अङ्गीकार गरेको व्यवहारलाई आत्मसात गर्दै “सैनामैना समृद्धिको आधार कृषि उत्पादन, पर्यटन र पूर्वाधार” को परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राख्न जरूरी देखिएको छ ।

यस सन्दर्भमा रूपन्देही जिल्लाको सैनामैना नगरपालिकाले पनि नगर शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, कार्यान्वयन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता विषयमा सुधारका रणनीतिहरू मार्फत् विद्यालय बाहिर रहेको बालबालिकाहरूलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमवाट शिक्षाको पहुँच पुर्‍याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाइका अवसरहरू प्रत्याभूति दिनका लागि यो नगर शिक्षा योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतीहरूलाई सामना गर्दै शिक्षा क्षेत्रमा विकसित भइरहेको नवीनतम ज्ञान, सिप र प्रविधिलाई समेट्दै सम्पूर्ण बालबालिका तथा नागरिकहरूको मौलिक आधिकारको संरक्षण गर्दै उनीहरूलाई सहज सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न कै लागि २०८१/०८२ देखि २०८५/०८६ सम्मको पञ्चवर्षीय शिक्षा योजना तयार पारिएको छ ।

नगरपालिका भित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरूलाई प्राथमिकताका आधारमा सम्बोधन गर्नका निमित्त नगरपालिका सम्बद्ध जनप्रतिनिधि तथा सरोकारवाला निकायहरूको अन्तरक्रिया, छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ । योजना निर्माण कार्यदलको काम अत्यन्तै प्रशंसनीय रहेको छ । यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका शिक्षा योजना निर्माण कार्यदलका सम्पूर्ण पदाधिकारीहरू शिक्षा शाखा प्रमुख साथै कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु । यसका साथै यस कार्यमा सहयोग गर्नुहुने

नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, एवम् जनप्रतिनिधिज्यूहरू लगायत सम्पूर्ण सरोकारवालाहरूलाई स्मरण गर्न चाहन्छु । यस योजना कार्यान्वयनमा शिक्षाको गुणस्तरलाई उच्च प्राथमिकता दिँदै अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसको लक्ष्य र उद्देश्यहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

विना राना
नगर उप प्रमुख

## प्रमुख प्रशासकीय अधिकृतको भनाइ

शिक्षा क्षेत्रको विकासविना समग्र  विकासको सपना देख्नु असम्भव प्राय हुन्छ । सबैका लागि शिक्षाको सहज पहुँच र निरन्तरताको सुनिश्चितता गर्दै शिक्षालाई सर्वसुलभ ,जिवनोपयोगी प्रतिष्पर्धी र गुणस्तरीय बनाउनु हाम्रो मुख्य  ध्येय रहेको छ । व्यवस्थित र योजनावद्ध विकासका लागि सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता र प्रयासमा कार्यान्वयन योग्य योजना निर्माण र कार्यान्वयन गर्दै नेपालको परिवर्तित अवश्था तथा नयाँ संवैधानिक व्यवस्थाअनुरूप हुने गरी सैनामैना नगरपालिकाले विद्यालय शिक्षाको विकास र सुधारको लागि सैनामैना नगरपालिकाको पञ्चवर्षीय शिक्षा योजना २०८१/८२- २०८५/ ८६ तयार गरेको छ ।

विशेषत सामुदायिक विद्यालयहरूको शैक्षिक सुधार गरी गुणस्तरमा सुधारको सुनिश्चितता गर्दै विद्यालयमा समुदायको सहभागिता बढाउनुका साथै विशेष आवश्यकता भएका, गरिबिको रेखामुनी रहेका र पिछडिएका समुदायका बालबालिकाहरूलाई विद्यालयमा भित्र्याउने, सिकाउने, टिकाउने र बिकाउने कुरामा देखिएका चुनौतीहरूलाई चिर्दै नगरपालिकाको शिक्षा क्षेत्रलाई सुव्यवस्थित बनाउन यस योजनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

यो योजना निर्माणको क्रममा पूर्ण रूपमा स्थानीय विज्ञहरूको संलग्नता रहेको छ भने नगरकार्यपालिका अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थाहरू, प्रधानाध्यापकहरू,शिक्षक तथा कर्मचारीहरू लगायत सरोकारवालाहरूसँग पर्याप्त मात्रामा अन्तर्किया तथा छलफलहरू गरिएको छ । त्यसैगरी यस योजनाको लेखाजोखा बाह्य विज्ञहरूद्वारा मुल्याङ्कन गरी दिइएका परामर्श तथा सुझावहरूलाई समेत यस योजनामा समावेश गरिएको छ । अन्त्यमा ,लेखन समिति, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, मूल्याङ्कन समिति लगायत सम्पूर्णलाई धन्यवाद दिँदै यस नगरशिक्षा योजनाको सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

## शिक्षा अधिकृतको भनाई

शिक्षा समृद्धि र बिकासको आधार हो । समकालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुसार सक्रिय जीवन बिताउन प्रत्येक नागरिकलाई आवश्यक पर्ने ज्ञान, सिप र क्षमता विकासका लागि सबल र सक्षम शिक्षा प्रणालीको आवश्यक पर्छ । नागरिकलाई सामाजिक जीवनका हरेक गतिविधिमा सक्रिय रही नगरपालिकाको समग्र विकास र समृद्धिका लागि आफ्नो तर्फबाट योगदान पुर्याउन सकारात्मक सोच, नैतिक मूल्य मान्यतासहितको सिर्जनशील र समालोचनात्मक चिन्तनको विकास गर्नुपर्ने हुन्छ , जुन कुरा शिक्षाको माध्यमबाट मात्र सम्भव छ ।

नेपालको संविधानले प्रत्याभूत गरेअनुसार आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने कुराको सुनिश्चत गर्ने, राष्ट्रिय शिक्षा नीति, २०७६ ले निर्दिष्ट गरेका नीतिको कार्यान्वयन गर्ने , सन २०३० सम्ममा समावेशी र गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्न, अन्तर्राष्ट्रिय समुदायले पहिचान गरेका दिगो विकास लक्ष्य ४ हासिल गर्ने ,विद्यालय क्षेत्र विकास योजना (२०७९ -२०८८) ले राखेका

उद्देश्य तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न, नेपालको दीर्घकालिन , सामाजिक तथा आर्थिक विकासका लक्ष्य हासिल गर्न र परिवर्तित संघीय संरचनाको आवश्यकता अनुरूप स्थानीय तहमा पनि शैक्षिक योजनाको संस्थागत विकास गर्नुपर्ने भएकाले यो योजना अत्यावश्यक देखिएको हो ।

यो योजना स्थानीय विज्ञहरुको पर्याप्त सहभागिता रहेको छ । योजना कार्यान्वयन सँग सम्बद्ध पक्षहरुसँगको पटक पटकको छलफल , बैठक, गोष्ठी,सुझाव संकलन जस्ता कार्यहरु गरिएको हुँदा यो योजना कार्यान्वयन गर्न सहज र सबैको अपनत्व हुने अनुमान गर्न सकिन्छ तर आगामी दिनमा नगरपालिका लागायत संघ प्रदेश र साझेदार संघसंस्थाले समेत यसका विषयबस्तुलाई गहताका साथ लिई शिक्षा क्षेत्रमा प्रशस्त लगानी गर्ने वातावरण भने तयार हुनु जरुरी छ ।बदलिँदो परिवेशअनुसार समता, गुणस्तर तथा सक्षमतालाई सदृढ गर्ने विषयलाई निरन्तरता दिन, कार्यक्रमहरूको सान्दर्भिकता तथा सुधारको सुनिश्चितता गर्न, प्राथमिकता तथा मुद्दाहरूको सम्बोधन गर्न र नयाँ रणनीतिक कार्यक्रमहरूलाई एकीकृत गर्ने जस्ता विद्यालय शिक्षा क्षेत्र योजनाका प्राथमिकताहरुलाई पनि यस योजनाले अंगिकार गरेको छ । यस योजनाले विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि गर्दै विद्यालय शिक्षामा पहुँच र सहभागिता, समानता र समावेशीता तथा गुणस्तर र सान्दर्भिकतालाई जोड दिएको छ ।

यस योजनालाई यो स्वरूपमा ल्याउन सकारात्मक उर्जा प्रदान गर्नुहुने आदरणीय नगरप्रमुख फणेन्द्र प्रसाद शर्मा ज्यू , उपप्रमुख विना राना ज्यू, प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवाली ज्यू प्रति आभारी छु ।हामीले तयार गरेको शिक्षा योजनालाई गहनतापूर्वक अध्ययन र मूल्याङ्कन गरी महत्वपूर्ण पृष्ठपोषण प्रदान गर्नुहुने शिक्षा विकास तथा समन्वय ईकाइका प्रमुख उपसचिब माधव वन्जाडे, बुटवल बहुमुखि क्याम्पसका उपप्राध्यापक यम प्रसाद शर्मा, शहिद नारायण पोखरेल रामापुर क्याम्पस कलौनीका उपप्रध्यापक दिनेश पन्थी लाई विशेष धन्यवाद

दिन चाहन्छु । त्यसैगरी हामीलाई सल्लाह सुझाव प्रदान गर्नुहुने शिक्षा समिती सदस्य तथा वडा अध्यक्षहरु गोपाल पोखेल, बुद्दिराम चौधरी लगायत सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, सामाजिक विकास समितिका संयोजक श्री सुरज बराल ज्यू र शिक्षा समितिका सदस्य श्री कृष्ण शर्मा ज्यू प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु । शिक्षा योजना लेखन कार्यमा सहजकर्ताको भूमिका निर्वाह गर्दै उल्लेख्य भूमिका खेल्नुहुने राधा अधिकारी भट्टराई ज्यू लगायत मस्यौदा लेखनका लागि अहोरात्र खट्नुहुने श्री लक्ष्मी आचार्य-उप प्राध्यापक, श्री हुमकान्त बस्याल-सहायक प्राध्यापक, श्री नेत्रलाल पुरी -प्र अ, श्री हेमावती थापा-शिक्षक, श्री मीना भण्डारी-शिक्षक, श्री यमलाल खनाल -सहायक शिक्षा अधिकृत, श्री अस्मित खड्का- सहायक कम्प्यूटर अधिकृत लगायत सैनामैना नगरपालिका भित्रका सम्पूर्ण शाखाका शाखा प्रमुख तथा कर्मचारी हरु सामुदायिक तथा संस्थागत विद्यालयका प्र. अ. हरु, शिक्षकहरु, अपांगता भएका संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु मिडियाहरु लागायत अन्य विभिन्न संघसंस्थाहरु सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

राधा बेल्बासे
शिक्षा अधिकृत - शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख तथा
सदस्य सचिव- शिक्षा योजना निर्माण समिति कार्यदल

## शिक्षा योजना निर्माण समिति कार्यदलका सदस्यहरू

१. अध्यक्ष, श्री फणेन्द्र प्रसाद शर्मा, नगर प्रमुख
२. सदस्य, श्री विना राना, नगर उप प्रमुख
३. सदस्य, श्री जीवन ज्ञवाली, प्रमुख प्रशासकीय अधिकृत
४. सदस्य, श्री गोपाल पोखेल, वार्ड अध्यक्ष एवम् शिक्षा समिति सदस्य
५. सदस्य, श्री बुद्धिराम चौधरी, वार्ड अध्यक्ष एवम् शिक्षा समिति सदस्य
६. सदस्य, श्री सुरज बराल, सामाजिक विकास समिति संयोजक
७. सदस्य, श्री नेत्रलाल पुरी, प्र.अ एवम् शिक्षा समिति सदस्य
८. सदस्य, श्री कृष्ण प्रसाद शर्मा, प्रएवम् शिक्षा समिति सदस्य
९. सदस्य, श्री हेमावती थापा, शिक्षक
१०. सदस्य सचिव श्री राधा बेल्बासे, शिक्षा शाखा प्रमुख

## शिक्षा योजना निर्माण लेखन कार्यदलका सदस्यहरू

१. संयोजक, श्री राधा बेल्बासे, शिक्षा शाखा प्रमुख
२. सदस्य, श्री लक्ष्मी आचार्य, उप प्राध्यापक
३. सदस्य, श्री हुमकान्त बस्याल, सहायक प्राध्यापक
४. सदस्य, श्री नेत्रलाल पुरी, शिक्षक
५. सदस्य, श्री हेमावती थापा, शिक्षक
६. सदस्य, श्री मीना भण्डारी, शिक्षक
७. सदस्य, यमलाल खनाल, प्राविधिक सहायक शिक्षा शाखा

## शिक्षा योजना निर्माण लेखन प्राविधिक सहयोग

१. श्री राधा अधिकारी भट्टराई

## प्राविधिक कर्मचारीहरू

श्री अस्मित खड्का, सूचना प्रविधि शाखा

श्री प्रकाशक :

प्रकाशन प्रति :

सर्वाधिकार :

मुद्रण :

प्रमाणित मिति :

Table of Contents


क) विषय प्रवेशः ..... १

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ..... २

ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ..... ३

घ) शिक्षा योजना निर्माणका आधार ..... ३

ङ) शिक्षा योजना निर्माण प्रक्रिया ..... ४

च) योजनाको लेखाजोखा ..... ५

छ) योजनाको दस्तावेजको स्वरूप ..... ७

कार्यकारी सारांश ..... ८

परिच्छेद १, परिचय ..... १०

१.१ वर्तमान अवस्था ..... १०

१.१.१) अवधारणाः ..... १०

१.२ नगरको परिचय ..... ११

१.२.१) धरातलिय अवस्था ..... ११

ख) जनसङ्ख्याको विवरण ..... १३

ग ) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ..... १८

घ) आर्थिक अवस्थाको विश्लेषण (कृषि, उद्योग, पर्यटन आदि) ..... १९

ङ ) शैक्षिक अवस्थाको विश्लेषण ..... २०

च) सैनामैना नगरपालिकाले शैक्षिक क्षेत्रमा गरेका असल अभ्यासहरू ..... २६

१.३ नगरपालिकाको शैक्षिक समस्या, चुनौती तथा अवसरको (SWOT) विश्लेषण ..... २७

१.३.१) सबल पक्ष ..... २७

१.३.२) सुधार गर्नु पर्ने पक्ष ..... २७

१.३.३) अवसरहरू ..... २८

१.३.४) चुनौतीहरू ..... २८

१.३.५) शैक्षिक समस्याका कारणहरू ........ २९

१.३.६) समस्या समाधानका उपायहरू ........ २९

परिच्छेद २, दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण........ ३१

२.१ सैनामैना नगरपालिका शिक्षा योजना निर्माण गर्दा लिइएको आधार ........ ३१

२.१.१ संवैधानिक प्रावधान........ ३१

२.१.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........ ३२

२.१.३ सङ्घ , प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी)........ ३३

२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७........ ३४

२.२.दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू, रणनीति र कार्य सम्पादन सूचना........ ३५

२.२.१ दीर्घकालीन सोच........ ३५

२.२.२ लक्ष्य (Goal)........ ३५

२.२.३ प्रमुख उद्देश्यहरू........ ३५

२.२.५ अपेक्षित मुख्य उपलब्धि........ ४२

२.२.६ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य........ ४३

३.१ प्रारम्भिक बालविकास तथा शिक्षा........ ४६

३.१.१ परिचय ........ ४६

३.१.२ वर्तमान अवस्था........ ४७

३.१.३ समस्या र चुनौती........ ४८

३.१.४ उद्देश्य ........ ४९

३.१.५ रणनीति र कार्यनीति ........ ४९

३.१.६ प्रमुख उपलब्धि तथा नतिजा ........ ५०

३.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ........ ५२

३.२ आधारभूत शिक्षा ........ ५३

३.२.१ परिचय ........ ५३

३.२.२ वर्तमान अवस्था........................................................................................ ५४

३.२.३ उद्देश्य........................................................................................ ५८

३.२.४ रणनीति तथा कार्यनीति........................................................................................ ५८

३.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................................ ६१

३.२.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........................................................................................ ६३

३.३ माध्यमिक शिक्षा........................................................................................ ६४

३.३.२ वर्तमान अवस्था........................................................................................ ६५

३.३.३ उद्देश्यहरू........................................................................................ ६८

३.३.४ रणनीति र कार्यनीति........................................................................................ ६८

३.३.५ प्रमुख उपलब्धि तथा नतिजा........................................................................................ ७२

३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................................................................ ७४

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........................................................................................ ७६

३.४.१ परिचय ........................................................................................ ७६

३.४.२ वर्तमान अवस्था........................................................................................ ७७

३.४.३ उद्देश्य........................................................................................ ७८

३.४.४ रणनीतिक क्रियाकलापहरू........................................................................................ ७८

३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................................................................ ८१

३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................................................................ ८२

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ........................................................................................ ८४

३.५.१ परिचय ........................................................................................ ८४

३.५.२ वर्तमान अवस्था........................................................................................ ८४

३.५.३ उद्देश्य........................................................................................ ८६

३.५.४ रणनीति र कार्यनीति........................................................................................ ८६

३.५.५ उपलब्धि , नतिजा , प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू........................................................................................ ८८

३.५.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यहरू ........ ८९

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ९१

४.१ पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ९१

४.१.१ परिचय ........ ९१

४.१.२ वर्तमान अवस्था ........ ९२

४.१.३ उद्देश्य ........ ९५

४.१.४ रणनीति र कार्यनीति ........ ९५

४.१.५ उपलब्धि , नतिजा , प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू ........ ९८

४.२ शिक्षक व्यवस्थापन र विकास ........ १०१

४.२.१ वर्तमान अवस्था ........ १०३

४.२.२ उद्देश्य ........ १०५

४.२.३ रणनीतिक क्रियाकलापहरू ........ १०५

४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ........ १०७

४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०८

४.३. शैक्षिक समता र समावेशीकरण ........ ११०

४.३.१ परिचय ........ ११०

४.३.२ वर्तमान अवस्था ........ १११

४.३.३ उद्देश्य ........ ११३

४.३.४ रणनीतिहरू तथा कार्यनीतिहरू ........ ११३

४.३.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ११५

४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ११६

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ११७

४.४.१ परिचय ........ ११७

४.४.२ वर्तमान अवस्था : ........ ११८

४.४.३ उद्देश्य : ........ ११८
४.४.४ रणनीति : ........ ११९
४.४.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १२०
४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ( सामुदायिक विद्यालयमा मात्र ) ........ १२२
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ १२५
४.५.१ परिचय ........ १२५
४.५.२ वर्तमान अवस्था ........ १२७
४.५.३ उद्देश्य ........ १२८
४.५.४ रणनीति तथा कार्यनीति ........ १२९
४.५.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १३०
४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १३२
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ १३२
४.६.१ परिचय ........ १३२
४.६.२ वर्तमान अवस्था ........ १३३
४.६.३ उद्देश्य ........ १३७
४.६.४ रणनीति र कार्यनीति ........ १३७
४.६.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १३९
४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ १४०
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ १४१
४.७.१ परिचय ........ १४१
४.७.२ वर्तमान अवस्था ........ १४२
४.७.४ रणनीति तथा कार्यनीति ........ १४३
४.७.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १४४
४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १४६

परिच्छेद ५ : अन्य उपक्षेत्र ........ १४६
५.१ परिचय ........ १४७
५.२ वर्तमान अवस्था ........ १४७
५.३ उद्देश्य ........ १४८
५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ १५१
५.५ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू ........ १५३
परिच्छेद ६ :सुशासन तथा व्यवस्थापन ........ १५४
६.१ परिचय ........ १५४
६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ १५५
६.२.१ वर्तमान अवस्था ........ १५५
६.२.२ उद्देश्य ........ १५७
६.२.३ रणनीतिहरू ........ १५८
६.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १६०
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १६१
६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ १६२
६.३.१ परिचय ........ १६२
६.३.२ वर्तमान अवस्था ........ १६३
६.३.३ उद्देश्य ........ १६४
६.३.४ रणनीति तथा कार्यनीति ........ १६५
६.३.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १६६
६.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक ........ १६७
परिच्छेद ७, लगानी र स्रोत व्यवस्थापन ........ १६८
७.१ परिचय ........ १६८
७.२ वर्तमान अवस्था ........ १६९

७.३ उद्देश्य ........ १७०

७.४ रणनीति ........ १७०

७.५ प्रमुख उपलब्धि ........ १७०

७.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ १७१

७.७ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया ........ १७२

७.८ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ........ १७३

परिच्छेद ८, अनुगमन तथा मूल्याङ्कन ........ १७५

८.१ परिचय ........ १७५

८.२ वर्तमान अवस्था ........ १७५

८.३ उद्देश्य ........ १७७

८.४ रणनीति र कार्यनीति ........ १७८

८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १७९

अनुसूचीहरू ........ १८०

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ १८०

३.२. आधारभूत शिक्षा ........ १८२

३.३ माध्यमिक शिक्षा ........ १८४

अनुसूची २ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी विवरण २०८० ........ २१६

## तालिका

तालिका १:१.१, नगरपालिकाको परिचय ........ ११
तालिका २:१.२, सैनामैना नगरपालिकाको जनसङ्ख्या ........ १३
तालिका ३: १.३, वडा अनुसार जनसङ्ख्या विवरण ........ १४
तालिका ४:१.४ ,उमेर अनुसार जनसङ्ख्या विवरण ........ १५
तालिका ५:१.५ ,उमेर अनुसार जनसङ्ख्या विवरण ........ १६
तालिका ६: १.६,नगरपालिकाको जातजाति अनुसार जनसङ्ख्या विवरण ........ १७
तालिका ७:१.७, धर्मको अनुसार सङ्ख्याको विवरण ........ १९
तालिका ८: १.८, पाँच वर्षभन्दा माथिको साक्षरताको विवरण ........ २०
तालिका ९:१.९,पाँच वर्षभन्दा माथिको साक्षरताको विवरण ........ २०
तालिका १०:१.१०, नगरपालिकाका शैक्षिक तहको विवरण ........ २१
तालिका ११:१.११,वडागत सामुदायिक विद्यालय विबरण ........ २१
तालिका १२:१.१२,वडागत संस्थागत विद्यालय विवरण ........ २२
तालिका १३:१.१३, वडागत धार्मिक विद्यालय विवरण ........ २२
तालिका १४:१.१४,तह अनुसार विद्यालय गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८१ ........ २३
तालिका १५:१.१५,संस्थागत र सामुदायिक विद्यालय गइरहेका वालवालिकाहरूको जम्मा सङ्ख्या २०८१ ........ २३
तालिका १६:१.१६,विद्यालयमा अध्ययनरत जनजाति दलित र अन्य विद्यार्थीहरूको सङ्ख्या विवरणःशैक्षिक सत्रः-२०८१ ........ २५
तालिका १७:१.१७,सामुदायिक विद्यालयको शिक्षक दरबन्दी विवरण २०८१ ........ २६
तालिका १८:३.१,शैक्षिक वर्ष २०८१ को प्रारम्भिक बालविकास तथा शिक्षामा जम्मा विद्यार्थी सङ्ख्या ........ ४८
तालिका १९:३.२,क. प्रारम्भिक बालविकास तथा शिक्षामा नगरपालिकका सूचकहरू ........ ४८
तालिका २०:३.३, आधारभूत तथा शिक्षाका सूचक विवरण ........ ५४
तालिका २१:३.४,स्थानीय तहको आधारभूत तहमा सेवा प्रवाहको अवस्थाः ........ ५५
तालिका २२: ३.५ तह अनुसार विद्यालय गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८१ ........ ५५
तालिका २३: ३.६ शैक्षिक वर्ष २०८१ को आधारभूत तहमा जातजाति अनुसार जम्मा विद्यार्थी सङ्ख्या ( सामुदायिक, धार्मिक र संस्थागत ) ........ ५५
तालिका २४:३.७, २०८० सालको परीक्षाको नतिजा बमोजिम सामुदायिक विद्यालयको कक्षा १- ८ को सिकाइ उपलब्धि ........ ५६
तालिका २५:३.८,सैनामैना नगरपालिका माध्यमिक शिक्षाका सूचकहरू ........ ६६
तालिका २६:३.३.९, स्थानीय तहको माध्यमिक तहमा सेवा प्रवाहको अवस्थाः २०८१ ........ ६७
तालिका २७:३.१०, तह अनुसार विद्यालय गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८१ ........ ६७
तालिका २८:३.११, शैक्षिक वर्ष २०८१ को माध्यमिक तहमा जम्मा विद्यार्थी सङ्ख्या ........ ६७
तालिका २९:३.१२, नगरपालिकामा सञ्चालित प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थी विवरण ........ ७७
तालिका ३०:४.३, शिक्षण सिकाइ वातावरण तथा विद्यालयमा उपलब्ध भौतिक सुविधा ........ १३५
तालिका ३१:४.४, विद्यालयमा उपलब्ध भौतिक सुविधा ........ १३६

## क) विषय प्रवेशः

विश्व विकासको इतिहासलाई नियालेर हेर्दा मानव विकास र समाज परिवर्तनको मेरूदण्डको रूपमा शिक्षालाई लिने गरिन्छ । शिक्षा पाउनु सबै बालबालिकाको अधिकार हो । नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ । उक्त धाराले राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक, विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । दिगो विकासको लक्ष्य नं. ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वधन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्‍याउने व्यवस्था उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई माध्यामिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ । जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ । वर्तमान नेपालको संविधान अनुसार राज्यको पुनसंरचना भई एकात्मक राज्य व्यवस्थाबाट सङ्घीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । हाल सङ्घ ,प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् ।

स्थानीय तहको शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली २०५९, शिक्षा नीति २०७६ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ। नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु-व्यवस्थित, गुणस्तरीय, समावेशी र समतामूलक बनाइ सबै नागरिकको शिक्षामा पहुँच स्थापित गरी **सुखी नेपाली समृद्ध नेपाल**को नारालाई साकार पार्ने सैनामैना नगरपालिकाको योजना रहेको छ । गुणस्तरीय र सान्दर्भिक शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध नगरपालिकाको रूपमा **"पर्यटन, उद्योग र पूर्वाधार, सु—संस्कृत, समृद्ध नगर सैनामैनाको आधार" लाई** विकास गर्न पनि शिक्षा योजनाको उल्लेख्य भूमिका रहने छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

अहिलेको सूचना प्रविधि साथै विकसित विश्व बजारमा समायोजन हुन प्रत्येक राष्ट्रले आफ्नो राष्ट्रको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु जरूरी हुन्छ । नेपाल पनि विश्व परिवेशसँग जुध्न सक्ने जनशक्ति उत्पादनका लागि शिक्षा क्षेत्रलाई पहिलो प्रथमिकतामा राखेर अगाडि बढिरहेको छ । नेपालको संविधान २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्नुका साथै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था शिक्षा सम्बन्धी हक अन्तर्गत रहने गरी माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र रहेकाले सामुदायिक र संस्थागत विद्यालयको क्षमता विकास र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु नगरपालिकाको अनिवार्य दायित्व रहने कानुनी व्यवस्था गरेको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

स्थानीय तहले आफ्नो योजनामा राष्ट्रिय नीति साथै विद्यालय शिक्षा क्षेत्र योजना ( SESP ) सन् २०२२ देखि २०३२ को योजनाले प्राथमिकीकरण गरेको कुरामा आधारित रही आफ्नो आवश्यकता अनुसार शिक्षा योजना तय गर्नुपर्ने स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०८१ ले निर्दिष्ट गरेको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना भएका र स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकता महसुस गरी यस सैनामैना नगरपालिकाद्वारा स्थानीय शिक्षा योजना निर्माण गरिएको हो ।

शिक्षा योजनाको निर्माण गर्दा नगरपालिकाले विद्यालय शिक्षा क्षेत्र योजना सन् २०२२ देखि २०३२ ले तय गरेको दुरदृष्टि, लक्ष्य, उदेश्य, रणनीति साथै मुख्य समस्या र चुनौतीका विषयहरूलाई समावेश गरेको छ । त्यसैगरी यस नगरपालिकाले प्रारम्भिक बालविकासको भर्नादर ९९% पुर्‍याउने,आधारभूत तहमा विद्यार्थी टिकाउ दर ९५% पुर्‍याउने, विद्यालय भन्दा बाहिर रहेको विद्यार्थीको सङ्ख्या शून्य बनाउने, साक्षरता दर बढाउने र शिक्षामा कूल बजेटको २०% पुर्‍याउने लक्ष्य लिएको छ । शिक्षकको हकमा सामुदायिक विद्यालय आधारभूत तहमा महिला शिक्षक ५०% र माध्यामिक तहमा ३३% पुर्‍याउने, प्राविधिक तथा व्यावसायिक शिक्षामा ३०% विद्यार्थी सहभागिता गराउने र १००% विद्यालयमा इन्टरनेट सेवासहित र सूचना प्रविधिसहितको शिक्षणलाई बिस्तार गर्ने लक्ष्य लिएको छ ।नगर शिक्षा योजना मार्फत संस्थागत विद्यालयलाई संयन्त्र बनाइ नियमन गर्ने र सामुदायिक विद्यालयको उत्कृष्ट व्यवस्थापनका क्रियाकलाप गर्दै गुणस्तरीय शिक्षाको विकासमा अगाडि बढ्ने आत्मविश्वासका साथ सैनामैना नगरपालिकाको पञ्चवर्षे शिक्षा योजनाको निर्माण गरिएको छ ।

## ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. सबै प्रकारका बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता गर्न ।
२. आधारभूत र माध्यमिक दुवै तहको शिक्षामा बालबालिकाको ससम्मान प्रवेश गर्न ।
३. बालबालिकाको क्षमता, आवश्यकता अनुसार जीवनयापनका लागि आवश्यक सिपहरूको विकास गर्न।
४. विद्यालयमा टिकाउ दर वृद्धि गरी शैक्षिक सिपको उद्देश्य पूरा गर्न।
५. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न ।
६. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न ।
७. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा जस्ता समस्यालाई न्यूनीकरण गर्न।
८. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।
९. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।
१०. संस्थागत विद्यालयका लागि विशेष संयन्त्र र योजना निर्माण र नियमन गरी गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि प्रेरित गर्न ।

## घ) शिक्षा योजना निर्माणका आधार

सैनामैना नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरेको छ ।

क) नेपालको संविधान २०७२
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५
च) शिक्षा ऐन २०२८ (संशोधन सहित) शिक्षा नियमावली २०५९ (संशोधन सहित)
छ) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
ज) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
झ) विद्यालय शिक्षामा समता रणनीति
ञ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (संशोधित २०८१)
ठ) स्थानीय तहको मध्यमकालीन खर्च संरचना
ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घ संस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

ण) नगर शिक्षा ऐन/ नियमावली

त) Flesh Report २०८० CEHRD

थ) शिक्षा ऐन २०२८ ( परिमार्जन सहित )

द) नगरपालिका- IEMIS Dashboard Report २०८० र २०८१

ध) राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति २०७६

न) समावेशी शिक्षा नीति २०७३

ऩ) प्राविधिक शिक्षा कार्यविधि

प) विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारूप २०७१

फ) विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

ब) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६

भ) शिक्षा निति २०७६

## ङ) शिक्षा योजना निर्माण प्रक्रिया

सैनामैना नगरपालिकाको ५ वर्षे नगर शिक्षा योजना निर्माण गर्दा विभिन्न राष्ट्रिय, प्रादेशिक साथै सैनामैना नगरपालिकाको नीतिगत व्यवस्था र विभिन्न शिक्षा विज्ञहरूको सहभागितामा निर्माण गरिएको छ । नगर शिक्षा योजना निर्माणका गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

१. नगर शिक्षा समितिको मिति २०८१श्रावण २८ को बैठकले नगर शिक्षा योजना निर्माणका लागि कार्यदिश सहितको ७ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।
२. कार्यापालिकाको मिति २०८१ भाद्र १२ को बैठकले नगर शिक्षा योजना निर्माणका लागि USAID प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमको प्राविधिक सहयोग रहने गरी ७ सदस्यीय लेखन कार्यदलको गठन भएको ।
३. कार्यदलको मिति २०८१ भाद्र २५ गते बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको ।
४. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
५. योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।
६. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको ।
७. पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्याका पक्षहरुका बारेमा SWOT(Strength, weakness, opportunity and threat) analysis गरिएको ।

८. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको।

९. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको ।

१०. सरोकारवालाहररूको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको ।

११. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।

१२.सरोकारवालाहरूबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवाला माझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।नगर कार्यपालिकाको मिति २०८२ जेठ १३ गते.गतेको बैठकबाट स्वीकृत गरिएको ।




## च) योजनाको लेखाजोखा

नगर शिक्षा समितिको नेतृत्वमा २०८१ श्रावण २८ का दिन बैठक बसी शिक्षा योजना बनाउने निणर्यलाई कार्यपालिकाको मिति २०८१ भाद्र १२ को बैठकबाट पारित गरी र ५ वर्षे शिक्षा योजना बनाउने निणर्य गरेको हो । सोही निर्णय अनुसार लेखन कार्यदल गठन गरी शिक्षा योजना निर्माण गर्ने काम शुभारम्भ गरेको छ । **युसएआइडिको प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमको प्राविधिक** सहयोगमा कार्यदलको सदस्यहरूलाई मिति २०८१ भाद्र २५ का दिन स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०८१ ले निर्दिष्ट गरे अनुसाको शिक्षा योजना ढाँचामा अभिमुखीकरण गरी आवश्यक तथ्याङ्क सङ्कलन गरी र सोको आधारमा लेखन कार्यदलले शिक्षा योजनाको पहिलो दस्ताबेज तयार गर्ने काम गरेको छ ।

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्व छ ।<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता छ ।<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी छ । |

| | | |
|---|---|---|
| २ | पर्याप्तता र सान्दर्भिकता | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्बोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ । |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ ।<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ ।<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्यअनुरूप योजना बनाइएको छ ।<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहरूको अन्य पक्षसँग तादात्म्य कायम छ ।<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् ।<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएको वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ।<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ । |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ ।<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ ।<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ।<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ । |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ ।<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ । |

| | | |
|---|---|---|
| | | • योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ ।<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ ।<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ।<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिएको छ ।<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ ।<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ । |

## छ) योजनाको दस्तावेजको स्वरूप

योजनालाई ८ परिच्छेदमा विभाजन गरी योजनाको दस्ताबेज तयार गरिएको छ । परिच्छेदको हिसाबले परिच्छेद १ वर्तमान अवस्थाको विश्लेषण, परिच्छेदमा २ मा शिक्षा योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण बारेमा समेटिएको छ । परिच्छेद ३ मा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र समेटिएको छ भने परिच्छेद ४ मा अन्तरसम्बन्धित विषय तथा क्षेत्र बारेमा उल्लेख गरिएको छ त्यसै गरी परिच्छेद ५ मा अन्य उपक्षेत्र बारेमा उल्लेख गरिएको छ । परिच्छेद ६ मा, सुशासन तथा व्यवस्थापन, परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन र परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन गरी योजनाको दस्तावेजको स्वरूप तयार गरिएको छ ।

# कार्यकारी सारांश

नगर शिक्षा विकासको लागि सैनामैना नगरपालिकाले यो पञ्चवर्षीय शिक्षा योजना (०८१/८२-०८५/८६) हो । यस नगरपालिकाको समग्र शिक्षा क्षेत्र समेटिएको योजना हो । यस शिक्षा योजना स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०८१ अनुरूप तयार गरिएको छ । यसमा पहिलो परिच्छेदमा योजनाको परिचय, दोस्रो परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, लक्ष्य, तथा क्षेत्रगत रूपमा उद्देश्य र रणनीति समावेश गरिएको छ । यसै गरी तेस्रो र चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्र तथा उपक्षेत्रसँग अन्तर्सम्बन्धित विषयवस्तुका रूपमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षक व्यवस्थापन, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षामा सूचना प्रविधि, अनौपचारिक शिक्षा, समावेशी शिक्षा तथा आपतकालीन अवस्थामा शिक्षा तथा संस्थागत संरचना विकास लगायतका क्षेत्रलाई समेटिएको छ । यसभित्र विषयवस्तुको विश्लेषण गर्दा हरेक क्षेत्रभित्र परिचय, वर्तमान अवस्था, चुनौती र अवसर, उद्देश्य, रणनीतिहरू, अपेक्षित उपलब्धि, प्रमुख क्रियाकलाप तथा लक्ष्यलाई क्रमिक रूपमा समेटिएको छ । पाँचौं परिच्छेदमा उच्च शिक्षा, छैठौं परिच्छेदमा संस्थागत संरचनाको विकासमा तीनै तहको सरकार बिचको संरचना तथा क्षमता विकास, योजनाको कार्यान्वयन, समेटिएको छ । यसैगरी, सातौं परिच्छेदमा लगानी तथा श्रोत व्यवस्थापन, आठौं परिच्छेदमा अनुगमन तथा मूल्याङ्कन तथा अन्तिम परिच्छेदमा योजनामा समेटिएका क्रियाकलापहरूको वित्तीय अनुमान सहितको योजना र स्रोत पहिचान तथा योजनाको नतिजा खाकालाई समेटिएको छ।

यस पञ्चवर्षीय योजनाले अबको ५ वर्षमा सैनामैना नगरपालिकाको शिक्षामा उल्लेख्य विकास गर्ने लक्ष्य लिएको छ । योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्धन सेवा प्रवाहको प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पूरा गर्नका लागि रणनीतिहरू तय गरेको छ । पञ्चवर्षीय योजना निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशिता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि वैकल्पिक मार्ग, विपद् एवम् सङ्कटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरालाई ख्याल गरिएको छ ।

सबै विद्यालयमा पुग्ने गरी पक्की कक्षाकोठा व्यवस्थापन, सम्पूर्ण विद्यालयमा तहगत तथा कक्षा ५ सम्म कक्षागत पुस्तकालय, सबै विद्यालयमा विद्युतीकरण र इन्टरनेट व्यवस्थापन, सबै विद्यालयमा स्वच्छ पिउने पानी, बालविकासका लागि छुट्टै शौचालय, छात्र र छात्राका लागि छुट्टाछुट्टै र पर्याप्त पानीसहितका शौचालय, आधारभूत विद्यालयका माथिल्ला कक्षा र माविहरूमा विज्ञान, गणित जस्ता विषयगत ल्याब, सबै विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री बसाइ व्यवस्थापन र छापामय वातावरण, बालविकासमा व्यवस्थित बसाइ व्यवस्थापन र नमुना बालविकास बनाउन बसाइ व्यवस्थापन गर्ने जस्ता क्रियाकलाप समेटिएको छ ।

यसै गरी शिक्षकहरूलाई पर्याप्त पेसागत तथा क्षमता विकास तालिम, शैक्षिक अवलोकनको अवसर, पढाइ मेला गर्ने, पालिकाबाटै नमुना माध्यमिक विद्यालय, आधारभूत विद्यालय र प्राथमिक विद्यालय विकास गर्न मापदण्ड

तयारी तथा कार्यान्वयन, प्रविधिमैत्री शिक्षाका लागि डिजिटल सामग्री प्रदान, परीक्षालाई पालिकास्तरीय बनाउने, वार्षिक शैक्षिक अन्तरक्रिया गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि शिक्षकहरूको अतिरिक्त क्रियाकलाप गर्ने योजना अघि सारेको छ । यसै गरी दरबन्दी मिलान र कक्षा समायोजन मार्फत सिकाइमा सुधार ल्याउने जस्ता योजनाहरू समेटिएको छ ।

यसरी पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन पश्चात हासिल हुने अपेक्षित उपलब्धिमा चार वर्ष उमेर पूरा भएका सबैलाई प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम मार्फत कक्षा १ का लागि तयारी, पाँच देखि १२ वर्षका सबै बालबालिका विद्यालयमा भर्ना र आधारभूत तहको पूर्ण चक्र पुरा, विद्यार्थीको समग्र उपलब्धिमा उल्लेखनीय सुधार, सबै प्रकारका विभेदको न्यूनीकरण, प्राविधिक शिक्षा सुदृढीकरण, योग्यता प्राप्त शिक्षकको पर्याप्तता साथै योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षक, शिक्षक तथा विद्यार्थी दुवैद्वारा प्रविधिको उपयोग तथा हरेक समयमा सिकाइ निरन्तरताको सुनिश्चितता जस्ता पक्षहरूलाई समेटिएको छ ।

# परिच्छेद १, परिचय

## १.१ वर्तमान अवस्था

### १.१.१) अवधारणाः

नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पु-याउने व्यवस्था उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ । जसमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ । सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले स्वस्थ, शिक्षित र सिपयुक्त मानव पूँजी निर्माण गर्ने लक्ष्य राखेको छ । सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घ ले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकासका १७ वटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ । दिगो विकासका चौथो लक्ष्यले सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने उद्देश्यसँग सम्बन्धित सातवटा लक्ष्यहरू निर्धारण गरी लक्ष्य प्राप्तिका लागि थप तीनवटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे ( सन् २०२२ देखि २०३२) **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। नेपालले लिएको शिक्षा सम्बन्धी नितीगत लक्ष्यलाई पूरा गर्न र सैनामैना नगरपालिकाले शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहने गरी पाँचवर्षे शिक्षा योजना निर्माण गरेको छ ।

नेपालको विद्यालय तहको शिक्षाको समग्र विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको अवस्थामा यस सैनामैना नगरपालिकाको पञ्चवर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ । शिक्षा क्षेत्रमा नीति, योजना, व्यवस्था र घोषणाको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सुव्यवस्थित बनाउन, गुणस्तरीय समावेशी, समतामूलक शिक्षा सबै नागरिकलाई प्रदान गरी **समृद्ध नेपाल सुखी नेपालीको** नारालाई साकार पार्न सैनामैना नगरपालिकाको स्थानीय शिक्षा योजना २०८१ ले प्रमुख भूमिका खेल्ने छ ।

## १.२ नगरको परिचय

### १.२.१) धरातलिय अवस्था

सैनामैना नगरपालिका नेपालको लुम्बिनी प्रदेशको रूपन्देही जिल्लाको उत्तर पश्चिममा अवस्थित नगरपालिका हो । यो नगरपालिका विश्व शान्तिका अग्रदुत तथा महामानव गौतम बुद्धको जन्मस्थल लुम्बिनीदेखि १५ कि.मी. उत्तर मनोरम चुरे पहाडको काखमा अवस्थित छ । वि.सं. २०७३ साल फागुन २७ गते राज्यको पुनसंरचना पश्चात साविकको सालझन्डी, पर्रोहा र दुधराक्ष गा.वि.स. गाभिन गई सैनामैना नगरपालिकाको निर्माण भएको हो । यातायातको पहुँचले हेर्दा यस यस सैनामैना नगरपालिकामा सुलभ र सहज पहुँचमा रहेको छ । नगरपालिकाको बिच भागबाट पूर्व-पश्चिम राजमार्ग गएको छ र यस नगरपालिकाको प्रत्येक वडामा यातायातको सहज पहुँच रहेको छ । दुरीको हिसाबले सरदर १५ कि.मी. मा नगरको केन्द्र देखि नगरका सबै भागमा पुग्न सकिने अवस्था रहेको छ ।

*तालिका १:१.१, नगरपालिकाको परिचय*

| | |
|---|---|
| अक्षांश | २७°३८'३९.१५" देखि २७°४६'६.६२" उतरसम्म |
| देशान्तर | ८३°१६'७.२६" देखि ८३° २३'३६.६२" देशान्तर पूर्वसम्म |
| पालिकाको क्षेत्रफल (कि.मि.) | १६२.१८ वर्ग कि.मि. |
| सिमाना | पूर्व:- बुटवल उप महानगरपालिका<br>पश्चिम :- पश्चिममा बाणगंगा नगरपालिका-कपिलवस्तु<br>उत्तर :- शितगंगा नगरपालिका-अर्घाखाँची, रैनादेवी छहरा र तिनाउ गाउँपालिका-पाल्पा<br>दक्षिण :- शुद्धोदन, कञ्चन र गैडहवा गाउँपालिका |
| उचाइ | समुद्र सतहबाट ३८१ फिट (११६.१३ मिटर) देखि ३१५० फिट (९६०.१३ मिटर) सम्म |
| हावापानी | उष्ण |
| स्थान | सैनामैना नगरपालिका, बुद्धनगर रूपन्देही |
| प्रमुख नदीहरू | कञ्चन , दानव , |
| ताल, पोखरी | मेघाहा ताल, बार बिगाह ताल , |
| खोलाहरू | कञ्चन खोला, घमाहा खोला, इंगुरिया खोला |

| | |
|---|---|
| प्रमुख धार्मिक स्थलहरू | १. शिव ज्योतिर्लिङ्ग पर्रोहा परमेश्वर बोलबम धाम<br>२. मलमला मन्दिर<br>३. श्री नवदुर्गा भवानी शैलपुत्री शक्तिपीठ<br>४. मलमल चौरा बाबा<br>५. मल्लावरदेवी महेरवादेवी मन्दिर<br>६. किराँतेश्वर महादेव मन्दिर<br>७. कालमोचन शिवालय<br>८. कोटियादेवी मन्दिर<br>९. कोटहीमाई मन्दिर<br>१०. भैरवस्थान मन्दिर<br>११. मालिका भगवती मन्दिर<br>१२. कालिका मन्दिर |
| पर्यटकीय स्थल | १. रानी कुवा<br>२. रानीबगिया<br>३. जलैंया सिमसार क्षेत्र<br>४. बडा कुवा/ राजा कुवा<br>५. राजापानी सिमसार क्षेत्र<br>६. फूलबारी पार्क<br>७. सैनामैना सङ्ग्रहालय, प्राचीन दरबार<br>८. हिल पार्क<br>९. लामीरह<br>१०. कालीरह |
| खेल मैदान | १. सैनामैना रंगशाला<br>२. लम्टैया क्रिकेट मैदान |
| मेला | १. पर्रोहा परमेश्वर श्रावणी मेला<br>२. माघे औंसी भडछा मेला<br>३. माघी मेला<br>४. गाईजात्रा |
| जम्मा वडा सङ्ख्या | ११ |
| प्रदेश निर्वाचन क्षेत्र | २ |
| संघीय निर्वाचन क्षेत्र | २ |

भौगोलिक हिसाबले यो नगरपालिका १६२.१८ वर्ग कि. मि. क्षेत्रफलमा फैलिएको छ । पूर्व—पश्चिम राजमार्गले मध्यभागबाट उत्तर दक्षिणमा विभाजन गरेको यस नगरपालिकामा आधुनिक र परम्परागत शैलीको मिश्रित मानववस्तुी रहेको छ । हावापानी उष्ण प्रकारको रहेकोले बाह्रै महिना एकैनासको पाइदैन । नगरपालिकाभित्र ऐतिहासिक र धार्मिक स्थलहरू प्रशस्त रहेका छन् । धार्मिक, साँस्कृतिक एवम् पुरातात्विक महत्त्वका स्थानहरूमा विभिन्न समयहरूमा मेला लाग्ने गर्दछ ।जसमा प्रमुख रूपमा पर्रोहा परमेश्वर श्रावणी मेला गुरू पूर्णिमादेखि सुरू भई जनै पूर्णिमासम्म १ महिना, रातमा सुरू भई रातमै सकिने माघे औंसी भडछा मेला, थारु समुदायले मनाउने माघी मेला, मगर समुदायले मनाउने मगर दिवस, नेवार समुदायले मनाउने गाईजात्रा रहेका छन् । मलमला मन्दिर नवरात्री र सरस्वती पूजाको दिन विशेष पूजा गरिन्छ ।शिवरात्रीमा मलमल चौरा बाबालाई थारु समुदायद्वारा शिवको रूपमा पूजा गरिन्छ, शिवकिराँतेश्वर महादेव मन्दिर, बासगढी ठुली उकाली ,कालमोचन शिवालय आदि रहेका छन् । यहाँका मन्दिरहरूमा एकादशी तथा अन्य महत्त्वपूर्ण दिनमा भजनकीर्तन समेत गरिन्छ । नेपाल सरकारबाट यस सैनामैना नगरपालिकालाई विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवम् पुरातात्विक महत्त्वका आधारमा २०७५ साल कात्तकि १५ गते पर्यटन गन्तव्यको रूपमा घोषणा गरेको छ । यस नगरपालिकामा गोरखनाथ सैनामैना, रानी कुवा, बडा कुवा/ राजा कुवा लगायतका प्राचीन कुवा राजपरिवारले प्रयोग गर्ने, सैनामैना सङ्ग्राहालय, प्राचिन दरबार, मन्दिरका भग्नावशेषहरू पुरातात्विक महत्त्वका वस्तु रहेका छन् । कोटियादेवी मन्दिर, कोटहीमाई, महेरहवा देवी मन्दिर, राजापानी, सिमसार क्षेत्र, फूलबारी आदि जस्ता धार्मिक र पर्यटकीय स्थलहरू रहेका छन् ।

### ख) जनसङ्ख्याको विवरण

लुम्बिनी प्रदेशको रूपन्देही जिल्लाको उत्तर पश्चिममा अवस्थित यस नगरपालिकाको राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा कूल १९४४५ घरधुरीको बसोबास रहेको छ । यहाँको कूल जनसङ्ख्या राष्ट्रिय जनगणना २०७८ अनुसार ७८३९३ रहेको छ । जसमध्ये महिलाको सङ्ख्या ५३.५% (४१९५२) र पुरुषको सङ्ख्या ४६.५% .(३६४४१) रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा ब्रह्माण ३४.८%, मगर १७. ५६% , थारु १४.१७%, क्षेत्री १२ .३ % विश्वकर्मा, ७.५% परियार ३% मिजार १.८%, नेवार १.५१% ठकुरी १.३४% रहेका छन् ।

*तालिका २:१.२, सैनामैना नगरपालिकाको जनसङ्ख्या*

| क्र.सं. | लिङ्ग | कुल जनसङ्ख्या २०७८ | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | ४१९५२ | ५३.५ प्रतिशत |
| २ | पुरूष | ३६४४१ | ४६.५ प्रतिशत |
| जम्मा | | ७८३९३ | १०० |

## १) वडा अनुसार जम्मा घरधुरी तथा जनसङ्ख्या

सैनामैना नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार १९४४५ घरधुरी रहेको छ । यस सैनामैना नगरपालिकामा जनघनत्व ४८३ रहेको छ । कूल जनसङ्ख्याको १.९ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् । नगरपालिकामा जम्मा ११ वडा मध्ये वाड नं.१ मा सबैभन्दा बढी जनसङ्ख्या रहेको देखिन्छ भने सबैभन्दा कम जनसङ्ख्या वडा ९ रहेको छ । नगरपालिकाको लैङ्गिक अनुपात भने ८६.८६ रहेको छ ।

**जनसङ्ख्या सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।**

*तालिका ३: १.३, वडा अनुसार जनसङ्ख्या विवरण*

| वडा नं. | पुरुष | महिला | जम्मा | प्रतिशत | घरधुरी |
|---|---|---|---|---|---|
| १ | ५६०३ | ६४७२ | १२०७५ | १५ | २९७२ |
| २ | २६१३ | ३०५२ | ५६६५ | ७ | १३६४ |
| ३ | २८६० | ३३४४ | ६२०४ | ८ | १५९१ |
| ४ | ४३०८ | ४९६३ | ९२७१ | १२ | २३१५ |
| ५ | ४०३२ | ४४७८ | ८५१० | ११ | २०७९ |
| ६ | ३६३८ | ४०४० | ७६७८ | १० | १८६८ |
| ७ | २६०६ | २९९० | ५५९६ | ७ | १३७४ |
| ८ | २५५९ | २९२४ | ५४८३ | ७ | १४१२ |
| ९ | २१२२ | २४५० | ४५७२ | ६ | ११५५ |
| १० | ३०९१ | ३७९३ | ६८८४ | ९ | १७७० |
| ११ | ३००९ | ३४४६ | ६४५५ | ८ | १५४५ |
| जम्मा | ३६४४१ | ४१९५२ | ७८३९३ | १०० | १९४४५ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

## २) उमेर अनुसार जनसङ्ख्या विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार उमेर अनुसार जनसङ्ख्या हेर्दा सबैभन्दा बढी १५ देखि १९ उमेर समूहका व्यक्ति ७८४० जम्मा जनसङ्ख्याको १० प्रतिशत रहेको छ। सबैभन्दा न्यून ९५ भन्दा माथि उमेर समूहका ४२ (०.०५प्रतिशत ) मात्र रहेको छ । उमेर अनुसार जनसङ्ख्या सम्बन्धी वडागत विवरण देहायबमोजिम रहेको छ ।

*तालिका ४:१.४ ,उमेर अनुसार जनसङ्ख्या विवरण*

| सङ्ख्या | उमेर समूह | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०—४ वर्षसम्म | ० | २६४७ | ५८६५ | ७.४८ |
| २ | ५-९ वर्षसम्म | ३८४४ | ३१२३ | ६९६७ | ८.८९ |
| ३ | १०—१५ वर्षसम्म | ३७७५ | ३३६६ | ७१४१ | ९.११ |
| ४ | १५- १९ वर्षसम्म | ३९०० | ३९४० | ७८४० | १०.०० |
| ५ | २०—२४ वर्षसम्म | ३०८३ | ४०४६ | ७१२९ | ९.०९ |
| ६ | २५—२९ वर्षसम्म | २६९९ | ४२६५ | ६९६४ | ८.८८ |
| ७ | ३०—३४ वर्षसम्म | २५२८ | ३९८४ | ६५१२ | ८.३१ |
| ८ | ३५— ३९ वर्षसम्म | २४६९ | ३७६६ | ६२३५ | ७.९५ |
| ९ | ४०—४४ वर्षसम्म | २२९१ | २९०९ | ५२०० | ६.६३ |
| १० | ४५—४९ वर्षसम्म | १७८६ | २१२६ | ३९१२ | ४.९९ |
| ११ | ५०—५४ वर्षसम्म | १७३५ | २०९३ | ३८२८ | ४.८८ |
| १२ | ५५—५९ वर्षसम्म | १३५० | १५३१ | २८८१ | ३.६८ |
| १३ | ६०—६४ वर्षसम्म | १२१८ | १४२७ | २६४५ | ३.३७ |
| १४ | ६५—६९ वर्षसम्म | ९७८ | १०२० | १९९८ | २.५५ |
| १५ | ७०—७४ वर्षसम्म | ६९७ | ८२० | १५१७ | १.९४ |
| १६ | ७५—७९ वर्षसम्म | ४३७ | ४९६ | ९३३ | १.१९ |
| १७ | ८०—८४ वर्षसम्म | २५६ | २३६ | ४९२ | ०.६३ |
| १८ | ८५—८९ वर्षसम्म | १०४ | ९६ | २०० | ०.२६ |
| १९ | ९०—९४ वर्षसम्म | ५३ | ३९ | ९२ | ०.१२ |
| २० | ९५ वर्ष र सो भन्दा माथि | २० | २२ | ४२ | ०.०५ |
| जम्मा | | **३६४४१** | **४१९५२** | **७८३९३** | **१००** |

स्रोत राष्ट्रिय जनगणना २०७८

### ३) अपाङ्गताको प्रकारको आधारमा जनसङ्ख्याको विवरण

यस सैनामैना नगरपालिकाको कूल जनसङ्ख्याको १.९% अर्थात १३८३ जना अपागङ्ता भएका व्यक्ति रहेका छन् । जसमा महिला १.७% छ भने पुरुष २.३% रहेको छ । अपागङ्ताको प्रकार अनुसार सबैभन्दा धेरै शारीरिक अपागङ्ता भएका ३७.४% रहेका छन् । अपागङ्ताका आधारमा जनसङ्ख्या विवरण देहायबमोजिम रहेको छ ।

*तालिका ५:१.५ ,उमेर अनुसार जनसङ्ख्या विवरण*

| | अपाङ्गताको प्रकार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | शारीरिक | ३३८ | २२८ | ५६६ |
| २ | **दृष्टि सम्बन्धी** | **१४३** | **१७१** | **३१४** |
| | न्यूनदृष्टि | १२२ | १४५ | २६७ |
| | दृष्टिविहीन | २१ | २६ | ४७ |
| ३ | **सुनाइ सम्बन्धी** | **१०८** | **११०** | **२१८** |
| | बहिरोपन | ५२ | ५१ | १०३ |
| | न्यून श्रवणशक्ति | ५६ | ५९ | ११५ |
| ४ | **मनोसामाजिक** | **११३** | **९३** | **२०६** |
| | मनोसामाजिक | ५० | ३९ | ८९ |
| | मानसिक | ६३ | ५४ | ११७ |
| ५ | सुनाइ र दृष्टिविहीनता | ७ | ८ | १५ |
| ६ | बौद्धिक अपाङ्ग | २४ | २३ | ४७ |
| ७ | हेमोफेलिया | ६ | ३ | ९ |
| ८ | अटिजम | ४ | ४ | ८ |
| ९ | स्वर बोलाइ सम्बन्धी | ० | ० | ० |
| १० | बहु अपाङ्गता | ७३ | ५७ | १३० |
| | जम्मा | ८१६ | ६७९ | १५१३ |

स्रोत:राष्ट्रिय जनगणना २०७८

## ४) जातजातिको प्रकारको आधारमा जनसङ्ख्याको विवरण

यस सैनामैना पालिकामा मुख्यतय जातजाति अनुसार जनसङ्ख्याको विवरण हेर्दा बाहुन, क्षेत्री, मगर, थारु, विश्वकर्मा, परियार ठकुरी, नेवार, मिजार, गुरूङ्ग, मुसलमान, यादव, जस्ता जातिहरूको बसोबास छ । सबैभन्दा बढी ब्रह्माण पहाडी ३४.०८ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून पथ्थरकट्टा, थकाली र लिम्बु समुदायको बसोबास रहेको देखिन्छ । जातजाति अनुसार जनसङ्ख्या विवरण देहाय बमोजिम रहेको छ ।

*तालिका ६: १.६,नगरपालिकाको जातजाति अनुसार जनसङ्ख्या विवरण*

| सङ्ख्या | जातजाति | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | |
| | जम्मा | ७८३९३ | ३६४४१ | ४१९५२ | १००.०० |
| १ | क्षेत्री | ९६२९ | ४३०२ | ५३२७ | १२.२८ |
| २ | ब्रह्माण पहाडी | २६७१८ | १२६२० | १४०९८ | ३४.०८ |
| ३ | मगर | १३७६६ | ६०९३ | ७६७३ | १७.५६ |
| ४ | थारू | ११५३४ | ५५९३ | ५९४१ | १४.७१ |
| ५ | तामाङ | ६३ | २४ | ३९ | ०.०८ |
| ६ | नेवार | ११८६ | ५७३ | ६१३ | १.५१ |
| ७ | विश्वकर्मा | ५८८४ | २६५५ | ३२२९ | ७.५१ |
| ८ | मुसलमान | १५८ | ८६ | ७२ | ०.२० |
| ९ | यादव | २९२ | १५४ | १३८ | ०.३७ |
| १० | राई | ५४ | २७ | २७ | ०.०७ |
| ११ | गुरूङ | ४८६ | २०९ | २७७ | ०.६२ |
| १२ | परियार | २३३२ | १०५३ | १२७९ | २.९७ |
| १३ | ठकुरी | १०५१ | ४६९ | ५८२ | १.३४ |
| १४ | लिम्बु | १३ | ६ | ७ | ०.०२ |
| १५ | मिजार | १४११ | ६५४ | ७५७ | १.८० |
| १६ | हरिजन | १४५ | ८० | ६५ | ०.१८ |
| १७ | कोइरी | १०० | ५५ | ४५ | ०.१३ |
| १८ | मुसहर | १३१ | ७१ | ६० | ०.१७ |
| १९ | कुर्मी | ४७ | २४ | २३ | ०.०६ |
| २० | सन्यासी दशनामी | ४७३ | २२३ | २५० | ०.६० |
| २१ | दुसाद पासवान | ५८ | ३० | २८ | ०.०७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | मल्लाह | ७६४ | ३८५ | ३७९ | ०.९७ |
| २३ | केवट | ११५ | ५८ | ५७ | ०.१५ |
| २४ | खतबनीया | ४४ | २३ | २१ | ०.०६ |
| २५ | ब्रह्माण तराई | ३१८ | १५१ | १६७ | ०.४१ |
| २६ | कलवार | २५ | १६ | ९ | ०.०३ |
| २७ | कानु | २० | ११ | ९ | ०.०३ |
| २८ | कुमाल | ५०० | २४६ | २५४ | ०.६४ |
| २९ | घर्ती | ५२ | २१ | ३१ | ०.०७ |
| ३० | हजाम, ठाकुर | ८१ | ४२ | ३९ | ०.१० |
| ३१ | लोहार | २६ | १५ | ११ | ०.०३ |
| ३२ | माझी | ४३ | २० | २३ | ०.०५ |
| ३३ | सोनार | १५८ | ७४ | ८४ | ०.२० |
| ३४ | सुनुवार | १९७ | ९७ | १०० | ०.२५ |
| ३५ | लोध | ९६ | ५२ | ४४ | ०.१२ |
| ३६ | थकाली | १३ | ८ | ५ | ०.०२ |
| ३७ | छन्त्याल | ३१ | १५ | १६ | ०.०४ |
| ३८ | बोटे | २१ | १० | ११ | ०.०३ |
| ३९ | गाइने | ९१ | ४५ | ४६ | ०.१२ |
| ४० | पथ्थर कट्टा | १९ | ९ | १० | ०.०२ |
| ४२ | पुन | २३ | १२ | ११ | ०.०३ |
| ४३ | बानिया | ३७ | २२ | १५ | ०.०५ |
| ४४ | अन्य | ७७ | ४० | ३७ | ०.१० |
| ४५ | विदेशी | १११ | ६८ | ४३ | ०.१४ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## ग ) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

यस सैनामैना नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण गर्दा मुख्यत बाहुन, क्षेत्री, मगर, थारु, विश्वकर्मा, परियार, ठकुरी, नेवार, मिजार, गुरूङ्ग, मुसलमान, यादव जस्ता जातिहरूको बसोबास छ । सबै जातजातिहरूले आफ्नो परम्परा अनुसारका धर्म रीतिरिवाज र संस्कृति मान्दछन् । जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक फरक पाइन्छ । विवाह, भोज, व्रतबन्ध, मृत्यु जस्ता सामाजिक कार्यमा यहाँका मानिसहरू आफ्नै रीति र संस्कार अनुसार मान्ने गरेका छन् । यहाँ विशेषत दशैं, तिहार, होल्सार, इद, छठ, माघी, बडका आइतबार, मगर एकता दिवस तथा अन्य चाडहरू मान्नुका साथै धार्मिक

विविधता भएता पनि एक आपसमा घुलमिल भइ बस्ने गरेका छन् । यस पालिकामा जातीय हिसाबले ब्रह्माण समुदायको बाहुल्यता रहेको छ । जुन कूल जनसङ्ख्याको ३४.०८ प्रतिशत रहेको छ ।

*तालिका ७:१.७, धर्मको अनुसार सङ्ख्याको विवरण*

| सी.नं | धर्मको नाम | पुरूष | महिला | अन्य | Total | Percentage | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| १ | हिन्दु | ३४४०५ | ३९६१७ | ० | ७४०२२ | ९४.४२ | |
| २ | बौद्ध | १०४५ | १२७० | ० | २३१५ | २.९५ | |
| ३ | इस्लाम | १०० | ७९ | ० | १७९ | ०.२३ | |
| ४ | किराँत | २ | १ | ० | ३ | ०.०० | |
| ५ | क्रिस्चियन | २६२ | ३२८ | ० | ५९० | ०.७५ | |
| ६ | प्रकृति | ६०० | ६२४ | ० | १२२४ | १.५६ | |
| ७ | वन | २७ | ३३ | ० | ६० | ०.०८ | |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## घ) आर्थिक अवस्थाको विश्लेषण (कृषि, उद्योग, पर्यटन आदि)

यस नगरपालिकामा कूल जनसङ्ख्या ७८,३९३ मध्ये राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष भन्दा माथिको जनसङ्ख्या ६५५६१ रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष भन्दा माथिका आर्थिक रूपमा सक्रिय रहेका व्यक्तिहरूको आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था अनुसार ६७.३% (२६१७५) जनसङ्ख्या आर्थिक रूपले सक्रिय रोजगारीमा रहेका छन् भने ३२.७% (१२७३०) जनसङ्ख्या आर्थिक हिसाबले प्रायः निष्क्रिय रहेको देखिएको छ । आर्थिक रूपले सक्रिय र निष्क्रिय रहेको जनसङ्ख्याको अवस्थालाई मध्यनजर गरी नगरको बेरोजगारी दर घटाउन जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिममा जोड दिँदै शिक्षायोजना माफर्त सम्बोधन गर्न शिक्षा योजनामा सोहि लक्ष्य तथा उद्देश्य निर्धारण गर्नुपर्ने देखिन्छ । यस अवस्थामा नगरले विद्यालय तहदेखि नगरपालिकाका सम्भावित विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्यमशीलतासँग जोड्नका लागि **पढ्दै कमाउँदै सिक्दै कार्यक्रम** प्रर्वधन गरिने कुरा शिक्षा योजना मार्फत लैजानुपर्ने देखिन्छ । व्यवसायिक हिसाबले कृषिफर्म, तरकारी खेती, बाख्रापालन, भैंसी पालन, कुखुरा पालन, बङ्गुर पालन, मौरीपालन, नगरपालिकामा दर्ता रही सञ्चालनमा रहेका छन् । कृषिको अलावा यस सैनामैना नगरपालिकाको अर्को मुख्य पेसा भनेको उद्योग तथा व्यापार रहेको छ ।

## ङ ) शैक्षिक अवस्थाको विश्लेषण

यस नगरपालिकाको साक्षरताको अवस्था राष्ट्रिय जनगणना,२०७८ को तथ्याङ्क अनुसार, ८४.९% जनसङ्ख्या साक्षर रहेको छ । कूल साक्षर जनसङ्ख्या मध्ये ९०.९% पुरुष र ७९.८% महिला रहेको साक्षर रहेको देखिन्छ। कूल जनसङ्ख्याको १४.७% (११५२४) लेख्न पढन नसक्ने निरक्षर रहेका छन् । राष्ट्रिय जनगणना २०७८को तथ्याङ्क अनुसार यस नगरपालिकामा ५ वर्ष भन्दा माथिको साक्षर कूल ६१५०३ जनसङ्ख्या मध्ये १.७% (१०३०) जनाले स्नाकोत्तर र ४.१% (२५०३) जनाले मात्र स्नातक सम्मको विश्वविद्यालयको शिक्षा हासिल गरेका छन् । त्यसै गरी १४.६% (८९५९) जनाले +२ सम्मको र ११.१% (६८२४) एस एल सी सम्मको शिक्षा हासिल गरेका छन् ।

*तालिका ८: १.८, पाँच वर्षभन्दा माथिको साक्षरताको विवरण*

| साक्षरताको प्रकार | | पढ्न र लेख्न दुवै जानेको | | | पढ्न मात्र जानेका | | | पढ्न र लेख्न दुवै नजानेको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७८ | विवरण | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| | सङ्ख्या | ३०१९२ | ३१३८४ | ६१५७६ | २७४ | १८१ | ४५५ | २९२८ | ७७२७ | १०६५५ |
| | प्रतिशत | ९७.८ | ९०.९ | ८४.९ | ०.५ | ०.३ | ०.४ | १९.७ | ८.८ | १४.७ |
| २०६८ | सङ्ख्या | १६०३० | १५९७८ | ३२००८ | ६३२ | ५०० | ११३२ | ५७२७ | २०५४ | ७७८१ |
| | प्रतिशत | ७१.५४ | ८७.१९ | ७९.३६ | २.८२ | २.७ | २.७६ | २५.५६ | ११.०८ | १८.३२ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

*तालिका ९: १.९, पाँच वर्षभन्दा माथिको साक्षरताको विवरण*

**५ वर्ष वा सोभन्दा माथिका व्यक्तिले शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसङ्ख्या**

| क स | तह | उत्तीर्ण सङ्ख्या |
|---|---|---|
| १ | पूर्व बालविकास | २७९५ |
| २ | प्राथमिक तह | १४९८० |
| ३ | निम्न माध्यमिक तह | १२५३१ |
| ४ | उच्च माध्यमिक तह | १०३४७ |
| ५ | एसएलसी | ६८२४ |
| ६ | प्रवीणता प्रमाण पत्र तह | ८९५९ |
| ७ | स्नातक तह | २५०३ |
| ८ | स्नाकोत्तर सरह वा सोभन्दा बढी | १०३० |
| ९ | अन्य | ७१ |

श्रोत राष्ट्रिय जनगणना, २०७८

*तालिका १०:१.१०, नगरपालिकाका शैक्षिक तहको विवरण*

| क्र.सं. | तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | आधारभूत तह १-३ सञ्चालित | ० | १ | १ |
| २ | आधारभूत तह १-५ सञ्चालित | २ | २ | ४ |
| ३ | आधारभूत तह १-८ सञ्चालित | ३ | ४ | ७ |
| ४ | माध्यमिक तह १-१० सञ्चालित | ७ | ८ | १५ |
| ५ | माध्यमिक तह १-१२ सञ्चालित | ६ | ३ | ९ |
| | जम्मा विद्यालय | १८ | १८ | ३७ |
| ६ | बाल विकास केन्द्र | ३९ | १८ | ५७ |
| ७ | सामुदायिक सिकाइ केन्द्र | १ | ० | १ |
| ९ | क्याम्पस | २ | ० | २ |
| १० | महिला विद्यालय (सामुदायिक सिकाइ केन्द्रद्वारा सञ्चालन ) | १ | ० | १ |
| ११ | परम्परागत विद्यालय | १ | ० | १ |
| १० | प्राविधिक कक्षा सञ्चालित विद्यालय | १ | ० | १ |

**स्रोत EMIS तथ्याङ्क २०८१**

माथि उल्लेखित तालिकामा सामुदायिक विद्यालय १७ संस्थागत विद्यालय १७ र परम्परागत १, महिला विद्यालय १ गरी जम्मा ३६ विद्यालय रहेको देखिन्छ । बालविकास केन्द्र ५७ र सामुदायिक सिकाइकेन्द्र १ रहेका छन् ।

*तालिका ११:१.११,वडागत सामुदायिक विद्यालय विबरण*

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा ११–१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १ | ० | २ | ० | ० | ० | २ | ० |
| २ | १ | ० | १ | ० | ० | ० | ० |
| ३ | १ | ० | ० | १ | ० | ० | ० |
| ४ | ० | १ | ० | ० | ० | १ | ० |
| ५ | ० | २ | ० | ० | २ | ० | ० |
| ६. | ० | २ | ० | ० | ० | २ | ० |
| ७. | ० | २ | ० | ० | २ | ० | ० |
| ८. | ० | १ | ० | ० | १ | ० | ० |
| ९. | ० | ० | ० | ० | ० | ० | ० |

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १—५ | कक्षा १—८ | कक्षा १—१० | कक्षा ११—१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १०. | ० | २ | १ | ० | १ | १ | १ |
| ११. | २ | १ | ० | १ | १ | ० | ० |
| जम्मा | ४ | १३ | २ | २ | ७ | ६ | १ |

श्रोत EMIS तथ्याङ्क २०८१

*तालिका १२:१.१२,वडागत संस्थागत विद्यालय विवरण*

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १—५ | कक्षा १—८ | कक्षा १—१० | कक्षा ११—१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|
| १ | १ | १ | १ | ० | १ | ० | ० |
| २ | ० | १ | ० | ० | ० | १ | ० |
| ३ | ० | २ | ० | ० | १ | १ | ० |
| ४ | ० | २ | ० | ० | १ | १ | ० |
| ५ | ३ | ० | १ | २ | ० | ० | ० |
| ६ | २ | ० | १ | १ | ० | ० | ० |
| ७ | ० | १ | ० | ० | १ | ० | ० |
| ८ | ० | २ | ० | ० | २ | ० | ० |
| ९ | १ | ० | १ | ० | ० | ० | ० |
| १० | १ | १ | ० | १ | १ | ० | ० |
| ११ | १ | ० | ० | १ | १ | ० | ० |
| जम्मा | ९ | १० | १ | ५ | ८ | ३ | ० |

स्रोत EMIS तथ्याङ्क २०८१

*तालिका १३:१.१३, वडागत धार्मिक विद्यालय विवरण*

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १—५ | कक्षा ६—८ | कक्षा १—१० | कक्षा १—१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | १ | ० | ० | ० |
| जम्मा | ० | ० | ० | १ | ० | ० | ० |

स्रोत EMIS तथ्याङ्क २०८१

सैनामैना नगरपालिकाका विद्यालयहरूमध्ये वडागत रूपमा सामुदायिकतर्फ कक्षा १-५ सञ्चालित २, कक्षा १-८ सञ्चालित २ कक्षा १-१० सञ्चालित ७, कक्षा १-१२ सञ्चालित ६ विद्यालय गरी जम्मा १७ विद्यालय रहेका छन् । कक्षा १-१२ सञ्चालित सामुदायिक विद्यालयमा हाल इलेक्ट्रिकलतर्फको कक्षा ९-१० सम्मको प्राविधिक धार १विद्यालयसमेत रहेको छ । त्यस्तै गरी संस्थागततर्फ कक्षा १-५ सञ्चालित २, कक्षा १-८ सञ्चालित ६, कक्षा १-१० सञ्चालित ८ विद्यालय, कक्षा १-१२ सञ्चालित ३ गरी जम्मा १९ रहेका छन् । त्यसै गरी परम्परागततर्फ कक्षा ६-८ सञ्चालित १ र सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालित १ महिला विद्यालय पनि रहेको छ । यस नगरपालिकामा सामुदायिकतर्फ १७ संस्थागततर्फ १९ र धार्मिकतर्फ १ गरी जम्मा ३७ शैक्षिक संस्था रहेका छन्।

*तालिका १४:१.१४,तह अनुसार विद्यालय गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८१*

| | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१२ |
|---|---|---|---|---|
| सामुदायिक | १४०७ | ३३२१ | २८२३ | ३६५५ |
| संस्थागत | ३२५६ | ६०३४ | २४५६ | १२१९ |
| धार्मिक | ० | ० | १७ | ० |
| जम्मा | ४६६३ | ९३५५ | ५२९६ | ४८७४ |
| कूल जम्मा | २४१८८ | | | |

**स्रोत EMIS तथ्याङ्क २०८१**

*तालिका १५:१.१५,संस्थागत र सामुदायिक विद्यालय गइरहेका वालवालिकाहरूको जम्मा सङ्ख्या २०८१*

| विद्यालय | जम्मा |
|---|---|
| सामुदायिक | ११२०६ |
| संस्थागत | १२९६५ |
| धार्मिक | १७ |
| जम्मा | २४१८८ |

**स्रोत EMIS तथ्याङ्क २०८१**

IEMIS २०८१ अनुसार बालविकासतर्फ ४६६३, कक्षा १- ५मा ९३५५, कक्षा ६- ८ मा ५२९६ र कक्षा ९-१२ मा जम्मा ४८७४ गरी बालविकासदेखि कक्षा १२ सम्म कूल विद्यार्थी सङ्ख्या २४१८८ रहेको छ । IEMIS २०८१ अनुसार सामुदायिक विद्यालयतर्फ बालविकासमा १४०७, कक्षा १- ५ मा ३३२१, कक्षा ६- ८ मा २८४० र कक्षा ९-१२ मा जम्मा ३६५५ गरी बालविकासदेखि कक्षा १२ सम्म कूल विद्यार्थी सङ्ख्या ११२०६ अध्ययन गरिरहेका छन् । त्यसै गरी संस्थागत विद्यालयतर्फ बालविकासमा ३२५६, कक्षा १- ५ मा ६०३४, कक्षा ६- ८ मा २४५६ र कक्षा ९-१२ मा१२१९ गरी १२९६५ अध्ययन गरिरहेका छन् ।

यस नगरपालिकामा रहेको सामुदायिक, संस्थागत र धार्मिक शैक्षिक संस्थाको विद्यार्थीको भर्नादरको विश्लेषण गर्ने हो भने तुलनात्मक हिसाबले सामुदायिक शैक्षिक संस्थाहरूमा विद्यार्थी भर्नादर उल्लेख्यनीय रहेको छ । यस पालिकाको विद्यार्थी भर्नाको विश्लेषण गर्दा प्रारम्भिक स्तर ( १-३ )मा संस्थागत विद्यालयमा विद्यार्थी सङ्ख्या बढी भएको देखिन्छ भने आधारभूत र माध्यमिक तहमा सामुदायिक विद्यालयमा अभिभावकको आकर्षण रहेको देखिन्छ ।

आधारभूत तह कक्षा १—३ को पाठ्यक्रमले निर्धारण गरेको सक्षमताको पहिलो सक्षमता सामान्य भाषिक सिप विकास गर्ने रहेको छ । भाषाका चार सिप सुनाइ,बोलाइ,पढाइ र लेखाइ हुन् बालबालिका तीन वर्ष पूरा भइ

चार वर्ष प्रवेश पश्चात विद्यालमा भर्ना हुन्छन् । पाँच वर्षको उमेरसम्ममा बालबालिकाहरू भाषाका सिप सुनाइ र बोलाइमा सक्षम हुन्छन् । यी प्राकृतकि भाषिक सिप भएकाले वृत्ति र विकासमा धेरै लगानी आवश्यक हुँदैन । पढाइ सिप विकास गर्नु बालबालकिलाई अक्षर चिनाउनु,शब्द र वाक्य पढ्न सक्षम बनाउनु आधारभूत तह कक्षा १—३ को पाठ्यक्रमको उद्देश्य रहेको छ ।

यस नगरपालिकामा सञ्चालित विद्यालयहरूमा आधारभूत तहको सिकाइ उपलब्धि संस्थागत विद्यालयको राम्रो भएकाले तुलनात्मक रूपमा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयप्रति अभिभावकको आकर्षण बढेको पाइन्छ । त्यसै गरी माध्यमिकतर्फ पनि सामुदायिक विद्यालयमा अभिभावकहरुको आकर्षण बढिरहेको छ । यसरी आधारभूत तहमा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा अभिभावको आकर्षण बढ्नु यस नगरपालिमा रहेको सामुदायिक विद्यालयको लागि चुनौती बन्दै गएको छ । आधारभूत तहमा सामुदायिक विद्यालयहरूमा विशेषतः सामाजिक,आर्थिक अवस्था कमजोर भएका अभिभावकका बालबालिकाहरूको बाहुल्यता देखिन्छ । आर्थिक रूपले विपन्न वर्गका अभिभावकहरूको चेतना स्तर विकास नभएसम्म समाज र विद्यालयको उन्नतिमा टेवा पुग्न सक्दैन । विद्यार्थीसँगै विद्यालय नजिकको समाज सचेत बनाउने जिम्मेवारी पनि विद्यालयकै हुने भएकोले अभिभावक लक्षित कार्यक्रमहरूलाई प्राथमिकता दिन आवश्यक रहेको छ ।

आधारभूत तह १—३ र १—५ को शिक्षाको पहिलो आधारभूत जग हो । बालबालिकाको यो तहको शिक्षाको जग राम्रो र मजबुत बनाउन सकियो भने माथिल्लो तहको शिक्षा स्वतः राम्रो हुने भएकाले गर्दा आधारभूत तह १—३ र १—५ को शिक्षा नगरपालिकाले पहिलो प्रथमिकतामा राखेर अगाडि जानुपर्ने देखिन्छ । नगरपालिकामा व्यापारी, कर्मचारी, शिक्षक जनप्रतिनिधिहरूका सन्तानहरू प्रायः नगरपालिका भित्रका संस्थागत विद्यालयहरूमा भर्ना भएको देखिन्छ । आधारभूत तह कक्षा ६—८ र माध्यमिक तह ९—१२ मा संस्थागत विद्यालयहरूको भन्दा सामुदायिक विद्यालयहरूको विद्यार्थी भर्ना दर बढिरहेको पाइन्छ । यो अवस्थालाई विश्लेषण गर्दा प्रारम्भिक शिक्षा १ देखि ३ र आधारभूत शिक्षा ४ र ५ लाई गुणस्तरीय बनाउन सामुदायिक विद्यालयको अर्को चुनौती थपिएको छ ।सामुदायिक विद्यालय आधारभूत तहमा अभिभावकहरूको विद्यालय शिक्षाप्रतिको सोंचमा परिवर्तन गर्न बालबालिका कसरी हुर्काउने, अभिभावहरूले गर्नुपर्ने असल व्यवहार, अभिभावकको नकारात्मक व्यवहारबाट विद्यार्थीमा पर्न सक्ने शारीरिक मानसिक विकासमा अवरोध जस्ता विषयमा अभिभावकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । परिवार बालबालिकाको पहिलो पाठशाला हो, सामाजिक,सांस्कृतिक र संस्कारका कुराहरू बालबालिकाले परिवारबाट सिक्ने गर्दछन् । बालबालिकालाई पालनपोषण कसरी गर्ने,बालबालिकासँग कस्तो व्यवहार गर्ने कुन, कुन परिस्थितिमा बच्चाको निगरानी गर्ने जस्ता विषयहरूमा अभिभावक शिक्षा दिनु आवश्यक रहेको छ ।

सामुदायिक विद्यालय शिक्षामा गुणस्तर र सान्दर्भिकता सुधार गरी विद्यालय छोड्ने दरमा कमी र टिकाउ दरमा वृद्धि, छात्राहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि, सैनामैना नगरपालिका स्तरमै आवश्यक दक्ष जनशक्तिको उत्पादनमा वृद्धि, लगायतका विषयलाई शिक्षा योजनामा प्राथमिकतामा राखी कार्यान्वयन गर्ने दृढ सङ्कल्प गरेको छ ।

*तालिका १६:१.१६,विद्यालयमा अध्ययनरत जनजाति दलित र अन्य विद्यार्थीहरूको सङ्ख्या विवरण:शैक्षिक सत्र:-२०८१*

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ECD | ३३२ | ३८७ | ७६१ | ८४४ | ९४२ | १३९७ | ३ | ३ |
| १ | १४१ | १७२ | ३३१ | ४०५ | ५१२ | ५८९ | ३ | १ |
| २ | १३० | १३५ | २३० | ३२३ | ३६९ | ४६५ | १ | ६ |
| ३ | ११२ | १५८ | २७१ | ३३० | ३७९ | ५३२ | ३ | १ |
| ४ | १५२ | १६६ | ४१० | ३४४ | ३२९ | ५०६ | ४ | ३ |
| ५ | १३८ | १३८ | २९९ | ३६९ | ४१३ | ५०७ | २ | ५ |
| ६ | १३१ | १६९ | २८४ | ३४० | ३८० | ५३१ | ५ | ७ |
| ७ | १४० | १४२ | ३०० | २९० | ३७५ | ४९८ | ५ | ४ |
| ८ | १३५ | १४३ | २४३ | ३१० | ३८३ | ५०२ | २ | ७ |
| ९ | १०० | १२१ | २९१ | ३११ | ४१३ | ४४७ | ३ | १ |
| १० | १३४ | १३९ | २८३ | २७१ | ३८६ | ४३७ | ४ | २ |
| ११ | ३७ | ३२ | ९७ | ७९ | ९६ | ६२ | ३ | १ |
| १२ | ११२ | ९० | २१७ | १७३ | २३८ | ३०८ | १ | १ |
| जम्मा | १७९४ | १९९२ | ४०१७ | ४३८९ | ५२१५ | ६७८१ | ३९ | ४२ |

**स्रोत सैनामैना EMIS तथ्याङ्क २०८१**

सैनामैना नगरपालिकाको शिक्षामा समावेशी पहुँचको अवस्थालाई विश्लेषण गर्दा दलित, जनजाति छात्र, छात्राको भर्नादरमा उल्लेखनीय देखिन्छ । जसमा दलित ३७८६ र जनजाति ८४०६ र अन्य ११९९६ छात्र, छात्रा विद्यालय शिक्षाको पहुँचमा देखिन्छन् । यो अवस्था हेर्दा जम्मा विद्यार्थी सङ्ख्याको १५.६५ प्रतिशत दलित र ३४.७५ प्रतिशत जनजाति र अन्य समुदायको ४९.५९ प्रतिशत बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचमा रहेका छन् । जसमा ८१ जना विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरू रहेको तथ्याङ्कमा देखिन्छ ।

*तालिका १७:१.१७,सामुदायिक विद्यालयको शिक्षक दरबन्दी विवरण २०८१*

| क्रसं | दरबन्दी | | | | आन्तरिक स्रोत अनुदान | संघीय अनुदान | प्राविधिक | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | तह | स्थायी | राहत | जम्मा | | | | |
| १ | बालविकास सहजकर्ता | | | | | ३९ | | ३९ |
| २ | आधारभूत १-५ | ११८ | १८ | १३६ | ० | ० | | १३६ |
| ३ | आधारभूत ६-८ | २१ | ३५ | ५६ | ० | २अ | २ | ६० |
| ४ | माध्यमिक ९-१० | २४ | १२ | ३६ | ० | १६ | २ | ५४ |
| ५ | माध्यमिक ११-१२ | | ६ | | ० | ४ | ४ | १४ |
| | कूल जम्मा | १६३ | ७१ | २३४ | ० | ६१ | ८ | ३०३ |

स्रोत सैनामैना शैक्षिक प्रोफाइल २०८०

## च) सैनामैना नगरपालिकाले शैक्षिक क्षेत्रमा गरेका असल अभ्यासहरू

१) एक शिक्षक एक ल्यापटप अन्तर्गत १६० जना शिक्षकलाई २५ प्रतिशत लागत साझेदारीमा ल्यापटप उपलब्ध गराइएको सबै सामुदायिक विद्यालयमा कक्षा ३ सम्म बालमैत्री कक्षा व्यवस्थापन गरिएको

२) मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ९३ थान प्रोजेक्टर र २ थान ल्यापटप वितरण गरिएको

३) १७ वटै विद्यालयका प्रारम्भिक बाल विकास कक्षामा ४३ इन्चको एन्ड्रोएड टि.भी. जडान गरिएको

४) सबै सामुदायिक विद्यालयमा निर्धारित रङकोड अनुसार रङरोगन गरिएको

५) खेलसप्ताह सञ्चालन गरी एथलेटिक्स, क्रिकेट,भलिबल र फुटबल खेलहरू सञ्चालन गरी प्रतिभावान खेलाडीलाई प्रदेश तथा राष्ट्रिय खेलमा सहभागी गराइएको ।

६) विद्यालयको गुणस्तर सुधारको लागि नगरपालिकाले शैक्षिक गुणस्तर परीक्षण गराइ त्यसको आधारमा विद्यालयलाई प्रोत्साहन अनुदान उपलब्ध गराइएको ।

७) बेरोजगारी नियन्त्रण गर्न तथा स्वरोजगार भइ समृद्ध सैनामैना निर्माणको लागि युवाहरूलाई १८ महिने प्राविधिक तथा व्यावसायिक तालिममा सहभागी हुन छात्रवृत्ति उपब्ध गराइएको ।

८) सामुदायिक विद्यालयहरूलाई विगतका वर्षमा करिब २.५ करोड बराबरको सूचना प्रविधि सामग्री वितरण गरिएको ।

९) सबै शिक्षकहरूलाई ३० दिने (६० घण्टा) कम्प्युटर तालिम सञ्चालन गरिएको ।

१०) आधारभूत तथा माध्यमिक तहका ६० जना शिक्षकहरूलाई कार्यमूलक अनुसन्धान सम्बन्धी तालिम सञ्चालन गरिएको ।

११) कक्षा ११ र १२ लाई दिवा समयमा सञ्चालन गरिएको।

१२) सबै सामुदायिक विद्यालयहरूलाई फ्रिज सहितको फिल्टर उपलब्ध गराइएको

१३) विद्यालयको दरबन्दी मिलान कार्य सम्पन्न

१४) सामुदायिक विद्यालयलाई यातायातका लागि बस खरिद अनुदान उपलब्ध गराइएको ।

१५) विद्यालयस्तरको पढाइ पूरा गर्न नसकेका दिदी बहिनीहरूका लागि महिला विद्यालय सञ्चालन गरिएको ।

१६) विद्यालयमा दिइने खाजामा ५ रूपियाँले वृद्धि गरिएको ।

## १.३ नगरपालिकाको शैक्षिक समस्या, चुनौती तथा अवसरको (SWOT) विश्लेषण

### १.३.१) सबल पक्ष

१) शिक्षामा स्थानीय तहको संलग्नता र स्वामित्वमा सक्रियता रहनु,

२) विपन्न विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिनु,

३) प्राविधिक शिक्षा र व्यावसायिक तालिमको प्रवर्धन गरिनु ,

४) अभिभावक र समुदायको संलग्नता विद्यालयप्रति रहनु ,

५) विद्यार्थीहरूको नियमित उपस्थितिका लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनु,

६) भौतिक पूर्वाधारहरूमा सबल हुँदै जानु,

७) प्राविधिक र डिजिटल शिक्षामा वृद्धि गरिनु,

८) शिक्षकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनु,

९) दिवाखाजामा लागत साझेदारी गरिनु,

१०) विद्यालयका प्र.अ. हरूको बैठक तथा शैक्षिक अन्तरक्रिया गरिनु,

११) अधिकांश विद्यालयहरूको यातायातको साधनमा पहुँच पुग्नु,

१२) अङ्ग्रेजी माध्यमबाट पठनपाठनको सुरूवात हुनु,

१३) विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुग्नु ।

### १.३.२) सुधार गर्नु पर्ने पक्ष

१. सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १ देखि ५ कक्षासम्म अभिभावकहरूको आकर्षण कम हुनु ।

२. सामाजिक उत्तरदायित्वको अभाव ।

३. शिक्षकलाई कार्यक्षमताको अधारमा पुरस्कार र दण्डको कमी हुनु ।

४. शिक्षालाई सिप तथा रोजगारसँग जोड्न नसकिनु।

५. स्थानीय पाठ्यक्रम विकास गर्न नसकिनु ।

६. पाठ्यक्रमको प्रबोधीकरणमा पर्याप्त नहुनु ।
७. विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षणमा कमी हुनु।
८. शिक्षक पेशागत सहायताका लागि आवश्यक संयन्त्रको विकास हुन नसक्नु ।
९. विद्यालयमा प्रशासनिक कार्य चुस्त दुरुस्त नहुनु ।
१०.शिक्षालाई पूर्ण प्रविधिमैत्री बनाउन नसकिनु ।
११.विद्यार्थी सिकाइ उपलव्धि अपेक्षाकृत रूपमा सुधार नहुनु।
१२.विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी न्यून रहनु ।
१३.पालिकामा स्थानीय शिक्षक दरबन्दी नहुनु ।
१४.विद्यालय पूर्णरूपमा अपाङ्गता मैत्री हुनु नसक्नु ।
१५.निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूलाई पूर्ण रूपमा नियमन गर्न नसकिनु ।
१६.पाठ्यक्रमले तोकेबमोजिम विद्यार्थीको सिकाइ मूल्याङ्कन हुन नसक्नु ।
१७.अभिलेखीकरण तथा उपचारात्मक शिक्षण प्रभावकारी रूपमा हुन नसक्नु ।
१८.अभिभावक शिक्षामा कमी हुनु ।
१९.अङ्ग्रेजी माध्यमबाटहुने पठनपाठनलाई प्रभावकरी बनाउन नसक्नु ।

### १.३.३) अवसरहरू

१. आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारभित्र रहनु,
२. विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैङ्गिक समता सूचकाङ्कहरूमा सुधार हुनु ,
३. समावेशी सहभागितामा वृद्धि हुनु,
४. सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु,
५. तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु ,
६. शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट सहभागिता, जिम्मेवारी र शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु,
७. शैक्षिक व्यवस्थापन योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,
८. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको विस्तार हुनु,
९. सामुदायिक विद्यालयमा विद्यार्थी हरूको आकर्षण बढ्नु ।

### १.३.४) चुनौतीहरू

१. विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्ण रूपमा गर्न.

२. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्न ।
३. शिक्षक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्न ।
४. शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवम् प्रविधिमा आधारित बनाउन।
५. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्न ।
६. कक्षा छाड्ने दर शून्यमा झार्नु र अपेक्षित सिकाइ उपलब्धि प्राप्ति गर्न ।
७. शिक्षाको गुणस्तर सुधार, सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्न ।
८. सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्न ।
९. शैक्षिक सुधारका लागि सरोकारवालाहरू बिच अपनत्व सिर्जना गर्न ।
१०. शिक्षक तथा शिक्षा क्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्न ।
११. विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्न ।
१२. सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्न ।
१३. नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको विद्यालय शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न ।
१४. भौतिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन ।
१५. अपाङ्गता भएका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन ।
१६. माध्यमिक तहमा विज्ञान तथा प्राविधिक विषय सञ्चालन गर्न ।
१७. विद्यालय शिक्षालाई प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन ।
१८. विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्न ।
१९. जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अवलम्बन गर्न ।

### १.३.५) शैक्षिक समस्याका कारणहरू

१. नीतिगत अस्पष्टता,
२. पारम्परिक शिक्षण पद्धतिको अभ्यास ,
३. सम्बन्धित निकायद्वारा अनुगमन, मूल्याङ्कन र नियमनको कमी,
४. प्रयाप्त साधन स्रोतको अभाव,
५. शैक्षिक गुणस्तर वृद्धिका लागि गरिने क्रियाकलाप कम प्राथमिकतामा पर्नु ,

### १.३.६) समस्या समाधानका उपायहरू

१. स्थानीय तहमा विद्यालय शिक्षामा एकरूपता ल्याउनुपर्ने ,
२. अभिभावक शिक्षा अनिवार्य र नियमित गराउनुपर्ने,

३. कार्य सम्पादनका आधारमा पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गरिनुपर्ने,

४. प्राविधिक शिक्षालयको स्थापना गरी रोजगारमूलक शिक्षा सञ्चालनमा जोड दिनुपर्ने,

५. विद्यार्थीका लागि **पढ्दै कमाउँदै** जस्ता कार्यक्रमहरू ल्याउनुपर्ने ,

६. पाठ्यक्रम प्रारूपद्वारा निर्धारित मूल्याङ्कनका मापदण्डलाई पूर्ण रूपमा अवलम्बन गराउनु पर्ने ,

७. विद्यालय अनुगमन र नियमनलाई अनिवार्य र नियमित गराउनु पर्ने ,

८. विद्यार्थीको भाषिक पृष्ठभूमिलाई मध्यनजर गर्दै शिक्षण पाठ्यसामग्रीको विकास गराउनु पर्ने ,

९. पारम्परिक रैथाने सिपलाई पाठ्यक्रममा समावेश गराउनु पर्ने ,

१०. शैक्षिक सुशासन पूर्ण रूपमा कायम गर्नका लागि नीतिगत व्यवस्था गरिनुपर्ने

११. उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक बनाउनु पर्ने ,

१२. शिक्षामा पर्याप्त लगानी हुनुपर्ने ,

१३. निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूलाई नियमन गर्ने नीतिगत व्यवस्था गरिनुपर्ने,

१४. सामुदायिक विद्यालयका शिक्षकहरूलाई शिक्षकहरूको पेसागत विकास तालिम सञ्चालन गरिनुपर्ने,

१५.विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान गरिनुपर्ने,

१६.विद्यालयले भौतिक विस्तारका साथै शैक्षिक गुणस्तरमा बढी ध्यान दिनुपर्ने,

१७.विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास गरिनुपर्ने,

१८.विद्यालयलाई अपाङ्गता मैत्री बनाउनुपर्ने,

१९.विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र जिम्मेवारी हुनुपर्ने नीतिगत व्यवस्था गरिनुपर्ने,

२०.विपद र महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिनका लागि आवश्यक पूर्व तयारीको व्यवस्था गरिनुपर्ने ।

# परिच्छेद २, दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ सैनामैना नगरपालिका शिक्षा योजना निर्माण गर्दा लिइएको आधार

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रारम्भिक बालविकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा ,खुला शिक्षा तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीतिनिर्माण मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन मूल्याङ्कन गर्ने काम स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको उल्लेख गरेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाको दीर्घकालीन सोच "आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने" रहेको छ ।

मुलुक संघीय संरचनामा गइसके पश्चात नेपालको संविधानले प्रत्याभूत गरेका नागरिकका मौलिक हकको कार्यान्वयन, राष्ट्रले लिएका शिक्षाका लक्ष्य एवम् प्रतिबद्धताहरू, प्रदेश सरकारले लिएका शैक्षिक लक्ष्य तथा उद्देश्यहरू समेतको प्राप्तिका लागि योजना अपरिहार्य छ । यस अवस्थामा प्रदेश तथा स्थानीय तहले समेत सोही प्रकृतिका पाँच वा दशवर्षे शैक्षिक योजना निर्माण गर्ने जिम्मेवारी प्राप्त गरेका छन् । सैनामैना नगरपालिकाले पनि सङ्घीय सरकारको प्राप्त जिम्मेवारी बमोजिम पाँचवर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ । पाचँवर्षे शिक्षा क्षेत्र योजना निर्माणका लागि नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजमा भएका प्रावधानलाई आधार मानिएको छ । जुन निम्नानुसार रहेका छन् ।

### २.१.१ संवैधानिक प्रावधान

धारा ३१ मा भएको व्यवस्था

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

धारा ५१ राज्यका नीतिमा भएको व्यवस्था

(ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरेको छ ।

## २.१.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

दफा ११ (२) ज **(स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएको विद्यालयको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामाकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण

१९.स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०.माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१.सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन,विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२.शिक्षण सिकाइ,शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
२३.अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**दफा २४ योजना बनाइ कार्यान्वयन गर्ने**

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्नुपर्ने छ ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिइएको छ ।

- आर्थिक विकास तथा  गरीबी निवारण
- उत्पादनमूलक तथा छिटो प्रतिफल
- जनताको जीवनस्तर, आम्दानी र रोजगार
- स्थानीय बासिन्दाहरूको सहभागिता जुटाउने, स्वयम् सेवा परिचालन गर्ने तथा लागत कम गर्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग गर्ने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

**२.१.३ सङ्घ , प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी)**

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीय स्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ ।
- सङ्घ ले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ ।

## २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

**दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः**

१.स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने

२.चार वर्ष उमेर पूरा भए कम्तिमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नुपर्ने

३.दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने

- दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने
- दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने
- दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था
- दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा
- दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने
- पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था गर्ने ।

**साक्षरता कार्यक्रम सञ्चालन गर्ने (नियम ३)**

१.स्थानीय तहले निरक्षर नागरीकलाई साक्षर बनाउन आवश्यकताअनुसार  सामुदायिक सिकाइ केन्द्र, आधारभूत प्रौढ शिक्षा, परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम अवलम्बन गर्ने ।

२.आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधासहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ । (नियम ४)

**माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने (नियम ५)**

क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाइ शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम ।

**छात्रवृत्ति तथा विशेष व्यवस्था (नियम ६)**

(ब्रेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) ।

जनआन्दोलन, सशस्त्र सङ्घर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्वपीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेसनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ ।

## २.२.दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरू, रणनीति र कार्य सम्पादन सूचना

### २.२.१ दीर्घकालीन सोच

**समृद्ध सैनामैना नगरको आधार : गुणस्तरीय,प्राविधिक शिक्षा सहितको पूर्वाधार**

### २.२.२ लक्ष्य (Goal)

प्रत्येक नागरिकलाई निःशुल्क गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी शिक्षाको माध्यमबाट विश्वबजारमा समेत प्रतिस्पर्धा गर्न सक्ने स्वस्थ,दक्ष,सक्षम र सिपयुक्त,नवप्रवर्तनशील जनशक्तिको विकास गरी समृद्ध सैनामैना नगर विकास गर्ने ।

### २.२.३ प्रमुख उद्देश्यहरू

सैनामैना नगरपालिकाले सामना गर्नु परेका समस्या तथा चुनौतीहरूलाई सम्बोधन हुने गरी यस योजनाका उद्देश्य निर्धारण गरिएका छन् । यस सैनामैना नगरपालिकाकाको पञ्च वर्षीय शिक्षा योजनाको उद्देश्य निम्न अनुसार निर्धारण गरिएको छन् ।

१. सबै बालबालिकाको प्रारम्भिक बालविकास र विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. आधारभूत तहको शिक्षामा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षामा निःशुल्क कार्यान्वयन गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु ।
३. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
४. पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि हासिल गर्नु ।
५. विज्ञान प्रविधि तथा व्यवसायिक शिक्षामा सबै वर्गका बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु ।
६. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।
७. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।
८. शैक्षिक संस्थाहरूमा सुशासन प्रवर्धन गरी सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।
९. उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न आधार तयार गर्ने

## २.२.४ दीर्घकालीन रणनीतिहरू

| | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी शैक्षिक सेवामा पहुँच विस्तार गर्ने (उद्देश्य नं १) | १. समतामूलक र समावेशी शिक्षाका लागि बालबालिकाको तथ्याङ्क सङ्कलन गरी कक्षा छोड्ने, दोहोऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिका पहिचान र सोअनुरूप लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. नगरपालिका क्षेत्रभित्र रहेको प्रारम्भिक बालविकास र विद्यालयको नक्साङ्कनका आधारमा समायोजन तथा पुनर्वितरण गरी बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिनेछ ।<br>३. अभिभावक र सरोकारवाला निकायसँग सहकार्य गरी आवश्यक नीतिगत व्यवस्थामा सुधार ल्याई अनिवार्य तथा निःशुल्क आधारभूत र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गरिनेछ ।<br>४. सुरक्षित पूर्वाधार,बालमैत्री सिकाइ वातावरण साथै नीतिगत व्यवस्थाको सुनिश्चित गरी प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरिनेछ ।<br>५. सङ्घीय सरकारको दिवा खाजा कार्यक्रमसँग साझेदारी तथा निरन्तरता प्रदान गरी स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ ।<br>६. विपन्न ,सिमान्तकृत ,अपाङ्गता विद्यालय बाहिर भएका सबै प्रकारका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी गराउन छात्रवृत्तिको व्यवस्थामा जोड दिइनेछ ।<br>७. अपाङ्गता भएका वा कार्यगत सीमितता भएका बालबालिकाको पहिचान early screening गरी तथ्याङ्क सङ्कलन गरिनेछ ।<br>८. अपाङ्गता भएका बालबालिकाहरूलाई आवश्यकताका आधारमा स्रोत कक्षा तथा विशेष विद्यालयको व्यवस्था गरिनेछ ।<br>९. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरिनेछ ।<br>१०. बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधारका लागि विद्यालय नर्स कार्यक्रम लागु गरिनेछ ।<br>११. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।<br>१२. धार्मिक विद्यालयहरूबाट उत्पादति जनशक्तिलाई स्थानीय मूल्य मान्यता अनुसारको कार्य गर्न र शिक्षा प्रदान गर्न प्रेरित गरिनेछ । |
| २ | विद्यालय शिक्षामा सान्दर्भिकता र गुणस्तर सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक | १. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरिनेछ ।<br>२. विषयगत र कक्षागत रूपमा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको दरबन्दी मिलान र व्यवस्थापन गरिनेछ । |

| | | |
|---|---|---|
| | कार्यक्रम सञ्चालन गर्ने ।<br>(उद्देश्य नं २,४) | ३. शिक्षाका गुणस्तरका मापदण्ड विकास गरी गुणस्तरीयता र सान्दर्भिकता सुनिश्चित गरिनेछ ।<br>४. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न शिक्षक विद्यार्थी अनुपातका आधारमा नगरपालिका अनुदान शिक्षकको व्यवस्था गरिनेछ ।<br>५. विज्ञान प्रविधि तथा व्यावसायिक शिक्षा प्रदायक विद्यालयहरूमा प्रयोगशाला, Computer Lab र पुस्तकालय आदिको सुदृढ गरी आवश्यकता भएमा थप व्यवस्था गरिनेछ ।<br>६. विद्यालयमा विषयगत शिक्षकको पेसागत विकासका लागि आवश्यक संयन्त्रको निर्माण गरी सहयोग प्रणालीको सुनिश्चितता गरिनेछ ।<br>७. विद्यालय सुपरिवेक्षण ,मेन्टरीङ कार्यका लागि पालिका स्तरमा विज्ञ समूह, विषयगत समूह, रोस्टर समूह गठन गरी कक्षाकोठा अवलोकन र पृष्ठपोषण प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।<br>८. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गरिनेछ ।<br>९. विद्यार्थीहरूलाई खेल अभ्यास, ध्यान तथा सह क्रियाकलापका लागि वडा स्तरमा खेलमैदान निर्माण गरी विभिन्न अतिरिक्त कार्यक्रम गरिनेछ ।<br>१०. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरिनेछ ।<br>११. निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन र अनुगमन गरी सोही अनुसार स्तरीकरण गरिनेछ ।<br>१२. विपन्न, जेहेन्दार र उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई कार्यविधि बनाइ नगरपालिकाले छात्रवृत्तिमार्फत प्रोत्साहन गर्नेछ ।<br>१३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई Update गरिनेछ ।<br>१४. प्रविधि मैत्री शिक्षण कार्यका लागि शिक्षकको क्षमता अभिवृद्धि गरी विद्यालयहरूमा सोही अनुसारको सूचना प्रविधिको विकास गरिनेछ ।<br>१५. गुणस्तरीय शिक्षण कार्यको लागि लागत साझेदारीमा ल्यापटप वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।<br>१६. स्थानीय स्रोत साधनमा आधारति सिप,श्रम र उत्पादनलाई उत्प्रेरित गर्ने किसमिको शिक्षा प्रदान गरिनेछ ।<br>१७. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइनेछ । |

| | | |
|---|---|---|
| | | १८. विद्यार्थीहरूलाई परिवार, समाज र राष्ट्रप्रति उत्तरदायित्व बोध गर्नका लागि अनिवार्य रूपमा बाल समूह, रेडक्रस, स्काउट / NCC (National Cadet Corps) जस्ता मानवीय कार्य र गतिविधिहरूमा संलग्न गराइनेछ ।<br>१९. शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहार मुक्त तथा सुरक्षित बनाइ बालमैत्री वातावरणमा सिकाइ प्रक्रिया सञ्चालन गर्नका लागि शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ ।<br>२०. बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण तथा मर्मत संम्भार गरिनेछ ।<br>२१. निजी लगानीका शिक्षण संस्थाहरूलाई सेवामुखी बन्न र उत्प्रेरित गर्नका लागि कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३ | स्थानीय पाठ्यक्रम र पाठ्य सामग्रीको निर्माण तथा विकास गरिएको पाठ्यक्रम कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने ।<br>(उद्देश्य नं ३) | १. विकास गरिएको पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरिनेछ ।<br>२. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिनेछ ।<br>३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण तथा विकास गरी पालिका भित्रका सबै विद्यालयमा कार्यान्वयन गरिनेछ ।<br>४. विद्यालयमा शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री, विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध गराइनेछ ।<br>५. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिनेछ ।<br>६. पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी सिकाइ वातावरण सिर्जना गरिनेछ । |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा सहभागिता र पहुँच बढाउन प्रोत्साहनमूलक कार्यक्रमहरूको व्यवस्था गर्ने<br>(उद्देश्य नं ५) | १. नक्साङ्कन तथा सम्भाव्यताका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसरहरू वृद्धि गरिनेछ ।<br>२. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गरिनेछ ।<br>३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गरिनेछ ।<br>४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापारिक तथा औद्योगिक क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. प्राविधिक शिक्षामा छात्रा, जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिनेछ |

| | | |
|---|---|---|
| | | ६. नगरपालिका भित्रका सम्भावित विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्यमशीलतासँग जोड्नका लागि **पढ्दै कमाउँदै सिक्दै** कार्यक्रम प्रवर्धन गरिनेछ ।<br>७. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गरिनेछ ।<br>७. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ । |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्न आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।(उद्देश्य नं ६) | १. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिनेछ ।<br>२. आवश्यकताअनुसार तहगत पाठ्यक्रम र सामग्रीको प्रयोग गरिनेछ ।<br>३. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक विद्यालयलाई सुदृढीकरण गरिनेछ ।<br>४. सामुदायिक सिकाइ केन्द्रमा आधारभूत सुविधा सम्पन्न पुस्तकालय बनाइने छ ।<br>५. सामुदायिक सूचना केन्द्र र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी आजीवन सिकाइको थलोका रूपमा विकास गरिनेछ ।<br>६. अनौपचारिक माध्यमबाट हासिल गरेका ज्ञान र सिपलाई प्रमाणीकरण र समकक्षता प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ । |
| ६ | आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको योजना विकास गरी सिकाइ निरन्तरता प्रदान गर्ने ।(उद्देश्य नं ७) | १. आपतकालीन शिक्षा योजना विकास गरी कार्यान्वयन गरिनेछ ।<br>२. आपतकालीन समयमा सिकाइ निरन्तरता प्रदान गर्न विकसित सिकाइ पोर्टलको प्रयोग तथा अन्य वैकल्पिक सिकाइ विधि अवलम्बन गर्न सरकारी र गैरसरकारी निकायसँग सहकार्य र समन्वय गरिने छ।<br>३. आपतकालीन समयमा सिकाइ निरन्तरताका लागि अभिभावक सचेतीकरण गरी सिकाइ वातावरण विकास गरिनेछ ।<br>४. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन विद्यालय योजना तयार गरी कार्यान्वयन गरिनेछ । |

| | | |
|---|---|---|
| | | ५. आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा वैकल्पिक सिकाइ विधिको प्रयोग गरी प्रविधि मैत्री शिक्षण विधिलाई कार्यान्वयन गरिनेछ ।<br>६. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना REAL Plan कार्यान्वयनका साथै विद्यार्थीको सिकाइ क्षतिको मूल्याङ्कन गरी उपचारात्मक शिक्षण विधिलाई कार्यान्वयन गरिनेछ । |
| ७ | विद्यालयको शैक्षिक सुशासन तथा जवाफदेहीता कायम गर्नका लागि आवश्यक नीतिगत व्यवस्थामा सुधार गरी सुशासन सुनिश्चिता गरिने (उद्देश्य नं ८) | १. प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ का पदाधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिनेछ ।<br>२. विद्यालयको सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था कार्यान्वयन गरी शैक्षिक सुशासन कायम गरिनेछ ।<br>३. सामाजिक लेखा परिक्षणका र सार्वजनिक सुनुवाइबाट प्राप्त सुझावहरू कार्यान्वयनमा विद्यालय नेतृत्वलाई जिम्मेवार बनाइने छ ।<br>४. शिक्षक अभिभावक सङ्घ लाई प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि सक्रिय बनाइने छ ।<br>५. शैक्षिक सुशासन तथा जवाफदेहिता कायम गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ लाई शैक्षिक सुशासन सम्बन्धी अभिमुखीकरण गरिनेछ ।<br>६. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्य सम्पादन,कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गर्ने क्रियाकलाप सञ्चालन गरिनेछ ।<br>७. विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिनेछ ।<br>८. विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिनेछ ।<br>९. नियमित रूपमा सबै विद्यालयको लेखा परीक्षण गरिनेछ । |
| ८ | उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न विद्यार्थीको क्षमता र योग्यता अनुसार योजना तयार गर्ने (उद्देश्य नं ९) | १. स्थानीय तहअन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पूरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूसँग समन्वय गरी योजना तयार गरिनेछ ।<br>२. स्थानीय तहका क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्न सङ्घ र प्रदेशसँग समन्वय गरिनेछ । |

| | | |
|---|---|---|
| | | ३. उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू समन्वय र सहकार्य गरिनेछ ।<br>४. स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउन संघ र प्रदेशसगँ सहकार्य गरिनेछ ।<br>५. उच्च शिक्षा सञ्चालनका लागि निजी क्षेत्रका लगानिकर्तालाई प्रोत्साहन गरिनेछ ।<br>६. आर्थिक रूपमा पछाडि परेका प्रतिभावान सीमान्तकृत, दलित, अपाङ्गता, जनजाति विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गर्न आवश्यक स्रोतको खोजी गरिनेछ । |
| ९ | शिक्षा क्षेत्रको समग्र व्यवस्थापनको लागि सङ्घ र प्रदेशसँग समन्वय गर्ने ।(उद्देश्य नं ९) | १. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनको लागि सङ्घ , प्रदेश सरकारबिच समन्वय गरी उत्तरदायित्व बहन गर्ने प्रणालीलाई प्रभावकारी बनाइने छ ।<br>२. आधारभूत र माध्यमिक तहको गुणस्तर सुधार गर्नका लागि नगरपालिकाको नेतृत्वमा सङ्घ र प्रदेश सरकारको सहयोगमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गरिनेछ ।<br>३. निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्य ढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिनेछ । |
| १० | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ((उद्देश्य नं १) | १. अनिवार्य तथा निःशुल्क आधारभूत तथा निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयका लागि विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।<br>२. नियमित रूपमा विद्यालय आउन नसक्ने अपाङ्गता भएका बालबालिकाहरूलाई वैकल्पिक माध्यमबाट पठन पाठनको व्यवस्था मिलाइनेछ ।<br>३. अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमा २०७५ मा भएका व्यवस्था सम्बन्धमा सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ ।<br>४. विद्यालय बाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै थप प्रोत्साहनमूलक कार्यक्रमको सञ्चालन गरिनेछ ।<br>५. स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |

### २.२.५ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (वि.स. २०८६) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१) सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सुनिश्चित हुनेछ ।

२) अनिवार्य तथा निःशुल्क आधारभूत निःशुल्क माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुनेछ ।

३) विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति जवाफदेहिता प्रणालीको विकास हुनेछ ।

४) योग्य, सक्षम, प्रविधिमा निपुणता राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुनेछ ।

५) विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको निर्माण भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुनेछ ।

६) बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुनेछ।

७) विपत तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुनेछ ।

८) विद्यार्थीहरूलाई सुरक्षित, भय रहित, उच्च व्यवस्थापनयुक्त उपयुक्त र बालमैत्री भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुनेछ ।

९) विद्यालयहरूमा सूचना सञ्चार प्रविधिको विस्तार भई सिकारूलाई प्रविधियुक्त समयानुकूल, गुणस्तरीय बनाउन सहयोग पुग्नेछ ।

१०) सूचना र प्रविधिमा शिक्षकको क्षमता अभवृद्धि भई प्रविधिमा आधारित गुणस्तरीय शिक्षा प्रदान हुनेछ ।

११) विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाइब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोग पुग्नेछ ।

१२) बालबालिकाहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त उपयुक्त, अपाङ्गता मैत्री / बाल मैत्री वातावरण सहितको भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुनेछ ।

१३) प्राविधिक धारका विद्यालयहरू आवश्यकता र स्थान अनुसार थप स्थापना भई सिपयुक्त जनशक्ति उत्पादन भएको हुनेछ ।

१४) बालबालिकाहरूको सिकाइका लागि अभिभावक तथा समुदायलाई थप जिम्मेवार भएको हुनेछ ।

१५) राष्ट्र राष्ट्रियता, लोकतन्त्र र प्रजातान्त्रिक मूल्यप्रति सदैव गर्व गर्न सक्ने नागरिक निमार्ण भएको हुनेछ।

१६) विद्यार्थीहरूको खुद भर्नादर र टिकाउ दरमा वृद्धि भई विद्यालय शिक्षा पूरा गर्ने विद्यार्थी सङ्ख्यामा अभिवृद्धि भएको हुनेछ ।

१७) विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

## २.२.६ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

आधार वर्ष २०८१लाई यस योजनाका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य मानेर निम्नबमोजिम निर्धारण गरिएको छ ।

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | लुम्बिनी प्रदेशको आधार वर्ष २०८१ | रूपन्देही जिल्लाको आधार वर्ष २०८१ | सैनामैना नपाको आधार वर्ष २०८१ | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८६ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर वर्ष | ९९.९ | १०६.८ | १२७.६ | १४३.९ | १३०.५ | १२०.३ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.६ | ७२.६ | ८८.५ | ९५ | ९७ | ९९.५ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ८६.८ | ९८.१ | ९८.३ | ९९.५ |
| ४ | प्रारम्भिक बालविकास तहको कूल भर्नामा लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८१ | ०.७९ | ०.७७ | ०.८२ | ०.८५ |
| ५ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेश दर | ९५.७ | ९५.८ | ९५.७ | ९६ | ९८.३ | ९९ |
| ६ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कूल प्रवेश दर | ११५.९ | ११९.५ | ११७.९ | ११४.२ | ११२.५ | १०४.५ |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९५.२ | ९७.५ | ९९.५ |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कूल भर्ना दर | १२४.८ | १२८.४ | १२८.२ | १२३.७ | ११७.५ | १०९.५ |
| ९ | आधारभुत तह कक्षा १–५ मा कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | ०.८९ | ०.८१ | ०.९० | १ |
| १० | आधारभुत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९४.९ | ९४.९ | ९६.० | ९९.० |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | लुम्बिनी प्रदेशको आधार वर्ष २०८१ | रूपन्देही जिल्लाको आधार वर्ष २०८१ | सैनामैना नपाको आधार वर्ष २०८१ | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८६ |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कूल भर्ना दर | १२१.६ | १२३.९ | १२८.३ | १३१.५ | ११५.५ | ११००.० |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.९ | ८६.८ | ९३.० | ९८.५ |
| १३ | आधारभूत तह (कक्षा १—८) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.८७ | ०.८१ | ०.९० | १ |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.५ | ७५.७ | ७६.२ | ८०.१ | ८६.५ | ९२.५ |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कूल भर्ना दर | ९८.७ | ९६.८ | १०६.९ | ११०.४ | १०५.५ | १०१.५ |
| १६ | माध्यमिक तह (कक्षा ९—१०) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.८७ | ०.९२ | ०.९४ | ०.९६ |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ३५.९ | ३७.८ | ६२.६ | ७०.५ | ८२.५ |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कूल भर्ना दर | ६७.७ | ६६.० | ८२.७ | ९४.४ | ९६.५ | ९८.५ |
| १९ | माध्यमिक तह (कक्षा ११—१२) मा कूल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | ०.८४ | ०.८८ | ०.९३ | ०.९८ |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ५६.१ | ६२.६ | ७५.२ | ८५.२ |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कूल भर्ना दर | ८३.२ | ८०.९ | ९४.२ | ९५.४ | ९७.४ | ९८.५ |
| २२ | माध्यमिक तहको कक्षा ९—१२ मा कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.८५ | ०.९९ | १ | १ |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | लुम्बिनी प्रदेशको आधार वर्ष २०८१ | रूपन्देही जिल्लाको आधार वर्ष २०८१ | सैनामैना नपाको आधार वर्ष २०८१ | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८६ |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ सम्म | ८३.८ | ८२.९ | ७६.० | ९३.३ | ८७.५ | ९०.५ |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ सम्म | ८८.२ | ८७.३ | ८७.० | ९४.५ | ९५.५ | ९८.५ |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० सम्म | ९३.४ | ९३.१ | ८९.९ | ९५.३ | ९७.५ | ९८.५ |
| २६ | कक्षा चढ्ने दर ११ देखि १२ सम्म | ९१.३ | ९१.२ | ९१.१ | ९१.६ | ९३.५ | ९६.५ |
| २७ | कक्षा दोहोऱ्याउने दर कक्षा १ देखि ५ सम्म | ८.७ | ९.५ | १४.० | १२.९ | ५.५ | ३.५ |
| २८ | कक्षा दोहोऱ्याउने दर कक्षा ९ देखि १० सम्म | ५.२ | ६.३ | ५.१ | १२.२ | ६.५ | २.५ |
| २९ | कक्षा दोहोऱ्याउने दर कक्षा ९ देखि १० सम्म | २.२ | २.३ | ३.८ | ४.५ | २.१ | १.१ |
| ३० | कक्षा दोहोऱ्याउने दर कक्षा ११ देखि १२ सम्म | ०.८ | ०.५ | २.५ | ० | ० | ० |
| ३१ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ सम्म | ३.२ | ३.३ | ५.० | ३.६ | २.५ | १.५ |
| ३२ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ सम्म | २.८ | २.९ | ३.७ | ३.८ | २.५ | १.१ |
| ३३ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० सम्म | १.९ | २.१ | ३.० | २ | ०.९५ | ०.८० |
| ३४ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ सम्म | ०.९ | १.० | १.३ | ०.७ | १ | ०.८० |
| ३५ | नयाँ भर्ना दर कक्षा १ देखि ५ सम्म | ४.३ | ४.३ | ४.९ | ३.७ | ६.५ | ८.५ |
| ३६ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ सम्म | ३.८ | ३.६ | ४.३ | ३.२ | ६.५ | ८.५ |
| ३७ | नयाँ भर्ना दर कक्षा ९ देखि १० सम्म | २.५ | २.५ | ३.३ | २.१ | ६.५ | ८.५ |
| ३८ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ सम्म | ७.८ | ७.९ | ७.६ | ७.८ | १०.५ | १२.५ |

*Source: CEHRD Flash report 2080*

# परिच्छेद ३, शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ । भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ ।

प्रारम्भिक बाल विकास तथा शिक्षा ४ वर्षका बालबालिकाको सामाजिक, संवेगात्मक , संज्ञानात्मक, विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरू विकासको तयारीको अवधि हो। । यस अवस्थाका बालबालिकाको संवेगात्मक वाचन तथा मानसिक क्षमता को विकासमा तीव्रता आउँदछ । घरेलु वातावरण भन्दा भिन्न खालको विद्यालय वातावरणमा समायोजनका लागि तयारी हुनु पर्ने भएकोले यो अवस्था एकदमै महत्त्वपूर्ण अवस्था मानिन्छ । प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्दछ ।

सोह्रौं योजना २०८१/८२-२०८५/८६ ले चार वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकासका कार्यक्रमहरूको सुनिश्चितता गरेको छ ।४ वर्ष उमेर समूहका बाल बालिकाहरूलाई विद्यालय शिक्षाको तयारी शिक्षा प्रदान गर्ने उद्देश्यले प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्था गरिएको हो। विद्यालयमा तथा समुदायमा आधारित रही बालविकास केन्द्र स्थापना गरिएको हुन्छ । कार्यक्रम सञ्चालनका निम्ति शैक्षणिक कार्यमा सहयोग पुऱ्याउनका लागि सहजकर्ताको व्यवस्था गरिएको छ। नेपाल सरकारले प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको संरचनाभित्र समावेश गरेको छ । यसै कुरालाई मध्यनजर गरी यस नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । विशेषत गुणस्तरीय केन्द्र सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् ।

### ३.१.२ वर्तमान अवस्था

यस सैनामैनानगरपालिमा हाल समुदाय, सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा गरी जम्मा ५९ बालबिकास केन्द्र रहेको छ ।जसमा संस्थागत बालविकास २०,समुदाय र सामुदायिक विद्यालयमा ३९ रहेका छन् । सामुदायिक ३९ बालविकास केन्द्रमध्ये विद्यालयको IEMIS तथ्याङ्क २०८१ अनुसार ३७ सामुदायिक विद्यालयमा आधारित र २ समुदायमा आधारित रही सञ्चालनमा रहेका छन् । सञ्चालित केन्द्रहरूमा सामुदायिक र संस्थागतमा गरी कूल ४६६३ बालबालिका अध्ययन गरिरहेका छन् । जसमध्ये समुदाय र सामुदायिक विद्यालयमा आधारित बालविकासमा १४०७ र संस्थागत विद्यालयमा आधारित जम्मा २९५६ बालबालिका रहेका छन् । कूल बालबालिका मध्ये २६२८ बालक र २०३५ बालिका छन् । कूल भर्ना हुने मध्येमा बालकको सङ्ख्या ५६.३५ % र बालिकाको ४३.६१ % रहेको छ ।

यस नगरपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा कूल भर्ना दर १४३.९ रहेको छ भने खुद भर्ना दर २०८० को तथ्याङ्क अनुसार ९५.० रहेको छ । त्यसै गरी प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या ९८.१ % रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा कूल भर्नाको लैङ्गिक समतासूचक ०.७७ रहेको छ ।

सैनामैना नगरपालिकामा सञ्चालित सामुदायिक बालविकास केन्द्रहरूमा महिला सहजकर्ता मात्र रहेका छन् । बालविकास केन्द्रमा सहजीकरण गर्ने सबै सहजकर्ता न्यूनतम शैक्षिक योग्यता प्राप्त छन् । सहजकर्ताले बालविकास सहजीकरणको तीस दिने, पाँचदिने र तीनदिने सहजीकरणको तालिम लिई तालिमको सहजीकरण गर्दै आइरहेका छन् । कूल बालविकासमध्ये अधिकांश बालविकास केन्द्रमा सिकाइको छ कुना व्यवस्थापन, आवश्यक शैक्षिक सामग्रीको व्वस्थापन र स्मार्ट टि.भि. को व्यवस्थापन साथै छापामय कक्षाकोठा रहेका छन् । बालबालिकालाई सरकारले तोकेको मापदण्ड अनुसारको पोषिलो खाजाको व्यवस्थापनका लागि पालिकाले प्रतिविद्यार्थी रू ५ थप गरी २० पुऱ्याएको छ ।

बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनु पर्नेमा कुनै वडामा बालविकास केन्द्र नै नभएको देखिन्छ। भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवम् नयाँ स्थापना गर्नुपर्ने देखिन्छ । यसैगरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै क्षमता अभिवृद्धि गर्दै जानुपर्दछ । प्रारम्भिक बालविकास र शिक्षामा पारिश्रमिकमा खर्च बापत प्रति बालविकास सहजकर्ताका लागि सङ्घीय सरकारबाट प्राप्त हुने रकम रु. १०,०००/- छ भने नगरपालिकाको आन्तरिक स्रोतबाट रु ७०००- गरी जम्मा पारिश्रमिक रु. १७०००/- उपलब्ध गराइएको छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका बालविकासमा जाने उमेर समूहको बालबालिकाको अनुपातमा बालविकास तथा शिक्षाका थप केन्द्रको स्थापना गर्ने लक्ष्य लिएको छ । प्रारम्भिक

बालविकास र शिक्षा सञ्चालन हुने विद्यालयमा लाभान्वित जातिगत बालबालिकाको अवस्था तपसिल बमोजिम रहेको छ ।

*तालिका १८:३.१,शैक्षिक वर्ष २०८१ को प्रारम्भिक बालविकास तथा शिक्षामा जम्मा विद्यार्थी सङ्ख्या*

| बालविकास | दलित | | जनजाति | | अन्य | | जम्मा | | कुल जम्मा | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | | छात्रा | छात्र |
| जम्मा | ३३२ | ३८७ | ७६१ | ८४४ | ७४२ | १३९७ | २०३५ | २६२८ | ४६६३ | ३ | ३ |
| सामुदायिक | १५७ | १८२ | २४६ | ३१४ | २३५ | ३०० | ६३८ | ७६९ | १४०७ | १ | ३ |
| संस्थागत | १७५ | २०५ | ५१५ | ५३० | ५०७ | १०९७ | १३९७ | १८५९ | ३२५६ | २ | ० |
| कुल जम्मा | | ४६६३ | | | | | | | | | |

स्रोत : EMIS 2081

*तालिका १९:३.२,क. प्रारम्भिक बालविकास तथा शिक्षामा नगरपालिकका सूचकहरू*

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कूल भर्ना दर | १४३.९ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ९५.० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ९८.१ |
| ४ | प्रारम्भिक बालविकास तहको कूल भर्ना दरमा लैंङ्गिक समता सूचकाङ्क | ०.७७ |

स्रोत: CEHRD Flesh Report 2080

### ३.१.३ समस्या र चुनौती

प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित, पूर्वाधारयुक्त वालविकास केन्द्रको रूपमा निर्माण गरी बालबालिकाको सहज पहुँचका लागि निम्न प्रकारका समस्या र चुनौतीहरू रहेका छन् ।

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूह भन्दा कम वा बढी उमेरका बालबालिका सहभागी हुँदा सिकाइ सहजीकरणमा समस्या ।
२. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्न ।
३. प्रारम्भिक बालविकासका सहजकर्तालाई उत्प्रेरणा जगाउन पारिश्रमिक वृद्धि गर्न ।
४. सहजकर्ताको वृत्ति विकास तथा क्षमता विकास गर्न ।

५. अपाङ्गता भएका र नभएका बाल बालिकाको सिकाइ सँगै गर्न ।

६. अभिभावक अभिमुखीकरण अभावले सिकाइप्रति असन्तुष्ट हुनु ।

७. केही प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्रको दूरी टाढा हुनु र यातायातको उपलब्धता नहुनु ।

### ३.१.४ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

२. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

### ३.१.५ रणनीति र कार्यनीति

| **रणनीतिहरू** | **कार्यनीति** |
|---|---|
| १.प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | १. बालविकास तथा शिक्षाको नक्साङ्कन पुनर्वितरण गरी आवश्यकता अनुसार स्थापना गरिनेछ ।<br>२. सबै प्रकारका बालबालिकाका लागि बालविकास केन्द्रको पहुँच सुनिश्चित गरिनेछ ।<br>३. न्यूनतम मापदण्ड, पाठ्यक्रम, मानाङ्क र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरिनेछ ।<br>४. गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाका लागि क्रमशः नमुना बालविकास केन्द्रहरू स्थापना गरिनेछ ।<br>५. प्रारम्भिक बालविकास र शिक्षाका केन्द्रलाई अपाङ्गता मैत्री, बालमैत्री भौतिक पूर्वाधारयुक्त बनाइनेछ ।<br>६. प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकालाई दिवा खाजाको लागि नगरपालिकाको तर्फबाट गरिने थप रकमलाई निरन्तरता दिइनेछ ।<br>७. विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको सिकाइलाई प्राथमिकतामा राखी अपाङ्गतामैत्री सिकाइ सामग्री व्यवस्थापन गरिनेछ । |
| २.प्रारम्भिक बालविकास शिक्षाका सहजकर्ताको सक्षमता विकास गरिने | १. कार्यरत सहजकर्ताको वृत्ति तथा क्षमता विकासका लागि तालिम तथा प्रशिक्षण गरिनेछ ।<br>२. न्यूनतम योग्यता भएका आयाको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ३. प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्ताका लागि बालविकास सम्बन्धी पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३.प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयबिच सहकार्य गर्ने । | १. अभिभावक र सहजकर्ताका बिच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. प्रभावकारिता अभिवृद्धिका लागि स्थानीय स्तरमा उपलब्ध कम मूल्यका ( No cost, Low cost ) स्रोत साधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन र उपयोग गरी प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको कार्यान्वयनको सुनिश्चत गरिनेछ । |
| ४.बालविकास र शिक्षाका कार्यक्रमहरूको गुणस्तर अभिवृद्धि गर्ने | १. गुणस्तरीय बालविकास तथा सिकाइ सुनिश्चितताका मापदण्ड कार्यान्वयन गरिनेछ ।<br>२. प्रारम्भिक बालविकासका तथा शिक्षाका बालबालिकाहरूमा व्यक्तिगत सरसफाइ तथा सामाजिक सिप जस्ता समूह सिकाइ अभ्यासको प्रवर्धन गरिनेछ ।<br>३. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, सिकाइ कुना प्रविधिमा आधारित शैक्षिक सामग्री , बाल उद्यानको व्यवस्था गरिने छ ।<br>४. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ ८६४ कार्यघण्टा सुनिश्चित गरिनेछ । |

### ३.१.६ प्रमुख उपलब्धि तथा नतिजा

क.उपलब्धि

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

२. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछ ।

ख.नतिजा तथा परिमाणात्मक लक्ष्य:

| क्र.सं. | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच पुगेको हुने । | सङ्ख्या | ४६६४ | ५२०० | ५३५६ | ६६१७ | ५६८२ | नगरपालिका भित्रका सबै प्रकारका विद्यालयमा |
| २. | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने । | सङ्ख्या | २१५० | २३१५ | २३०९ | २३०० | २२९५ | नगरपालिका भित्रका सबै प्रकारका विद्यालयमा |
| ३. | सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा बालमैत्री बसाइ व्यवस्था, न्यूनतम योग्यता र तालिमप्राप्त शिक्षक सहित न्यूनतम मापदण्ड पूरा गरेको हुने । | सङ्ख्या | ३ | ७ | ११ | १५ | १७ | |
| ४. | प्रत्येक बालविकास केन्द्रमा आयाको व्यवस्था भएको हुने | सङ्ख्या | ० | २ | ४ | ७ | १० | |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघ संस्था , धार्मिक संस्था र विद्यालयहरू जिम्मेवार भएको हुने । | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | अभिभावक शिक्षा सञ्चालन गर्ने प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या | केन्द्रको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | |

### ३.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | लक्ष्य | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | कैफियत |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | पटक | २ | ० | १ | ० | १ | ० | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | ० | ० | १ | ० | ० | |
| ३ | परिवार,समुदाय,गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्रसँगको सहकार्य | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ४ | बालविकास केन्द्रमा अपाङ्गता पहिचान | जना | ८५०८ | १४०७ | १६६६ | १७३७ | १८११ | १८८७ | |
| ५ | बालबालिकाको अभिलेखीकरण | निरन्तर | ५ | १ | १ | १ | १ | १ | |
| ६ | पाठ्यक्रम प्रबोधीकरण | पटक | २ | ० | ० | १ | ० | १ | |
| ७ | बालविकासका बालबालिकाहरूलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था | जना | ८५०८ | १४०७ | १६६६ | १७३७ | १८११ | १८८७ | |
| ८ | पूर्वाधार,सिकाइ क्षेत्र,केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | केन्द्र सङ्ख्या | २० | २ | ३ | ४ | ५ | ६ | |
| ९ | प्रारम्भिक बालविकास सहजकर्ता व्यवस्थापन | सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो । शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सबै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पूर्वाधारको रूपमा लिन सकिन्छ । शिक्षा कुनैपनि देशको राष्ट्रिय पूँजी हो जसले भविष्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सबल, सभ्य, समावेशी, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ । शिक्षामा गरेको लगानी राष्ट्रिय पूँजी निर्माण हो । त्यस्तो पूँजी परिचालनले "**समृद्ध नेपाल, सुखी नेपाली**" को दीर्घकालीन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ । शिक्षाका उल्लेखित मार्गदर्शन पूरा गर्ने आधार आधारभूत शिक्षाको कुशल सफल मितव्ययी समावेशी र समन्यायिक व्यवस्थापन हो ।

शिक्षाको आधार नै आधारभूत शिक्षा हो । यसको समुचित व्यवस्थापनको लागि राज्य संयन्त्रबाट तयार गरिएका संवैधानिक व्यवस्था, मार्गदर्शन, नीतिगत तथा कानुनी व्यवस्था, शिक्षा सम्बन्धी योजना कार्यक्रम, आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ । आधारभूत शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधन २०७२ को धारा ३१ मा आधारभूत शिक्षा नि शुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ खण्ड ८ मा आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । संविधानको अनुसूची ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन २०२८ संशोधन सहित, शिक्षा नियमावली संशोधन सहित २०५९ शिक्षक सेवा आयोगको नियमावली संशोधन सहित, २०५७ को व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । दिगो विकासको चौंथो लक्ष्यको रूपमा गुणस्तरीय शिक्षा रहेको छ। सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक अवसरहरू प्राप्त हुन सकून भन्ने उद्देश्यले उनीहरूका लागि निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत शिक्षाको सुनितश्चितता गर्ने लक्ष्य रहेको छ। चालु १६ औं पञ्चवर्षीय योजना र विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ मा आधारभूत शिक्षालाई निम्न तरिकाले उल्लेख गरिएको छः

सबै बालबालिकाका लागि निःशुल्क र अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्ने, शिक्षक प्रशिक्षण, पाठ्यक्रम र शैक्षिक सामग्री सुधार गर्ने, विद्यालय भवन, शौचालय, पुस्तकालय र खेलकुद सामग्रीको सुधार गर्ने, विशेषत दलित, आदिवासी र विपन्न समूहका बालबालिकामा डिजिटल शिक्षा र प्रविधिको उपयोगलाई प्रोत्साहन गर्ने, उचित

शिक्षक नियुक्ति र व्यवस्थापन गर्ने गरी आधारभूत शिक्षा सुधारमा केन्द्रित छ । अन्तमा शिक्षा प्रणालीमा पारदर्शिता र निगरानी बढाउँदै बजेटको उचित वितरण र प्रयोग सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

### ३.२.२ वर्तमान अवस्था

सैनामैना नगरपालिकामा जम्मा सञ्चालित ४० विद्यालयमध्ये आधारभूत तहका जम्मा ९ विद्यालय सञ्चालनमा रहेका छन। जसमध्ये सामुदायिक विद्यालय ४ ओटा र संस्थागत विद्यालय ५ रहेका छन् । सामुदायिक विद्यालयमा आधारभूत तह कक्षा १-३ मा ०, तह १-५ मा १ , तह र १-८ तह ३ गरी जम्मा ४ रहेका छन् । संस्थागत विद्यालय आधारभूत तह कक्षा १-३ मा १, कक्षा १-५ मा ३, र कक्षा १-८ मा ५ गरी जम्मा ९ रहेका छन् । जसमध्ये सामुदायिक सिकाइ केन्द्रद्वारा सञ्चालित महिला विद्यालय १ रहेको छ । यस तहमा १ देखि ५ सम्म ९३५५ जना र ६ देखि ८ सम्म ५२९६ बालबालिका अध्ययन गरिरहेका छन् । यस तहको लैङ्गिक समतासूचक ०.८१ रहेको छ । यस तहमा विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । आधारभूत तहमा विद्यालय छोड्ने र ,दोहोर्‍याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरूको पठन सिपमा सहयोग गरेको भएता पनि अन्य विषयहरू र अन्य सिपहरूमा त्यति जोड दिएको देखिँदैन र सो कार्यक्रम कक्षा ४ र ५ मा पनि लागु हुनु आवश्यक देखिन्छ । यस तहमा शिक्षक विद्यार्थी अनुपात सामुदायिक विद्यालयमा आधारभूत तहमा १:३२ रहेको छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरूको क्षमतावृद्धि गर्नु अति आवश्यक देखिन्छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरूलाई वर्तमान प्रविधिसँग जोड्नु आवश्यक छ

*तालिका २०:३.३, आधारभूत तथा शिक्षाका सूचक विवरण*

| क्र.स. | सुचकहरू | २०८१ सालको अवस्था |
|---|---|---|
| १. | आधारभूत तहमा कूल भर्ना | १२३.७ |
| २ | आधारभूतमा खुद भर्ना | ९५.२ |
| ३ | कुल भर्नादरमा लैङ्गिक समतासूचक (GPI at GER) | ०.८१ |
| ४ | शिक्षक विद्यार्थी अनुपात | १:३२ |

स्रोत: CEHRD Flesh Report 2080

*तालिका २१:३.४,स्थानीय तहको आधारभूत तहमा सेवा प्रवाहको अवस्थाः*

| | सामुदायिक | | | धार्मीक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं | आधारभूत | कक्षा १—५ | कक्षा १—८ | आधारभूत | कक्षा १—५ | कक्षा १—८ | आधारभूत | कक्षा १—५ | कक्षा १—८ |
| १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० |
| २ | १ | १ | ० | ० | ० | ० | १ | १ | ० |
| ३ | १ | ० | १ | ० | ० | | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | २ | ० | १ |
| ६. | ० | ० | ० | ० | ० | ० | १ | ० | ० |
| ७. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० |
| ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| ११ | २ | ० | २ | ० | ० | ० | ० | ० | १ |
| जम्मा | ४ | १ | ३ | ० | ० | १ | ५ | २ | ३ |

स्रोत : EMIS 2081

*तालिका २२: ३.५ तह अनुसार विद्यालय गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८१*

| विद्यालय | कक्षा १-५ | कक्षा ६-८ | जम्मा |
|---|---|---|---|
| सामुदायिक | ३३२१ | २८२३ | ६१४४ |
| संस्थागत | ६०३४ | २४५६ | ८४९० |
| धार्मिक | ० | १७ | १७ |
| जम्मा | ९३५५ | ५२९६ | ११६५१ |

स्रोत : EMIS 2081

*तालिका २३: ३.६ शैक्षिक वर्ष २०८१ को आधारभूत तहमा जातजाति अनुसार जम्मा विद्यार्थी सङ्ख्या ( सामुदायिक, धार्मिक र संस्थागत )*

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता भएका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| १ | १४१ | १७२ | ३३१ | ४०५ | ५११ | ५८३ | १ | ३ | |
| २ | १३० | १३५ | २३० | ३२३ | ३६३ | ४६४ | ६ | १ | |
| ३ | ११२ | १५८ | २७१ | ३३० | ३७८ | ५२९ | १ | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | १५२ | १६६ | ४१० | ३४४ | ३२६ | ५०२ | ३ | ४ | |
| ५ | १३८ | १३८ | २९९ | ३६९ | ४०८ | ५०५ | ५ | २ | |
| ६ | १३१ | १६९ | २८४ | ३४० | ३७३ | ५२६ | ७ | ५ | |
| ७ | १४० | १४२ | ३०० | २९० | ३७१ | ४९३ | ४ | ५ | |
| ८ | १३५ | १४३ | २४३ | ३१० | ३७६ | ५०० | ७ | २ | |
| जम्मा | १०७९ | १२२३ | २३६८ | २७११ | ३१०६ | ४१०२ | ३४ | २५ | |
| कूल जम्मा विद्यार्थी | १४६५१ | | | | | | | | |

स्रोत : EMIS 2081

*तालिका २४:३.७, २०८० सालको परीक्षाको नतिजा बमोजिम सामुदायिक विद्यालयको कक्षा १- ८ को सिकाइ उपलब्धि*

कक्षा १-३ को विषयगत सिकाइ उपलब्धि

| कक्षा/तह | नेपाली | | | अंग्रेजी | | | गणित | | | सेरोफेरो | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कक्षा १ | ३.१५ | ३.१४ | ३.१५ | ३.०९ | ३.०५ | ३.०७ | ३.०८ | ३.०९ | ३.०८ | २.९१ | २.९३ | २.९२ |
| कक्षा २ | ३.१३ | ३.०८ | ३.१० | ३.०७ | ३.०९ | ३.०८ | २.९५ | ३.०१ | २.९८ | २.९८ | ३.०३ | ३.०९ |
| कक्षा ३ | ३.१० | ३.०२ | ३.०६ | २.९८ | २.९५ | २.९७ | २.९४ | २.९२ | २.९३ | २.९४ | २.९१ | ३.७१ |
| कक्षा १-३ मा औषत सिकाइ उपलब्धि | ३.१३ | ३.०८ | ३.१० | ३.०५ | ३.०३ | ३.०४ | २.९९ | ३.०१ | ३.०० | २.९४ | २.९६ | ३.२४ |

कक्षा ४-५ को विषयगत सिकाइ उपलब्धि

| कक्षा/तह | नेपाली | | | अंग्रेजी | | | गणित | | | विज्ञान तथा प्रविधि | | | सामाजिक अध्ययन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कक्षा ४ | ३.१ | २.९८ | ३.०४ | २.९९ | २.९२ | २.९५ | २.९३ | २.९३ | २.९३ | २.९१ | २.८९ | २.८९ | ३. | २.९ | २.९५ |
| कक्षा ५ | २.९८ | २.८९ | २.९३ | २.९६ | २.९१ | २.९४ | २.८७ | २.८७ | २.८७ | २.८५ | २.८५ | २.८५ | २.९७ | २.९ | २.९३ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा ४-५ मा औषत सिकाइ उपलब्धि | ३.०४ | २.९४ | २.९९ | २.९८ | २.९२ | २.९५ | २.९ | २.९ | २.९ | २.८८ | २.८७ | २.८७ | २.९८ | २.९ | २.९४ |

कक्षा ६-८ को विषयगत सिकाइ उपलब्धि

| कक्षा/तह | नेपाली | | | अंग्रेजी | | | गणित | | | विज्ञान तथा प्रविधि | | | सामाजिक अध्ययन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कक्षा ६ | २.९६ | २.९२ | २.९४ | २.८५ | २.८६ | २.८६ | २.९३ | २.९४ | २.९३ | २.९२ | २.८४ | २.८८ | २.९२ | २.८५ | २.८८ |
| कक्षा ७ | ३.०५ | २.९९ | ३.०२ | ३.०१ | ३.०१ | ३.०१ | २.८२ | २.८३ | २.८२ | २.९२ | २.७९ | २.८५ | २.९८ | २.८५ | २.९१ |
| कक्षा ८ | २.९३ | २.७९ | २.८६ | ३.०४ | ३.०१ | ३.०२ | २.७८ | २.७७ | २.७८ | २.९३ | २.९२ | २.९२ | २.९ | २.८१ | २.८५ |
| कक्षा ६-८मा औषत सिकाइ उपलब्धि | २.९८ | २.९ | २.९४ | २.९७ | २.९६ | २.९६ | २.८४ | २.८५ | २.८४ | २.९२ | २.८५ | २.८९ | २.९३ | २.८३ | २.८८ |

आधारभूत शिक्षामा निम्नलिखित समस्या/चुनौतीहरू देखिएका छन् :

१. कतिपय विद्यालयमा भौतिक सेवा, सुविधा पर्याप्त नहुनु
२. शिक्षक दरबन्दी तथा शैक्षणिक सामग्रीको अपर्याप्तताका कारण सिकाइ उपलब्धिमा कमी हुनु
३. बालमैत्री, बाल मनोविज्ञानमा (मनोविमर्श) आधारित सिकाइका लागि विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोगमा कमी हुनु
४. सरोकारवालाहरूमा सक्रियता तथा अभिभावक शिक्षाको कमीले विद्यार्थीको सिकाइमा निस्क्रियता हुनु
५. विद्यालयसँग सम्बन्धित सरोकारवाला संस्थाहरूका बिचमा समन्वय र सहकार्यमा कमी हुनु
६. अनुगमन, मूल्याङ्कन पुरस्कार र दण्ड आदि नहुँदा सिकाइप्रति उदासिनता आउनु
७. अनिवार्य र निशुल्क आधारभूत शिक्षाको सुनिश्चिता पूर्णरूपमा नहुनु
८. सबै बालबालिकाकाको शैक्षिक पहुँच सुनिश्चिता नहुनु
९. विद्यालयको भौतिक पूर्वाधारहरू पूर्ण रूपमा अपाङ्गता मैत्री नहुनु
१०. प्रविधि मैत्री शिक्षण सिकाइका लागि सामग्रीको विकास तथा प्रयोग साथै सम्पूर्ण शिक्षकहरूलाई सक्रिय गराउन नसकिनु
११.विद्यालयमा आधारित शिक्षक सहयोग पद्धति विकास नहुनु
१२.विद्यालयमा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आउन नसक्नु
१३.सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू पूर्ण रूपमा सञ्चालन नहुनु
१४.विद्यालयलाई विपतमा उत्थानशील बनाउन नसक्नु ।

### ३.२.३ उद्देश्य

१. आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु
३. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

### ३.२.४ रणनीति तथा कार्यनीति

| | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समावेशी, समतामूलक पहुँच सुनिश्चित गर्ने । | १. विद्यालय नक्साङ्कन गरी विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गरिनेछ ।<br>२. अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।<br>३. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।<br>४. कक्षा छोड्ने दर घटाउने, खुद भर्नादर बढाउने र कक्षा पार गर्ने दर बढाउनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्न सबै विद्यालयमा न्यूनतम सक्षमता पुरा गराउन रणनीति तयार पारिने छ ।<br>६. विद्यार्थीका लागि शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।<br>७. आर्थिक विपन्न र सामाजिक रूपमा पछाडि पारिएका बालबलिकाहरूका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।<br>८. अपाङ्गता भएका, सामाजिक र आर्थिक रूपमा पछाडि पारिएका बालबालिकाहरूको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने संवैधानिक हक सुनिश्चित गरिने छ। |

| | | |
|---|---|---|
| | | ९. अपाङ्गता भएका बालबलिकाका लागि स्रोत कक्षा विशेष विद्यालयको स्थापनाका लागि पहल गरिनेछ । |
| २ | आधारभूत शिक्षाको शैक्षिक गुणस्तर सुनिश्चित गर्ने । | १. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउनका लागि सिकाइको आवधिक मूल्याङ्कन गरिनेछ ।<br>२. विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान गरिनेछ ।<br>३. शिक्षकका पेसागत विकासका लागि तालिम , मेन्टरीङ तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका कक्षा शिक्षणलाई निरन्तरता दिइनेछ ।<br>५. शिक्षालाई प्रविधिसँग जोडी अतिरिक्त सिकाइको व्यवस्था गरिनेछ ।<br>६. शिक्षण सिकाइलाई मूल्याङ्कनको अङ्ग मान्दै विषयगत समूह ,विज्ञ समूह , सहपाठी शिक्षाका माध्यमबाट पृष्ठपोषणमा जोड दिइनेछ । |
| ३ | आपत्कालिन अवस्थामा सिकाइलाई निरन्तरता प्रदान गर्न विद्यालय उत्थानशील बनाउने । | १. विद्यालय शिक्षालाई महामारी, दैवीप्रकोप, सङ्कट लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन र सिकाइको निरन्तरताका लागि योजना निर्माण गरिनेछ ।<br>२. विद्यालयस्तरमा बदलिदों जलवायु परिवर्तन तथा पारिस्थिक प्रणालीप्रति जवाफदेही तुल्याउने कार्यक्रम सञ्चालन गरिने छ।<br>३. आपत्कालीन समयमा सिकाइ निरन्तरता प्रदानका लागि विकसित सिकाइ पोर्टलको प्रयोग तथा अन्य वैकल्पिक सिकाइ विधि अवलम्बन गर्न सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य र समन्वय गरिनेछ ।<br>४. आपतलकालीन समयमा सिकाइ निरन्तरताका लागि अभिभावक सचेतीकरण गरी सिकाइ वातावरण विकास गरिनेछ । |

| | | |
|---|---|---|
| ४ | आधारभूत तहमा शैक्षिक सुशासन कायम गर्ने । | १. प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति ,शिक्षक अभिभावक सङ्घ का पदाधिकारीको क्षमता विकास गरिनेछ ।<br>२. विद्यालयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था कार्यान्वयन गरी शैक्षिक सुशासन कायम गरिनेछ ।<br>३. शिक्षक अभिभावक सङ्घलाई प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि सक्रिय बनाइने छ ।<br>४. विद्यालयको शैक्षिक सूचना व्यवस्थापनलाई थप सुदृढ बनाइने छ ।<br>५. विद्यालय सुधार योजनालाई थप व्यवस्थित गरी सोही अनुरूप कार्य गराउन अवश्यक व्यवस्था गरिनेछ ।<br>६. शैक्षिक सुशासनका लागि अभिभावक सचेतना र अभिभावक शिक्षा सञ्चालन गरिनेछ । |
| ५ | अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने | १. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न,सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन गरी व्यवहारिक बनाइने छ ।<br>२. विद्यालयमा बाल उद्यान, फूलबारी, करेसाबारी, वृक्षरोपण आदि जस्ता कार्यक्रम समावेश गरी हरित विद्यालय बनाइने छ ।<br>३. अतिरिक्त क्रियाकलापहरूलाई व्यवहारिक क्रियाकलापमा परिणत गरी कार्यविधि बनाइ प्रत्येक शुक्रबारलाई बुक फ्री बनाइने छ । |
| ६ | आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने । | १. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हाँसिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।<br>२. निश्चित समयको अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण गरी सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गरिनेछ ।<br>३. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउन आवश्यक लगानीको प्रबन्ध गर्न सङ्घीय र प्रादेशिक सरकारसँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ। |

| | | |
|---|---|---|
| | | ४. विद्यालयमा रचनात्मक क्रियाकलापहरू सञ्चालनका लागि विद्यालयको SIP र प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गरिनेछ । |
| ७ | आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने । | १. आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा उपलब्ध गराइनेछ ।<br>२. बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चतता प्रदान गर्दै अपाङ्गता मैत्री विद्यालय भवनहरू निर्माण गरिनेछ । |

## ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

१. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
२. आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ।

### ख) नतिजा

१. अपाङ्गता र समावेशी शिक्षा दिने विद्यालयहरूको सङ्ख्यामा वृद्धि भएको हुने
२. शिक्षण प्रणालीलाई व्यावहारिक तथा सिर्जनात्मक एवम् अनुसन्धानात्मक विधिको विकास हुने
३. कक्षाकोठाको सिकाइ बाल मैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री हुने
४. सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइएको हुने
५. विद्यालयको स्वमूल्याङ्कन एवम् अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिएको हुने
६. सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत दरबन्दी मिलान र वितरण गरिएको हुने
७. विद्यालयमा भयमुक्त भइ सुरक्षित सिकाइ वातावरण निर्माण गरिएको हुने
८. अनुगमन, सुपरीवेक्षण, शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तर अभिवृद्धि गरिएको हुने
९. बालमैत्री विद्यालयका लागि बालसमूह गठन, क्षमता अभिवृद्धि र जिम्मेवारी सहित परिचालन गरी बालसुशासन कायम गरिएको हुने ।
१०. विद्यालयमा इ—हाजिरीको व्यवस्थापन निरन्तरता दिई समयलाई चुस्तदुरुस्त बनाइएको हुने
११. विद्यालयको भौतिक पूर्वाधार सबल, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्री सहितका बनाइएको हुने
१२. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने

१३.विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने

१४.शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने

१५.स्थानीय पाठ्यक्रम निर्माण भइ सवै विद्यालयमा लागु हुने ।

## ग) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने | बालबालिका सङ्ख्या | १४६५१ | १४४५ | १४५३१ | १४६२८ | १४९६४ | **नगरपालिका भित्रका सबैप्रकार काविद्यालय मा** |
| २ | सबै आधारभूत विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा हुने | विद्यालय | ३ | ४ | ४ | ४ | ५ | |
| ३ | सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने | विद्यालय सङ्ख्या | २ | ३ | ४ | ४ | ५ | |
| ४ | आधारभूत शिक्षाको कुल भर्ना सहभागितमा लैङ्गिक समता सूचकमा सुधार हुने । | विद्यालय | ० | १ | २ | ३ | ४ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने | विद्यालय सङ्ख्या | ० | २ | ३ | ४ | ५ | |
| ६ | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भई सिकाइमा सहयोग हुने | विद्यालय सङ्ख्या | ० | १ | ३ | ४ | ४ | |
| | शैक्षिक सुशासन कायम हुने विद्यालय | विद्यालय सङ्ख्या | ३ | ४ | ४ | ४ | ५ | |

## ३.२.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| कार्यक्रम | एकाइ | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| सबै बालबालिकालाई विद्यालय भर्ना अभियान सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| विद्यालयको सेवा क्षेत्र पहिचान र नक्साङ्कन गर्ने | पटक | १ | ० | १ | ० | ० | ० | |
| दरबन्दी मिलान र पुनर्वितरण तथा समायोजन गर्ने | पटक | ४ | ० | १ | १ | १ | १ | |
| शिक्षक क्षमता विकास गर्ने(१-३,४ -५,६ - ८,तीन तहमा) | पटक | ५ | १ | १ | १ | १ | १ | |
| व्यवस्थित परीक्षा प्रणाली र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अपाङ्गता, छात्रा र विपन्नका लागि छात्रवृत्ति व्यवस्था गर्ने | बालबालिका सङ्ख्या | २८४५० | ५४६७ | ५५७६ | ५६८८ | ५८०२ | ५९१८ | |
| विव्यस, शिअसङ्घा पदाधिकारीहरूको क्षमता विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | |
| उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने | सङ्ख्या | १५ | ३ | ३ | ३ | ३ | ३ | |
| शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| कक्षा १-३ मा बालमैत्री कक्षा व्यवस्थापन गर्ने | कक्षा सङ्ख्या | ६० | १२ | २० | ३० | ४५ | ६० | |
| हरित विद्यालय व्यवस्थापन गर्ने | विद्यालय सङ्ख्या | ४ | ० | २ | १ | १ | ० | |
| सिकाइ कुना (Book Corner) निर्माण तथा पुस्तक सहयोग कक्षा १- ३ | सङ्ख्या | २८ | ० | ७ | ७ | ७ | ७ | |
| अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| सबै बालबालिकालाई विद्यालय भर्ना अभियान सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| विद्यालयको सेवा क्षेत्र पहिचान र नक्साङ्कन गर्ने | पटक | १ | ० | १ | ० | ० | ० | |

# ३.३ माध्यमिक शिक्षा

## ३.३.१ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ । नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य

तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर सङ्घ , प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ । संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशानिर्देश गरेको छ ।

नेपालमा विगत लामो समयदेखि अभ्यासमा रहेको माध्यमिक तह कक्षा ९—१० तथा कक्षा ११ —१२ निकै महत्त्वपूर्ण र सबैको चासोको विषयको रूपमा रहेको छ । परिवर्तित सन्दर्भमा विद्यालय शिक्षाको कक्षा १—८ आधारभूत र कक्षा ९—१२ लाई माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ । माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन जिम्मेवारीसमेत स्थानीय तहलाई दिइएको छ । यद्यपि कक्षा ९—१० र कक्षा ११—१२ का विद्यार्थीहरूले प्राप्त गर्नुपर्ने सक्षमताहरू (सिकाइ उपलब्धिहरू) भने अलग अलग निर्धारण गरिएका छन्। अलग अलग पाठ्यक्रम संरचनाहरू तयार गरिएको र विद्यार्थीहरूको स्तर निर्धारणको लागि एउटै राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्त्यमा प्रदेश स्तरबाट र कक्षा १२ को अन्त्यमा सङ्घीय स्तरबाट लिइने व्यवस्था मिलाइएको छ । माध्यमिक शिक्षालाई तपसिल वमोजिम तीन भागमा विभाजन गरिएको छ १) साधारण शिक्षा अन्तर्गत नियमित र खुला तथा वैकल्पिक शिक्षा, २) प्राविधिक तथा व्यावसायिक शिक्षा, ३) परम्परागत तथा धार्मिक शिक्षा अन्तर्गत संस्कृत शिक्षा, गुरुकुल र मदरसा,आदि ।

माध्यमिक तहमा आत्मविश्वासी, नैतिकवान, इमान्दार,लोकतान्त्रिक आचरण भएका,राष्ट्रिय एकताभाव, बहुसांस्कृतिक मूल्य मान्यता ,विविधता राष्ट्रिय आदर्शमा गौरव गर्न सक्ने, शान्ति, मानवअधिकार, दिगो विकास ,पर्यावरणीय सन्तुलन, द्वन्द व्यवस्थापन र विपद व्यवस्थापन प्रति सचेत र जिम्मेवार,सबै प्रकारका श्रम र पेसाप्रति सम्मान गर्न सक्ने, सिपयुक्त,ज्ञान र प्रविधिले युक्त ,राष्ट्रिय,अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने,व्यक्तिगत ,सामाजिक र राष्ट्रिय रूपमा आइपर्ने समस्याहरूसँग जुध्न सक्ने, अरूको विचार र भावनाको सम्मान एवम् कदर गर्न सक्ने, सकारात्मक सोच,सिर्जनशील,समालोचनात्मक सोच र अभ्यास गर्न सक्ने असल र सक्षम नागरिक तयार गर्नु माध्यामिक शिक्षाका मूल उद्देश्यहरू रहेका छन् ।

### ३.३.२ वर्तमान अवस्था

जनगणना २०७८ अनुसार सैनामैना नगरपालिकाभित्र ४ वर्षदेखि १६ वर्ष उमेर समूहका बालबालिकाहरू जम्मा २२०७९ रहेका छन् । यस नगरपालिका भित्र १३ वटा सामुदायिक विद्यालय, ११ संस्थागत गरी जम्मा २४ माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । यी मध्ये माध्यमिक विद्यालयमा प्राविधिक धार तर्फ एउटा मात्र विद्यालय रहेको छ । हाल सञ्चालित २४ माध्यमिक विद्यालयहरूमा ४८७४ विद्यार्थी अध्ययन गरिरहेका छन्। जसमा सामुदायिक तर्फ ३६५५ र संस्थागत तर्फ १२१९ रहेका छन् । माध्यमिक ११ र

१२ मा एक  नमुना विद्यालयमा मार्फत विज्ञान विषयको अध्यापन हुदै आएको छ । माध्यमिक तर्फ विद्यार्थी भर्नाको अवस्थालाइ विश्लेषण गर्दा संस्थागतमा २५ प्रतिशत मात्र  देखिन्छ भने  ७५ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा भर्ना  भइ अध्ययन गरिरहेका छन् । यो अवस्थालाई हेर्दा यस नगरपालिकाको माध्यमिक तहमा गुणस्तरीय  शिक्षा प्रदान भएकाकोले  अभिभावक र विद्यार्थीको रोजाइमा सामुदायिक विद्यालय रहेको देखिन्छ ।

नगरपालिकामा विद्यार्थी सङ्ख्याका  सञ्चालित कक्षा र विषयगत रूपमा पर्याप्त शिक्षक नभएकाले निःशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउन नसकिएको अवस्था छ । केही माध्यमिक विद्यालयहरू विज्ञान प्रयोगशालाको अवस्था सुधार गर्नुपर्ने रहेको छ । सबै माध्यमिक विद्यालयहरूले सूचना प्रविधि सहयोग (कम्प्युटर तथा इन्टरनेट) सुविधा प्राप्त गरेको अवस्था छ । माध्यमिक विद्यालयहरूमा पुस्तकालय व्यवस्थापन र प्रयोगमा रहेका छन् । पाँच सामुदायिक विद्यालयहरूकोआफ्नै यातायातको सुविधा उपलब्ध रहेको छ । सरकारको ससर्त अनुदान मार्फत  माध्यमिक तहमा अध्ययन गर्ने  सबै बालिकाहरूका लागि सेनेटरी प्याड निःशुल्क उपलब्ध गराइएको छ । विशेष शिक्षाको पठनपाठनका लागि आवश्यक बालबालिकाहरूका लागि नगरपालिकामा विशेष विद्यालय वा स्रोत कक्षा नभएका कारणले अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षाको अवसर प्राप्त छैनन् ।

**समस्या र चुनौती**

१ निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्न
२ माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन
३ विपन्न,अपाङ्गता र दलित बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न
४ माध्यमिक तहमा खुद भर्नादर बढाउन
५ सूचना तथा सञ्चार लगायतका प्रविधिको पहुँच विस्तार गरी शिक्षण सिकाइमा  प्रयोग गर्न
६ सिकाइ उपलब्धिमा सुधार गर्न
७ सबै माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई न्यूनतम सक्षमता पूरा गर्न ।
८ विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन ।
९ विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्न ।

*तालिका २५:३.८,सैनामैना नगरपालिका माध्यमिक शिक्षाका सूचकहरू*

| क्र.स. | सुचकहरू | २०८० सालको अवस्था |
|---|---|---|
| .१ | माध्यमिक कूल भर्ना | ११०.४ |
| .२ | माध्यमिक खुद भर्ना | ६२.६ |
| .३ | कुल भर्ना दरमा लैङ्गिक समता सूचक | **०.८६** |
| .३ | शिक्षक विद्यार्थी अनुपात | **१:५९** |

**स्रोत : EMIS २०८१**

*तालिका २६:३.३.९, स्थानीय तहको माध्यमिक तहमा सेवा प्रवाहको अवस्थाः २०८१*

| सामुदायिक | | | संस्थागत | |
|---|---|---|---|---|
| वडा नं | कक्षा ९—१० | कक्षा ९—१२ | कक्षा ९—१० | कक्षा ९—१२ |
| १. | ० | २ | १ | ० |
| २. | ० | ० | ० | १ |
| ३. | ० | ० | ० | १ |
| ४. | ० | १ | १ | १ |
| ५. | २ | ० | ० | ० |
| ६. | ० | २ | ० | ० |
| ७. | २ | ० | १ | |
| ८. | ० | ० | २ | ० |
| ९. | १ | ० | ० | ० |
| १०. | १ | १ | १ | ० |
| ११. | १ | ० | ० | ० |
| जम्मा | ७ | ६ | ६ | ३ |

**स्रोत : EMIS 2081**

*तालिका २७:३.१०, तह अनुसार विद्यालय गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८१*

| | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा |
|---|---|---|---|
| सामुदायिक | २१८६ | १४६९ | ३६५५ |
| संस्थागत | ११४७ | ७२ | १२१९ |
| जम्मा | ३३३३ | १५४१ | ४८७४ |

**स्रोत : EMIS 2081**

*तालिका २८:३.११, शैक्षिक वर्ष २०८१ को माध्यमिक तहमा जम्मा विद्यार्थी सङ्ख्या*

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ९ | १०० | १२१ | २९१ | ३११ | ४१३ | ४४७ | ३ | १ |
| १० | १३४ | १३९ | २८३ | २७१ | ३८६ | ४३७ | ४ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | ३७ | ३२ | ९७ | ७९ | ९६ | ६२ | ३ | १ |
| १२ | ११२ | ९० | २१७ | १७३ | २३८ | ३०८ | १ | १ |
| जम्मा | ३८३ | ३८२ | ८८८ | ८३४ | ११३३ | १२५४ | ११ | ५ |
| कूल जम्मा | ४८७४ | | | | | | | |

**स्रोत :** **EMIS 2081**

## ३.३.३ उद्देश्यहरू

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छः

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाइ समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

## ३.३.४ रणनीति र कार्यनीति

| क्र. सं. | **रणनीति** | **कार्यनीति** |
|---|---|---|
| १ | माध्यमिक तहमा सबै प्रकारका बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गरिने । | १.माध्यमिक शिक्षा प्राप्त गर्ने सबैका लागि पहुँच सुनिश्चित गर्न र टिकाउ दर बढाउन विद्यार्थीलाई विविध प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने<br>२.कक्षा ११ र १२ मा अध्ययन गर्ने बालबालिकालाई आवश्यकताका आधारमा पाठ्यक्रमले तोकेबमोजिम पाठ्यघण्टा / कार्यघण्टा पूरा गर्ने गरी बिहानी / दिवा सत्रमा कक्षा सञ्चालन गर्ने<br>३.सङ्घीय मापदण्ड अनुसार नगरपालिकाले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत माध्यमिक विद्यालयको स्थापना र समायोजन गर्ने<br>४.विद्यार्थी सङ्ख्याको आधारमा हरेक वर्ष दरबन्दी मिलान कार्य गरी विद्यार्थी सङ्ख्याको आधारमा नगर स्रोतबाट समेत आवश्यक दरबन्दीको व्यवस्था गर्ने<br>५.आर्थिक रूपले विपन्नहरूका लागि साधारण, प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा समन्यायिक अवसर प्रदान गर्न विद्यार्थी वित्तीय सहायता कोष स्थापना गरी लागु गरिनेछ । |

| | | |
|---|---|---|
| | | ६.विद्यार्थीको नियमितता र टिकाउदर बढाउन तथा कक्षा छाड्ने दर न्यूनीकरण गर्न शिक्षक ,वि.व्य.स. ,शि. अ. सङ्घ र जनप्रतिनिधिको प्रतिनिधित्व रहेको अभिभावक समन्वय टिम बनाइ अभियान सञ्चालन गर्ने<br>७.विद्यार्थीको रूचि र आवश्यकतालाई मध्यनजर गरी उनीहरूकै संलग्नतामा सम्पादन हुने गरी व्यावहारिक किसिमले शिक्षण सिकाइ क्रियाकलापहरूको ढाँचा तयार गरी कार्यान्वयन गर्ने<br>८.सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहित विद्यालयलाई नियमित अनुदान प्रदान गर्नुका साथै विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने<br>९.नगरपालिकाभित्र रहेका गरिब तथा जेहेन्दार प्रतिभाशाली विद्यार्थीलाई माध्यमिक शिक्षा अध्ययन गर्नका लागि सहयोग प्रदान गर्ने कार्यक्रमको थालनी गर्ने । |
| २ | विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिवृद्धि गर्ने | १. कक्षाकोठाको वातावरण सिकाइ मैत्री, बाल मैत्री, र अपाङ्ग मैत्री बनाइनेछ ।<br>२. विद्यालयहरूमा कम्प्युटर ल्याब, पुस्तकालय, विज्ञान प्रयोगशाला बनाउन थप कक्षाकोठा र सामग्रीको व्यवस्था मिलाइनेछ ।<br>३. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै डिजिटल डिभाइस र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि पहुँच बढाइने छ ।<br>४. प्रभावकारी शिक्षक व्यवस्थापन, आवश्यकता तथा सक्षमतामा आधारित शिक्षकका लागि पेसागत विकास कार्यक्रम सञ्चालन गरिने छ।<br>५. माध्यमिक तहमा (STEM-Approach) को माध्यमबाट विद्यार्थीहरूमा व्यवहार कुशल सिपको विकास गर्ने व्यवस्था मिलाइनेछ ।<br>६. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।<br>७. विद्यालयको गुणस्तरीय शैक्षिक विकास तथा व्यवस्थापनका लागि विभिन्न सङ्घ संस्था, अभिभावक लगायत सम्पूर्ण सरोकारवालाको अपनत्व वृद्धि गरिनेछ । |

| | | |
|---|---|---|
| | | ८. माध्यमिक तहका कक्षाहरूमा विषयगत सिकाइको सहजता र सम्बन्ध स्थापित गर्न कक्षागत कक्षाकोठाका अतिरिक्त विषयगत सिकाइ कक्षाकोठा तयार गरी सहजीकरण गरिनेछ ।<br>९. माध्यमिक तहका कक्षाहरूमा विद्यार्थीहरूलाई आफ्नो सिकाइ उपलब्धि सुधारका लागि आफैले योजना निर्माण (Planning of Learning Achievement by Students- PLAS) गरी अध्ययन गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ ।<br>१०.विद्यालयहरूलाई नियमन गरी उत्कृष्ट विद्यालयलाई पुरष्कृत गर्न कार्यसम्पादन परीक्षण कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।<br>११.साधारण माध्यमिक शिक्षाको धारमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षालाई सम्भाव्यताका विस्तार गरिने छ।<br>१२.अनलाइन र अफलाइन पाठ्यसामग्रीहरूको विकास तथा प्रयोग गरी विपत्मा पनि शिक्षण कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।<br>१३.शिक्षण सिकाइलाई अनुसन्धानमा आधारित गर्न शिक्षकलाई प्रोत्साहन गरिनेछ । |
| ३ | निजी लगानीमा सञ्चालनमा आएका माध्यमिक विद्यालयको नियमन गरी नाफामूलकबाट सेवामूलकमा रूपान्तरण गर्न सहकार्य गर्ने । | १. संस्थागत विद्यालयहरूको प्रभावकारिताका लागि आवश्यक नीतिगत र कानुनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थाहरूलाई सेवामूलक बनाउन सङ्घ एवम् प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>२. संस्थागत विद्यालयहरूसँग उनीहरूको बारेमा कुनै पनि निर्णय सम्पादन गर्दा उनीहरूको सहभागिता र सहमतिलाई पनि आधार बनाइनेछ ।<br>३. स्थानीय तहद्वारा संस्थागत विद्यालयहरूको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गरिनेछ । |
| ४ | माध्यमिक शिक्षालाई **सिक्दै कमाउँदै** को अवधारणा र भावनाको विकास गर्ने | १. सिकाइ र सिपको तादम्यता मिलाइ आर्थिक सबलीकरण गर्न विद्यालयको परिवेश र स्रोत साधनको उपलब्धता अनुसार कार्यक्रम लागु गरिनेछ । |

| | | |
|---|---|---|
| | | २. सैद्धान्तिक तथा प्राज्ञिक ज्ञानलाई गरी खाने शिक्षाको रूपमा रूपान्तरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।<br>३. **पढ्दै कमाउँदै** कार्यक्रम अन्तर्गत हासिल गरेका सिप र दक्षता उल्लेख भएको सिप प्रमाणपत्र (Skill Certificate) उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।<br>४. **पढ्दै कमाउँदै** कार्यक्रमलाई विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन कार्यसँग जोडी विद्यार्थीहरूमा व्यावसायिक सिप प्रवर्धन गर्न कार्यक्रम विकास गरी सञ्चालन गरिनेछ । |
| ५ | शैक्षिक व्यवस्थापनप्रति जिम्मेवार र जवाफदेही बनाउन विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरी परिचालन गरिने । | १. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरी परिचालन गरिने छ ।<br>२. प्रत्येक विद्यालयले अनिवार्य रूपमा विद्यालय सुधार योजना निर्माण गर्न लगाई सोही बमोजिम आवश्यकतामा आधारित शैक्षिक कार्यक्रम विकास तथा सञ्चालनमा प्राथमिकता प्रदान गरिनेछ ।<br>३. विद्यालय बाहिर रहेका बालबालिकाको वास्तविक तथ्याङ्क तयार गरी तथ्याङ्कमा आधारित शैक्षिक कार्यक्रम विकास तथा कार्यान्वयन गरिनेछ ।<br>४. विद्यालयमा नियमित रूपमा सामाजिक परीक्षण गरी अनिवार्य सार्वजनिक सुनुवाइका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. विद्यार्थी प्रगति प्रतिवेदनको व्यवस्था गरी शिक्षक तथा अभिभावकलाई सिकारुको सिकाइप्रति जिम्मेवार बनाइनेछ ।<br>६. नीति निर्माणमा अभिभावकहरूको सहभागितालाई सुनिश्चित गर्दै स्रोतको खोजी र निर्माणमा सहभागी गराइनेछ ।<br>७. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता प्रदान गरी शिक्षण पेसालाई आकर्षित र मर्यादित बनाइनेछ । |

| | | |
|---|---|---|
| ६ | विद्यालयलाई प्रकोप, सङ्कट तथा महामारी परिस्थितिप्रति उत्थानशील बनाउने जिवन उपयोगी सिपलाई प्रवर्धन गर्ने | १. बदलिँदो जलवायु परिवर्तन तथा पारिस्थिक प्रणालीप्रति जवाफदेही तुल्याउन हरेक विद्यालयमा Green school अवधारणा ल्याई विद्यार्थीलाई परियोजना कार्यमा सहभागी गराइनेछ ।<br>२.महामारी र विद्यालयमा हुनसक्ने सङ्कट तथा विपद व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गरिने छ। |

## ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

१ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

२ निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।

### ख) प्रमुख नतिजाः

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भएको हुने

२. खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने

३. सबै माध्यमिक विद्यालयले बालमैत्री विद्यालय राष्ट्रिय मापदण्ड पूरा गरेको हुने

४. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुने

५. पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने

६. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने

७. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने

८. माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने

९. सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने

१०.माध्यमिक तहको शिक्षामा सुशासन कायम भएको हुने

११.माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह भएको हुने

१२.बदलिँदो जलवायु परिवर्तन तथा पारिस्थितिक प्रणालीप्रति जवाफदेही भएको हुने

१३.पढ्दै कमाउदै कार्य गरी विद्यार्थीको टिकाउ दरमा वृद्धि भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | निःशुल्क माध्यमिक ९ देखि १२ तहको शिक्षामा पहुँच सुनिश्चित हुने | बालबालिका | ४८७४ | ५२४२ | ६३०० | ६२३३ | ६०४९ | **नपा भित्रका सबै प्रकारका विद्यालय** |
| २ | सबै माध्यमिक विद्यालयहरू मा विषयगत शिक्षकको व्यवस्था भएको हुने | विद्यालय सङ्ख्या | ० | १० | १२ | १३ | १३ | |
| ३ | माध्यमिक तहमा गुणस्तरीय शिक्षा सुनिश्चितता हुने | विद्यालय सङ्ख्या | ० | १० | १३ | १३ | १३ | |
| ४ | विद्यालयहरू बालमैत्री, समावेशी र सुरक्षित हुने | विद्यालय सङ्ख्या | १० | १३ | १३ | १३ | १३ | |
| ५ | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि | विद्यालय सङ्ख्या | १० | १३ | १३ | १३ | १३ | |

| क्र.सं. | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने | | | | | | | |
| ६ | माध्यमिक विद्यालयका एक शिक्षक एक ल्यापटपको व्यवस्था भएको हुने | विद्यालय सङ्ख्या | ० | ३ | ८ | १३ | १३ | |
| ७ | माध्यमिक विद्यालयमा स्वास्थ्यकर्मी भएको हुने | विद्यालय सङ्ख्या | ५ | ७ | १२ | १३ | १३ | |

## ३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रम सं | कार्यक्रम | एकाइ | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी | पटक | १ | ० | १ | ० | ० | ० | |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | ० | १ | ० | ० | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी सर्वेक्षण र अद्यावधिक गर्ने | | | | | | | | |
| ३ | विद्यालयमा मापदण्ड अनुसार नपुग शिक्षकको व्यवस्था गर्ने | दरबन्दी नपुग विद्यालय | १ | ० | १ | ० | ० | ० | |
| ४ | सिर्जनात्मक क्रियाकलापका लागि विद्यालयहरुलाई प्रस्ताव र काममा प्रोत्साहन अनुदान दिने | विद्यालय संख्या | १३ | ० | ३ | २ | ४ | ४ | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ८ | ० | २ | २ | २ | २ | |
| ६ | माध्यमिक शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित शिक्षा (STEM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्ने | विद्यालय सङ्ख्या | ५ | १ | १ | १ | १ | १ | |
| ७ | विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी सङ्ख्या | ५ | ० | २ | १ | १ | १ | |
| ८ | विव्यस तथा पिटिए पदाधिकारीहरूको क्षमता विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ९ | विद्यालयहरूमा सिकाइ उपलब्धि सुधारका लागि (Planning of Learning Achievement by Students-PLAS) कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | १३ | ० | १३ | १३ | १३ | १३ | |
| १० | कक्षा ११/१२ मा विज्ञान अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने | विद्यार्थी सङ्ख्या | ४० | ० | १० | १० | १० | १० | |
| ११ | उत्कृष्ट शिक्षक र कर्मचारी पुरस्कार व्यवस्था गर्ने | सङ्ख्या | १० | २ | २ | २ | २ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | जु.रे.स.,यु.रे.स स्काउट, बाल क्लव परिचालन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| १३ | स्यानिटरी प्याड व्यवस्थापनका लागि मेसिन वितरण | सङ्ख्या | १३ | १३ | ० | ० | ० | ० | |
| १४ | शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | प्रत्येक माध्यमिक विद्यालयमा CCTV जडान | सङ्ख्या | १३ | ० | ४ | ४ | ४ | १ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

देशलाई आवश्यक पर्ने असल, योग्य, सक्षम जनशक्ति उत्पादनमा टेवा पुऱ्याउन आर्थिक, सामाजिक, सांस्कृतिक एवम् पूर्वाधार विकासका लागि आवश्यक जनशक्ति उत्पादन गरी आर्थिक समृद्धि, सुशासन विकास र दिगो शान्तिको लक्ष्य हासिल गराई रोजगार उन्मुख, सिप विकास, उद्यमशीलताको विकास तथा आर्थिक रूपान्तरणमा सहयोग गरी मुलुकको समग्र विकासमा प्रविधिक तथा व्यावसायिक शिक्षाको भूमिका महत्त्वपूर्ण रहन्छ । आर्थिक, सामाजिक रूपान्तरणको सङ्कल्पलाई सफल बनाई विद्यालय तह देखि नै प्राविधिक तथा व्यवसायिक शिक्षालाई समावेश गरी अनिवार्य गर्नुपर्दछ। नेपालको संविधानमा व्यवस्था गरिएका शिक्षा सम्बन्धी मौलिक हकहरू, आर्थिक, सामाजिक रूपान्तरणका लक्ष्य, दिगो विकासका लक्ष्य प्राप्तिको प्रतिबद्धता, राष्ट्रिय नीति एवम् अन्तराष्ट्रिय मञ्चमा व्यक्त गरेको प्रतिबद्धताको कार्यन्वयन गर्दै प्राविधिक एवम् व्यावसायिक शिक्षालाई व्यवस्थित, गुणस्तरीय र कामको संसारसँग जोड्नु आजको आवश्यकता हो ।

वि. स. २०७२ को संविधान सँगसँगै **समृद्ध नेपाल, सुखी नेपाली**"भन्ने राष्ट्रिय आकाङ्क्ष पूरा गर्नका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा प्राविधिक र व्यवसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने गरिएको छ । सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घ ले सन् २०३० सम्ममा हासिल गर्नेगरी निर्धारण गरेको विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् रोजगारीका अवसरहरू सिर्जना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

### ३.४.२ वर्तमान अवस्था

देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ्य, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगार उन्मुखत तथा मूल्यउन्मुख तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत सहभागिता, सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालन र परिचालन गर्नका लागि तीनै तहका सरकारहरूको महत्त्वपूर्ण भूमिका देखिन्छ । नेपाल सरकार तत्कालीन शिक्षा विभाग (हाल शिक्षा तथा मानवस्रोत विकास केन्द्र) मार्फत अनुमति प्राप्त गरी शैक्षिक सत्र २०७४ देखि सैनामैना नगरपालिका अन्तर्गत वडा नं.१० मा अवस्थित श्री पशुपति माध्यमिक विद्यालय यस नगरपालिकाको एक मात्र प्राविधिक विद्यालयको रूपमा सञ्चालन भएको छ । सामुदायिक रूपमा सञ्चालन भइरहेको सैनामैना नगरपालिकाको प्राविधिक विद्यालयमा, वस्तुगत विवरण २०८० अनुसार प्रविधिक शिक्षातर्फ कूल ६३ जना अध्ययनरत छात्र, छात्रा रहेका छन् ।

*तालिका २९:३.१२, नगरपालिकामा सञ्चालित प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थी विवरण*

| क्र.स. | विद्यालयको नाम | कक्षा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ९ | | १० | | ११ | | १२ | |
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | पशुपति मा.वि. | ८ | २० | ४ | ११ | १ | १० | १ | ८ |

स्रोत सैनामैना शैक्षिक प्रोफाइल २०८०

यस शिक्षण संस्थामा ६३ जना छात्रछात्राहरू अध्ययनरत छन् । नगरपालिकाको ११ वटा वडामध्ये वडा नं ९, १० र ११ मा मात्र प्रविधिक शिक्षाको पहुँच पुगेको छ । बाँकी १देखि ८ वडाहरूमा आवश्यकताको प्रविधिक शिक्षाको विकास तथा विस्तार गर्नुपर्ने देखिन्छ । माथिको वर्तमान अवस्थाको समस्या र चुनौती विश्लेषण गरिएको छ ।

**क) समस्या र चुनौती**

१. प्राविधिक धारतर्फ विद्यार्थी भर्ना

२. प्राविधिक जनशक्ति उपलब्धता र टिकाउन

३. प्राविधिक धार व्यवस्थापन गर्न

४. पाठ्यक्रममा कार्यान्वयनमा कठिनाइ

५. व्यवहारिक अभ्यासमा (ओ.जे.टी)

६. स्थानीय सरकारको लगानीमा कमी

७. विषयगत जनशक्तिको अभाव

८. शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजारप्रणालीसम्म आबद्ध गर्ने गरी प्रणालीगत विकास तथा विस्तार गर्न

९. प्राविधिक र व्यावसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापनमा गर्न

### ३.४.३ उद्देश्य

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्नु

२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि रोजगारी तथा स्वरोजगारीका अवसर उपलब्ध गराउनु

### ३.४.४ रणनीतिक क्रियाकलापहरू

| क्र सं | रणनीति | क्रियाकलापहरू |
|---|---|---|
| १ | प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गरी क्षमता विकास गर्ने । | १.पालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२.प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि स्थानीय, प्रदेश प्राविधिक शिक्षालय तथा सङ्घीय विद्यालयसँग सहकार्य गरिनेछ ।<br>३.प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, विभिन्न सङ्घ संस्था लगायतका सरोकारवाला र समुदायसँग सहकार्य र लागत साझेदारी गर्ने प्रबन्ध गरिनेछ ।<br>४.सैनामैना नगरपालिकामा सञ्चालित प्राविधिक धारतर्फका कक्षा ९ -१२ का लागि छुट्टै भवनमार्फत सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिनेछ ।<br>५.प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तयार गरेका प्राविधिक र व्यावसायिक धारका कार्यक्रमहरूलाई नगरपालिकाको आवश्यकता,सम्भाव्यता र मौलिकता अनुकूल हुने गरी छनोट गरेर सञ्चालन गर्न नगरपालिका स्तरमा विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापन एकाइको गठन गरी कार्य सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| | | ६.स्थानीय प्राथमिकताका कृषि, विज्ञान तथा प्रविधि इलेक्ट्रोनिक इलेक्ट्रीसियन, पर्यटन, इन्जिनियरिङ, नविकरणीय उर्जा, अटोमोवाइल, पेन्टिङ, प्लम्बिङ, सैलुन, सेक्युरीटी गार्ड, उद्योग तथा व्यापार मध्ये आवश्यकताका सबै वा केही प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूको स्थापना र सञ्चालन गर्नका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>७.प्राविधिक धारतर्फका प्रशिक्षकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| २ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई समतामूलक पहुँच स्थापित गर्दै उद्यमशील जनशक्ति उत्पादन गर्ने | १.सम्बन्धित क्षेत्रका रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकास कार्यक्रम, इन्टर्नसीप र अन द जब ट्रेनिङग सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ<br>२.आर्थिक, सामाजिक तथा अपाङ्गता आदि कारणले परेका व्यक्तिहरूलाई प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३.नगरपालिकामा प्राविधिक शिक्षा सञ्चालन गरेका विद्यालयहरूलाई त्यहाँ अध्ययनरत विद्यार्थी संख्याका आधारमा अनुदान र छात्रवृत्ति कायक्रम उपलब्ध गराइनेछ ।<br>४.प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गरेका विद्यार्थीहरूका लागि उच्चशिक्षा अध्ययन गर्न छात्रवृत्ति कार्यक्रमलाई विस्तार गरी निरन्तरता प्रदान गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ । |
| ३ | प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसर वृद्धि गर्ने | १. नवीन प्रविधि, व्यावसायिक दक्षता र परम्परागत सिपलाई आवश्यकता अनुसार एकीकृत गरी आयआर्जन तथा रोजगारीका अवसर वृद्धि गरिनेछ ।<br>२. पुख्यौंली र रैथाने सिप तथा व्यवसायलाई आधुनिक प्रविधिमार्फत स्थापित गर्दै परम्परागत व्यावसायिक सिपलाई प्रमाणीकरण गर्न सङ्घीय र प्रदेशका त्यस सम्बन्धी संस्थागत संयन्त्रसँग सहकार्य गरिनेछ ।<br>३. पालिकाको केन्द्र वा पायक पर्ने स्थानमा प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षार्थीहरूबाट उत्पादित सामग्रीहरूको बजारीकरणका लागि नगरपालिकाद्वारा पहल गरिनेछ । |

| | | |
|---|---|---|
| | | ४. नगरपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गर्दै लगिनेछ ।<br>५. प्राविधिक शिक्षालाई प्रयोगात्मक, व्यवहारिक समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार लगायतका विभिन्न सङ्घ संस्था तथा सरोकारवालाहरू सँग सहकार्य गरिनेछ । |
| ४ | श्रमप्रति सम्मान गर्ने शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग आवद्ध गर्ने | ६. प्राविधिक र व्यावसायिक क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता हुने गरी कार्यक्रम विकास गरिनेछ ।<br>७. प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान र सेवाउन्मुख बनाउन प्रेरित गरिनेछ ।<br>८. प्राविधिक शिक्षा हासिल गरेर श्रम संस्कृतिको विकास गर्ने र उत्पादनमा संलग्न हुने श्रमिक एवम् जनशक्तिका निमित्त नगरपालिकाले विशेष रणनीति बनाइ कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>९. विभिन्न जात जातिहरूको व्यावसायिक तथा परम्परागत सिप र श्रमको सम्मान गर्दै पालिकाभित्र उनीहरूबाट उत्पादित हस्तकलासँग सम्बन्धित सामग्रीहरूको उत्पादनमा प्रोत्साहन तथा बजारीकरणमा प्रर्वधन गरी आत्मनिर्भर उन्मुख बनाइनेछ ।<br>१०. प्रत्येक वर्ष पालिकाभित्र विविध क्षेत्रमा व्यावसायिक सिपमा आवद्ध अनुकरणीय स्वरोजगारकर्ता तथा उत्कृष्ट रोजगारदाता घोषणा गरी व्यावसायिक शिक्षाको प्रर्वधन गरिनेछ । |
| ५ | सिपमूलक शिक्षा प्रदान गरी रोजगारीका क्षेत्रहरू विस्तार गर्दै स्थानीय स्तरमा स्वरोजगारको वातावरण सिर्जना गर्ने | १. विद्यार्थीहरूको लागि स्थानीय तहमा प्राविधिक शिक्षा तथा सिप विकासको पहुँच सुनिश्चित गरी प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गरिनेछ ।<br>२. प्रविधिक तथा व्यवसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति लगायतका क्षेत्रमा केन्द्रित गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ ।<br>३. आफूले आर्जन गरेका ज्ञान र सिप स्थानीय स्तरमै प्रयोग गरी आय आर्जन गर्ने खालका क्रियाकलाप सञ्चालन गरी आत्मनिर्भर हुन आवश्यक सहयोग गरिनेछ । |

| | | |
|---|---|---|
| | | ४. आर्थिक, सामाजिक तथा विविध कारणले परेका र अपाङ्गता भएका व्यक्तिहरूलाई प्रविधिक सिपमार्फत स्थानीय स्तरमा नै स्वरोजगारको वातावरण सिर्जना गर्न विशेष सहुलियत दिने नीति अवलम्बन गरिनेछ । <br>५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा स्थानीय व्यापार तथा उद्योग क्षेत्रको सहभागिता वृद्धि गर्न प्रोत्साहन गरिनेछ । |

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्वरोजगारी र जिविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुनेछ ।

२. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये कम्तिमा १०% प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुनेछन्।

**ख) नतिजा**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रममा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि भएको हुने
२. प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थापन गर्नका लागि नगरपालिका स्तरमा विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन एकाइको गठन भएको हुने
३. प्राविधिक शिक्षासम्बन्धी गतिविधिहरू प्रयोगात्मक, व्यावहारिक र समयानुकूल भएको हुने
४. प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्ति पेसाप्रति समर्पित भइ काम गरेको हुने
५. नागरिकमा श्रमप्रतिको सम्मान भाव विकास भएको हुने
६. नगरपालिकामा सञ्चालनमा रहेका सबै प्राविधिक शिक्षालयहरूले विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कार्यक्रम प्राप्त गरेको हुने ।
७. नगरपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र निःशुल्क गरिएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा | विद्यालय | १ | २ | २ | २ | २ | |

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | | | | | | | |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | विद्यालय | ७५ | १२५ | १३० | १४० | १५० | |
| ३ | प्राविधिक तथा व्यावसायिक सिप विकाससम्बन्धी छात्रवृत्ति पाउने सङ्ख्या | सङ्ख्या | ३५ | ४० | ४५ | ४८ | १६८ | |

### ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रम सं | कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षाको योजनाको कार्यान्वयनका लागि आवश्यक कानुन, नियम, निर्देशिका र कार्यविधि बनाइ कार्यान्वयन | पटक | १ | ० | १ | ० | ० | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्नका लागि छात्रवृत्ति | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ३ | विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापन एकाइको गठन र कार्यसञ्चालन | पटक | १ | ० | १ | ० | ० | ० | |
| ४ | स्थानिय प्राथमिकताका व्यवसाय, लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूको स्थापना र सञ्चालन । | सङ्ख्या | २ | १ | ० | ० | १ | ० | |
| ५ | निजी क्षेत्रका रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकास (Apprenticeship) कार्यक्रम, इन्टर्नसीप र On the Job Training सञ्चालन । | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ६ | प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेसामा सुनिश्चितता प्रदान । | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ७ | विभिन्न जातिहरूको व्यावसायिक तथा परम्परागत सिप र श्रमको सम्मान गर्दै पालिकाभित्र उनीहरूबाट उत्पादित हस्तकलासँग सम्बन्धित सामग्रीहरूको उत्पादनमा प्रोत्साहन तथा बजारीकरणमा प्रर्वधन | पटक | ५ | १ | १ | १ | १ | १ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो । अनौपचारिक शिक्षाले सस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, मानव सभ्यताको विकास, संरक्षण एवम् संवर्धन पौराणिक कालदेखि गर्दै आएको छ । अनौपचारिक शिक्षाले आवश्यकता, चाहना र समयको मागअनुसार जुनसुकै समय र स्थानमा हासिल गर्न सकिने विशेषता राखेको हुन्छ । शिक्षा जीवनपर्यन्त निरन्तर चलिरहने प्रक्रिया हो । अनौपचारिक शिक्षाअन्तर्गतको सामुदायिक सिकाइ केन्द्रहरू सबैका लागि सहज पहुँच पुग्ने एक सशक्त माध्यम हुन सक्छन् । हरेक निरक्षर व्यक्तिले अनौपचारिक शिक्षाका माध्यमबाट आय आर्जनसमेत गर्नुपर्ने हुन्छ । आफूमा भएका मौजुदा ज्ञान सिपलाई निरन्तर अद्यावधिक गरी सफल जीवन बाँच्न व्यवस्थित र सर्वसुलभ अनौपचारिक शिक्षाको विकास र विस्तार अनिवार्य छ । अनौपचारिक शिक्षाको प्रस्थान विन्दु साक्षरता हो । अनौपचारिक शिक्षालाई कुनै पनि अर्थमा ओझेलमा पार्नु भनेको विकासको गतिलाई धकेल्नु हो । यस्तो महत्त्वपूर्ण अनौपचारिक शिक्षाका कार्यक्रमहरूलाई व्यवस्थित रूपमा समुदायसम्म पुर्याउन हरेक स्थानीय तहका कम्तीमा एक वडामा एक स्थायी शैक्षिक संरचनाको खाँचो पर्दछ । यस वास्तविकतालाई मध्यनजर राखेर सैनामैना नगरपालिकाले पनि शिक्षा शाखा मार्फत सामुदायिक सिकाइ केन्द्र लगायतका अनौपचारिक शिक्षा र आजीवन सिकाइसम्बन्धी कार्यक्रमहरूको स्थापना गर्ने नीति लिएको छ ।

विद्यालय, कलेज नगएका निरक्षर वा औपचारिक शिक्षा हासिल नगरेका सबैलाई निरन्तर ज्ञान आर्जन गर्न सहज पहुँचको सुनिश्चतता गर्नु यस नगरपालिकाको दायित्व हो । सामुदायिक सिकाइ केन्द्रमा पुस्तकालयको व्यवस्था गरी पढ्ने कक्षाहरू सञ्चालन गर्न सकिन्छ । यही वास्तविकतालाई मध्यनजर राखेर अन्य स्थानीय तहहरूमा जस्तै यस नगरपालिकाले पनि औपचारिक शिक्षाबाट विमुख भएका जनसमुदायलाई समयानुकूल ज्ञान सिप प्रदान गर्न विविध कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष राखेको छ । यस नगरपालिकाले अनौपचारिक शिक्षा र आजीवन सिकाइ सम्बन्धी कार्यक्रममध्ये खुला तथा वैकल्पिक विद्यालय, १५ वर्ष माथिका मानिसहरूका लागि अनौपचारिक प्रौढ विद्यालय र महिलाहरूका लागि आय आर्जन सम्बन्धी सिप सिकाउन सामुदायिक सिकाइ केन्द्रहरू स्थापना तथा सञ्चालन गर्दै जाने नीति तथा लक्ष्यका लागि पञ्चवर्षीय योजना निर्माण गर्न लागिएको हो ।

### ३.५.२ वर्तमान अवस्था

नेपालमा अनौपचारिक र वैकल्पिक शिक्षा प्रणालीको विकास लामो समयदेखि हुँदै आएको छ । सन् १९९४ मा दूर शिक्षा केन्द्रको स्थापना, वि.सं। २००८ मा खुला प्रणालीबाट SLC परीक्षा सञ्चालन, र प्रथम पञ्चवर्षीय योजना (२०१३-२०१८) मार्फत प्रौढ साक्षरताको सुरुवातले विशेष भूमिका खेलेको छ । मार्फत प्रौढ साक्षरताको

सुरुवातले विशेष भूमिका खेलेको छ । नेपालको राष्ट्रिय शिक्षा आयोग २०१० ले सबै निरक्षर प्रौढहरूलाई शिक्षित बनाउने लक्ष्य राखेको थियो, जसअनुसार राष्ट्रिय शिक्षा पद्धति योजना २०२८.३२ मा प्रौढ शिक्षालाई प्राथमिकता दिँदै कार्यमूलक शिक्षा प्रदान गर्न "बहुसन्देशात्मक" पाठ्यपुस्तक निर्माण गरिएको थियो । २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्र स्थापना भएसँगै आधारभूत प्रौढ साक्षरता, निरन्तरता शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालन र व्यवस्थापन जस्ता कार्यक्रमहरू सञ्चालनमा आएका थिए । २०७० सालमा साक्षर जिल्ला घोषणा गर्ने अभियान सुरु भयो भने २०७२ सालमा सबै जिल्लामा सघन साक्षरता कार्यक्रम सञ्चालन गरियो । २०७६ सालमा साक्षर नेपाल अभियानका अवधारणालाई स्वीकृत गर्दै, आगामी २ वर्षभित्र साक्षर नेपाल घोषणा गर्ने लक्ष्य राखिएको थियो ।मिति २०७२।०३।३१मा रूपन्देहीलाई साक्षर जिल्ला घोषणा गरिएको थियो ।

अनौपचारिक तथा आजीवन सिकाइलाई सम्बोधन गर्ने नीतिगत तथा काननी व्यवस्थाहरू लागु गरिएको छ, जसमा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, साक्षर नेपाल वर्ष २०७६, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७, राष्ट्रिय योग्यता प्रारूपको मूल ढाँचा २०७७ र अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०८० समावेश छन् ।

सैनामैना नगरपालिकाको शैक्षिक प्रोफाइल २०८०/०८१ अनुसार कूल साक्षरता दर ८४.९ प्रतिशत रहेको छ । यसमा पुरुष साक्षरता दर ९०.९ प्रतिशत र महिला साक्षरता दर ७९.८ प्रतिशत रहेको छ । नगरमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्ने जनसङ्ख्या ७.१ प्रतिशत छ भने पाँच वर्षभन्दा माथिका १४.७ प्रतिशतले पढ्न र लेख्न दुवै नजानेको तथ्याङ्कमा देखाइएको छ । जनगणना २०७८ अनुसार पाँच वर्षभन्दा माथिको उमेर समूहमा २५०३ जनाले स्नातक वा सोभन्दा माथिको अध्ययन गरेका छन् । नगरमा स्नातकोत्तर तहमा अध्ययन गर्ने जनसङ्ख्या १०३० रहेको छ । यसले नगरपालिकामा शिक्षाको स्तर विस्तार हुँदै गएको देखाउँछ, यद्यपि केही चुनौतीहरू अझै पनि कायम छन् ।

सैनामैना नगरपालिकाले अनौपचारिक र आजीवन सिकाइलाई विशेष महत्त्व दिँदै, शिक्षा सुधारका लागि विभिन्न पहल गरेको छ । नगरपालिकाले अनौपचारिक शिक्षालाई प्रोत्साहन गर्दै, स्थानीय व्यक्तिहरूलाई व्यावसायिक तालिमका अवसरहरू, नयाँ सिपहरूको अभ्यास र जीवन कालभर सिकाइका कार्यक्रमहरूको पहुँच उपलब्ध गराउने लक्ष्य राखेको छ । यसका लागि, नगरपालिकाले विभिन्न तालिम कार्यक्रमहरू आयोजना गर्नुका साथै, सामुदायिक कक्षा पनि सञ्चालन गरेको छ । सैनामैना नगरपालिकाले गरेको यी सुधारात्मक कदमहरूले भविष्यमा साक्षरता र आजीवन सिकाइको क्षेत्रमा अझ बढी उन्नति गर्दै जानेछ .।

उल्लिखित विश्लेषणको देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ ।

१ सहभागीहरूको समय व्यवस्थापनको समस्याले गर्दा साक्षरता कक्षामा नियमित उपस्थिति र संलग्नता प्रभावित पर्नु,

२ शिक्षकहरूमा अनुभवको कमी, पुरानै अध्यापन शैली र थप योग्यताको अभावले गुणस्तरीय शिक्षा प्रदान गर्न कठिनाइ उत्पन्न हुनु,
३ आर्थिक समस्याका कारण सहभागीहरूले आनौपचारिक शिक्षा तथा आजीवन सिकाइको कार्यक्रमहरूमा खासै रूचि नराखी दैनिक काममा बढी रूचि राख्नु ,
४ नवसाक्षरहरूलाई साक्षरता  निरन्तर शिक्षा र आयआर्जनका कार्यक्रमहरूमा संलग्न गराउन नसकिनु,
५ सहभागीहरूमा पारिवारिक तथा सामाजिक समर्थनको कमी हुनु,
६ जात, धर्म, वा लैङ्गिक भेदभाव , स्वास्थ्य समस्या, पारिवारिक अस्थिरता आदिजस्ता सामाजिक समस्याहरूले शिक्षार्थीहरूको शिक्षा र जीवनस्तरमा अवरोध सिर्जना गर्नु,
७ सहभागीहरूमा सिकाइको उद्देश्यको स्पष्टता नहुँदा उनीहरू अध्ययनमा प्रेरित नहुनु र सिकाइ प्रक्रियामा अवरोध पुग्नु।

सामुदायिक सिकाइ केन्द्रहरूको विवरण

| क्र.स. | सिकाइ केन्द्रको **नाम** | IEMIS | **कूल विद्यार्थी जम्मा २०८१** | | |
|---|---|---|---|---|---|
| | | | **छात्र** | **छात्रा** | **जम्मा** |
| १ | गोरखनाथ सामुदायिक सिकाइ केन्द्र | | २ | ११२ | ११४ |

### ३.५.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्य निर्धारण गरेको छ:

१. अनौपचारिक शिक्षालाई विद्युतीय पुस्तकालयको उपयोग गर्दै प्रविधिमैत्री तथा सूचना प्रविधिमा साक्षर बनाउनु
२. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु
३. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपविकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नु ।

### ३.५.४ रणनीति र कार्यनीति

| **क्र सं** | **रणनीतिहरू** | **क्रियाकलापहरू** |
|---|---|---|
| १ | नगरपालिकाका प्रत्येक वडामा सर्वेक्षण गरी प्राथमिकताका आधारमा समतामूलक समावेशी | १. पालिकाभित्रका सबै निरक्षरहरूको तथ्याङ्क सङ्कलन गरी अभिलेखीकरण गरिनेछ ।<br>२. लागत सहभागिताको प्रारूप तयार गरिनेछ ।<br>३. प्राथमिकताका आधारमा सामुदायिक सिकाइ केन्द्र थप स्थापना गरिनेछ । |

| | | |
|---|---|---|
| | सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने | ४. सामुदायिक सिकाइ केन्द्रमा सबै निरक्षरहरूको समतामूलक पहुँचको सुनिश्चितता गरिनेछ । |
| २ | अनौपचारिक शिक्षालाई विद्युतीय पुस्तकालयको उपयोग गर्दै प्रविधिमैत्री बनाइ सूचना तथा प्रविधिमा साक्षर बनाउने | १. विद्युतीय पुस्तकालय स्थापनाका लागि सर्वेक्षण गरी पूर्वाधार तयार गरिनेछ ।<br>२. विद्युतीय पुस्तकालय स्थापना गरी सूचना तथा प्रविधिमा साक्षर बनाइने छ । |
| ३ | अनौपचारिक शिक्षाका माध्यमद्वारा आयआर्जनका कार्यक्रम सञ्चालन गरी आयस्तर वृद्धि गर्ने | १. अनौपचारिक शिक्षा अन्तगर्त सिपयुक्त तालिम सञ्चालन गरिनेछ ।<br>२. अनौपचारिक शिक्षाका माध्यमद्वारा आयआर्जनका कार्यक्रममा सरिक गराइनेछ ।<br>३. भाषिक तथा गणितीय साक्षरता सिपको विकास गरी आयआर्जनका कार्यक्रम मार्फत आयस्तर वृद्धि गरिनेछ । |
| ४ | अनौपचारिक तथा निरन्तर शिक्षा सञ्चालन व्यवस्थापन तथा अनुगमन कार्यका लागि मापदण्ड तयार गर्ने | १. .अनौपचारिक तथा निरन्तर शिक्षा सञ्चालन व्यवस्थापन तथा अनुगमन कार्यका लागि कार्यदल तयार गरिनेछ ।<br>२. कार्यदलको सहयोगमा मापदण्ड तयार गरी अनौपचारिक तथा निरन्तर शिक्षालाई निरन्तरता दिइने छ । |
| ५ | प्राविधिक जनशक्तिको व्यवस्था गरी समावेशी सिकाइ केन्द्रका रूपमा विकास गर्ने | १. समावेशिताका आधारमा प्राविधिक जनशक्तिको माग गरिनेछ<br>२. अनौपचारिक शिक्षामार्फत प्राविधिक जनशक्तिको विकास गरिनेछ ।<br>३. सिकाइ केन्द्रलाई समावेशी सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ । |
| ६ | अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रमलाई प्रत्येक निरक्षर व्यक्ति समक्ष पुऱ्याइने | १. आमा समूह तथा नगरपालिका भित्रका विभिन्न सहकारी, क्लब लगायतका संघ संस्थाहरूको समन्वयमा गरी अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रमलाई निरन्तरता दिइनेछ<br>२. '**अक्षर चिनौं साक्षर बनौं**' भन्ने नारालाई प्रत्येक निरक्षर व्यक्ति समक्ष पुऱ्याइनेछ । |

| | | |
|---|---|---|
| ७ | प्रदेश तथा सङ्घीय सङ्घ सस्था, सरकार तथा सरोकार निकायसँग समन्वय गरी पूर्ण रूपमा प्रविधि साक्षर नगरपालिका बनाइने | १. सङ्घ तथा प्रदेशसँग समन्वय गरी अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रमलाई प्रविधिमैत्री बनाइनेछ ।<br>२. पाँच वर्षभित्र नगरपालिकाका अनौपचारिक तथा आजीवन सिकाइका केन्द्रहरूलाई पूर्ण रूपमा प्रविधियुक्त बनाउनका लागि प्रदेश तथा सङ्घीय सङ्घ संस्थाहरूसँग समन्वय गरिनेछ । |

### ३.५.५ उपलब्धि , नतिजा , प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

**(क) उपलब्धि**

१ नगरपालिका भित्र रहेका सबै निरक्षर नागरिकहरू सूचना प्रविधिमा साक्षर हुनेछन् ।

२ सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुनेछ ।

**(ख) प्रमुख नतिजा**

१.अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसम्बन्धी वस्तुस्थितिको तथ्याङ्क अध्यावधि हुने

२. निरक्षर सूचना प्रविधि समेतमा साक्षर हुने , साक्षर भएकाहरूले जीवनोपयोगी सिप प्राप्त गरेको हुने

३. आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्र स्थापना भई निरन्तर शिक्षा तथा आय आर्जन सञ्चालनमा सहयोग पुग्ने

४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत सहभागिताको प्रारूप तयार हुने

५.समाजमा परेका महिला तथा प्रौढहरू पूर्ण साक्षर हुनुका साथै स्वावलम्बी बनी आयआर्जन गरेर जीवन निर्वाह हुने

६. समुदायिक सिकाइ केन्द्रको स्थापना, सञ्चालन, अनुगमन सम्बन्धी मापदण्ड तयार भई स्थायी रूपमा सञ्चालन हुने

७. नगरपालिका भित्रका सबै वडामा समन्वय भई सिकाइ सहजीकरणमा सहयोग पुग्ने

८. प्रदेश, सङ्घीय सरकार, सङ्घ संस्था तथा सरोकार निकायसँग समन्वय गरी पूर्ण रूपमा प्रविधि साक्षर नगरपालिका बनाइने छ ।

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा*

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यहरू**

| क्र. सं. | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | निरक्षरले साक्षरहुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त गर्ने प्रतिशत | प्रतिशत | ५० प्रतिशत | ६० | ७० | ८० | ८५ | |
| २. | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्ष भन्दा माथिका महिला) | प्रतिशत | ४० प्रतिशत | ६० | ७० | ८० | ८५ | |
| ३. | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | वटा | १ | आवश्यक ताका अनुसार | आवश्यक ताका अनुसार | आवश्यक ताका अनुसार | आवश्यक ताका अनुसार | |
| ४. | सामुदायिक पुस्तकालयको सङ्ख्या | वटा | १ | १ | १ | १ | १ | |
| ५. | साक्षर निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्याङ्क सङ्कलन भइ अद्यावधिक हुने । | पटक | १ | ० | ० | १ | ० | |
| ६. | महिला तथा प्रौढहरू आय आर्जन जीवन निर्वाह र स्वावलम्बी तथा आत्मनिर्भर हुने | प्रतिशत | १० | १५ | २० | २५ | ३० | |

### ३.५.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यहरू

| क्रस | कार्यक्रम | | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| १ | घरधुरी सर्वेक्षण गरेर निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | ० | ० | १ | ० | ० | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्न थप सामुदायिक सिकाइ केन्द्रको स्थापना | पटक | १ | ० | १ | ० | ० | ० | |
| ३ | हाल सञ्चालनमा रहेको सामुदायिक सिकाइ केन्द्रलाई क्रियाशील गराउने | वटा | १ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | अनौपचारिक शिक्षा शिक्षण सिकाइ सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण (व्यवस्थापन तालिम दिने) | वटा | ३ | ० | १ | १ | १ | ० | |
| ६ | महिला तथा प्रौढहरूलाइ आधारभूत वित्तिय साक्षरता तथा आधारभूत अंकगणितिय सिप सिकाइ कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ७ | प्रौढहरूलाइ सिप विकास तालिम र आय आर्जनका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ८ | लक्षित वर्गका लागि क्षमता विकास तालिम र जीवन उपयोगी सिप तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ९ | शैक्षिक पहूँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम संचालन | पटक | ५ | १ | १ | १ | १ | १ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

विद्यार्थीको रूचि, आवश्यकता र क्षमताअनुसार ज्ञान, सिप र व्यवहार सिकाइ शैक्षिक कार्यक्रमलाई व्यवस्थित र योजनाबद्ध ढङ्गले सञ्चालन गरी तोकिएका उद्देश्य पूरा गर्नका लागि बनाइएको विस्तृत योजना पाठ्यक्रम हो । सिकारुको शारीरिक, बौद्धिक, सामाजिक, नैतिक, आध्यात्मिक तथा सौन्दर्यात्मक विकासको आवश्यकताले पाठ्यक्रम निर्धारण गर्दछ । सिकारुले विद्यालयभित्र तथा बाहिरका विभिन्न माध्यमबाट अपेक्षित अनुभव तथा उपलब्धि हासिल गर्दछन् भने शिक्षक, विद्यालय तथा अन्य सरोकारवालाले सिकाइको उपयुक्त वातावरण सिर्जना गर्ने गर्दछन् । पाठ्यक्रम विषयगत, एकीकृत, मुख्य तथा सहायक क्रियाकलाप केन्द्रित आदि विभिन्न ढाँचामा विकास गरिएको हुन्छ। पाठ्यक्रम विकास गर्दा व्यक्तिगत आवश्यकता, सामाजिक तथा सांस्कृतिक सन्दर्भ, मूल्य सम्बन्धी आवश्यकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश आदिको समेत विश्लेषण गरिएको हुन्छ । पाठ्यक्रममा शिक्षाको उद्देश्य, सक्षमता, पाठ्यक्रमको ढाँचा, पठनपाठनको समयावधि, वैकल्पिक शिक्षा पद्धति, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन प्रक्रिया समेटिएको हुन्छ । यसका साथै पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि , विषयवस्तुको क्षेत्र तथा क्रम, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन प्रक्रिया पनि दिइएको हुन्छ ।

पाठ्यपुस्तक सहयोगी सामग्री मात्र भएकाले यसले शिक्षक तथा विद्यार्थीका पूर्ण ज्ञान हुन सक्दैन । यसको प्रयोग शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सहयोगी सामग्रीका रुपमा लिइन्छ । यो शिक्षक विद्यार्थीका लागि पथप्रदर्शक सामग्री हो । ज्ञान आदान प्रदान गर्न, पढ्न, लेख्न र बोल्ने कौशलमा सुधार ल्याउन, बुद्धि वृद्धि गर्न यसले मद्दत गर्छ । पाठ्यपुस्तक साधन मात्रै भएकाले विद्यालयमा शिक्षकले सहयोगी सामग्रीका रूपमा मात्रै पुस्तकको प्रयोग गर्नुपर्छ । पुस्तकका भरमा मात्र विद्यार्थीले ज्ञान हासिल गर्न सक्दैनन् । विद्यालय शिक्षामा पाठ्यक्रमभन्दा पाठ्यपुस्तकलाई प्रधानता दिँदै आएको पाइन्छ ।

समाजको विकासक्रम सँगसँगै शिक्षण कार्यमा पनि नयाँ आयामहरू थपिँदै गएका छन् । विज्ञान र प्रविधिको विकासले शैक्षिक सामग्रीका रूपमा श्रव्य–दृश्य सामग्री विकसित गरिएका छन् । विशेष गरी सूचना–प्रविधिमा आएको विकासले शिक्षण सिकाइ क्रियाकलापमा पनि नयाँ मूल्य र मान्यता स्थापित गरेको छ । नदेखेका कुरा, घटना र वातावरणको प्रत्यक्ष जानकारी दिन सिकाइ सामग्रीको प्रयोग रामबाण सावित हुन सक्छ । त्यसैले आधुनिक शैक्षिक पद्धतिमा शैक्षिक गुणस्तरका लागि शैक्षिक सामग्रीको निर्माण र प्रयोग अनिवार्य बनेको छ । उपयुक्त शैक्षिक सामग्रीको प्रयोगले शिक्षणलाई आकर्षक मात्र होइन, प्रभावकारी र अर्थपूर्ण पनि बनाउँछ । सिकाइ सामग्रीको प्रयोगले बालबालिकामा रूचि र उत्साह पैदा हुन्छ । शिक्षकको समय बचत हुन्छ । विषयवस्तुको व्यावहारिक अनुभव प्राप्त गर्न शिक्षक र विद्यार्थी दुवैलाई सहयोग पुऱ्याउँछ । पाठ्यक्रमको उद्देश्य

पूरा गर्न र शिक्षकको पेसागत दक्षता बढाउन पनि सिकाइ सामग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । विषयवस्तुको सही, वास्तविक र पूर्ण धारणा दिन शैक्षिक सामग्रीले सहयोग गर्छ । सिकाइ सामग्रीको प्रयोग विद्यालय, शिक्षक र विद्यार्थीले धेरै तरिकाबाट गर्न सक्छन् । शैक्षिक सामग्रीहरू सम्भव भएसम्म बजारबाट खरिद गरिएका भन्दा जहाँ र जुन परिवेशमा प्रयोग र उपयोग गरिने हो त्यही सहभागितामूलक तरिकाले निर्माण गरिएमा बढी व्यावहारिक र उपयोगी मानिन्छ । विद्यार्थीको सहभागितामा स्थानीय तहमा निर्मित सामग्री अर्थपूर्ण र व्यावहारिक सिकाइको लागि सर्वाधिक महत्त्वपूर्ण हुन्छन् ।

हाम्रा विद्यालयमा सिकाइ सामग्रीको प्रयोगलाई अनिवार्य गर्न सकिएमा अहिलेको सिकाइस्तरमा गुणात्मक सुधार आउँछ । शिक्षकले विद्यार्थीहरूको आवश्यकता, चाहना, समस्या पहिचान गर्दै उचित सिकाइ सामग्रीको प्रयोग गरी पठनपाठन प्रक्रियालाई अघि बढाउनुपर्छ त्यसैले अभिभावक, विद्यालय, प्रधानाध्यापक, विषय शिक्षक र व्यवस्थापन समिति सबैले सिकाइमा शैक्षिक सामग्रीको प्रयोगलाई मुख्य प्राथमिकता दिनु जरूरी छ ।

सिकाइका क्रममा विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप, अभिवृत्ति, मूल्य र व्यवहारको निरन्तर परीक्षण गरिने प्रक्रिया नै मूल्याङ्कन हो । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल भए वा भएनन् भनी लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ । मूल्याङ्कनले मूलतः विद्यार्थीको सिकाइ उपलब्धिको स्तरलाई देखाउँछ । मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य दुवै प्रक्रिया अवलम्बन गरी विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्नुपर्छ । मूल्याङ्कन सम्बन्धि नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १–३ सम्म सबै निरन्तर मूल्याङ्कनका कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४–५ मा ५०% निरन्तर र ५०% आवधिक परीक्षाबाट हुने र कक्षा ६–७ मा ५०प्रतिशत निरन्तर मूल्याङ्कन र ५०प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ मा आवधिक परीक्षामार्फत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । माध्यमिक तह (९–१२) मा ७५% सैद्धान्तिक र २५% प्रयोगात्मक मूल्याङ्कन प्रणालीको व्यवस्था रहेको छ । सैद्धान्तिकतर्फ विद्यार्थीहरूको मूल्याङ्कनको लागि कक्षा ९ मा विभिन्न आवधिक परीक्षा, तथा १०, ११, १२ मा वार्षिक परीक्षालाई आधार मानिएको छ । हाल मूल्याङ्कनमा अङ्क पद्धतिलाई विस्थापित गरी अक्षराङ्क पद्धति लागु गरिएको छ । माध्यमिक तह (९–१२) मा सैद्धान्तिकतर्फ ३५% अङ्क र प्रयोगात्मकतर्फ ४०% अङ्क प्राप्त गरी उत्तीर्ण हुनुपर्ने प्रावधान २०७८ बाट लागु गरिएको छ ।

### ४.१.२ वर्तमान अवस्था

नेपाललमा वर्तमान पाठ्यक्रम विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को परिमार्जन २०७९ कार्यान्वयनमा रहेको छ । शिक्षाको पहुँचलाई समावेशी र समतामूलक बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशातर्फ वर्तमान पाठ्यक्रमले मार्गनिर्देश गरेको छ । यस पाठ्यक्रमले विद्यालय शिक्षालाई कक्षा १ देखि कक्षा ८ सम्म आधारभूत र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह निर्धारण गरेको छ । यस प्रारूपले

विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नवीन आयाम समावेश गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम तथा कक्षा ९ देखि १२ सम्म एकलपथीय पाठ्यक्रम ढाँचा अवलम्बन गरेको छ । नेपालको संविधानले मुलुकलाई सङ्घीय ढाँचामा रूपान्तरण गरेको सन्दर्भमा पाठ्यक्रम सम्बन्धी सङ्घीय, प्रादेशिक र स्थानीय भूमिकालाई व्यवस्थित गर्ने, विद्यालय शिक्षालाई प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म पुनसंरचित गर्ने तथा विद्यमान विद्यालय शिक्षालाई सिपमूलक,जीवनोपयोगी, रोजगार उन्मुख बनाउने उद्देश्यले राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी लागु गरिएको छ ।

नेपालमा विद्यालय शिक्षाको तहगत उमेरगत तथा कक्षागत वर्तमान संरचना यसप्रकार रहेको छ ।

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बाल विकास र शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा विद्यालय शिक्षाको मार्गचित्रमा आधारित भई पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षाको आन्तरिक तथा बाह्य मूल्याङ्कन मापदण्ड विकास गरेको छ । आधारभूत शिक्षाको कक्षा १ र ३ मा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन पद्धति अवलम्बन गरिएको छ भने कक्षा ४ देखि १२ सम्मको आन्तरिक मूल्याङ्कन पद्धति निम्नानुसार रहेको छः

कक्षा ४ देखि ८ सम्मको आन्तरिक तथा वाह्य मूल्याङ्कनका लागि ५० र ५० अङ्कभार तोकिएकोमा आन्तरिक मूल्याङ्कनका लागि निम्नानुसार मापदण्ड निर्धारण गरिएको छः

| क्र.स. | मूल्याङ्कनका क्षेत्र | भार |
|---|---|---|
| १. | उपस्थिति र सिकाइ सहभागिता | ४ |
| २. | प्रयोगात्मक/ सिर्जनात्मक कार्य तथा परियोजना कार्य र प्रस्तुतीकरण | ३६ |
| ३. | त्रैमासिक परीक्षा | १० |

त्यस्तै गरेर कक्षा ९ देखि १२ सम्मको आन्तरिक तथा बाह्य मूल्याङ्कनका लागि २५/७५ अङ्कभार तोकिएकोमा आन्तरिक मूल्याङ्कनका लागि निम्नानुसार मापदण्ड निर्धारण गरिएको छः

| क्र.स | मूल्याङ्कनका क्षेत्र | अङ्क भार |
|---|---|---|
| १. | उपस्थिति र कक्षा सहभागिता | ३ |
| २. | प्रयोगात्मक/ परियोजना कार्य र सिर्जनात्मक कार्य र प्रस्तुति | १६ |
| ३ | त्रैमासिक परीक्षा | ६ |
| **जम्मा** | | **२५** |

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को मार्ग निर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ तयार गरी लागु गरेको छ जुन यसप्रकार रहेको छः

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राहय (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

सैनामैना नगरपालिकाले स्थानीय समुदायको समग्र शिक्षा प्रणालीमा सुधार ल्याउनका लागि शिक्षक र प्रशिक्षकहरूको क्षमता वृद्धिमा ध्यान दिँदै तालिम सञ्चालन गरिरहेको छ । शिक्षक तथा विद्यार्थीका लागि शिक्षण सामग्री वितरण गर्ने समय समयमा विद्यालय अनुगमन गर्ने आदिजस्ता कार्यहरू गर्दै आइरहेको भए तापनि यस नगरपालिकामा हालसम्मा पनि स्थानीय पाठ्यक्रम बन्न सकेको छैन । अतः यहाँको कला, संस्कृति, भाषा ,इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी कार्यान्वयन गर्नुपर्ने र यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**यस आधारमा विश्लेषण गर्दा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छः**

१. नगरपालिकाको आफ्नो स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक बन्न नसक्नु
२. परीक्षा प्रणालीलाई एकरूपता कायम गर्दै व्यवस्थित गर्न नसक्नु
३. पूर्ण साक्षर घोषणा भए पनि नगरपालिका अझै पनि पूर्ण साक्षर हुन नसक्नु
४. शैक्षिक गुणस्तर अपेक्षित रूपमा बढ्न नसक्नु
५. शिक्षण कृयाकलापक समयानुकूल रूपमा विकसित नहुनु
६. समग्र शिक्षा पद्धतिबाट उत्पादित सम्पूर्ण जनशक्ति रोजगार बजारमा खपत हुन नसक्नु
७. महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका, मधेशी लगायत भौगोलिक रूपमा पछाडि परेका उत्पीडित वर्गको शैक्षिक पहुँचको अवस्था सन्तोषजनक नहुनु
८. उत्पादित जनशक्तिमा मानवीय मूल्य, मान्यता र आचरण अपेक्षाकृत रूपमा वृद्धि हुन नसक्नु
९. पाठ्यक्रमले निर्धारण गरेअनुरूप सबै कक्षामा विद्यार्थी मूल्याङ्कन नहुनु ।

### ४.१.३ उद्देश्य

*पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनसँग सम्बन्धित उद्देश्यहरू*

१. राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरेको मापदण्डका आधारमा स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामाग्रीको निर्माण गर्नु ।
२. स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्नु ।
३. प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्नु ।
४. निरन्तर, आवधिक तथा स्तरयुक्त मूल्याङ्कन पद्धति लागु गर्नु ।
५. पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गर्नु ।

## ४.१.४ रणनीति र कार्यनीति

| क सं | रणनीति | कार्यनीति |
|---|---|---|

| | | |
|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यन्वयन गर्ने । | १ स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी सबै विद्यालयमा लागु गरिनेछ ।<br>२ स्थानीय पाठ्यक्रमका माध्यमबाट प्राकृतिक सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गरिनेछ ।<br>३ स्थानीय तहका मौलिक मूल्य तथा मान्यताको संवर्धन र प्रवर्धन गर्दै विद्यार्थीमा असल चरित्र विकास गर्ने पाठ्यक्रम निर्माण गरिनेछ ।<br>४ स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गरिनेछ । |
| २ | सबैका लागि पाठ्यक्रममा आधारित शिक्षण सिकाइ र मूल्याङ्कनको अवस्था सुनिश्चित गर्ने । | १. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, अनुरूप पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।<br>२. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरिनेछ ।<br>३. एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लगि उपयोगी सिकाइको वातावरण तयार गरिनेछ ।<br>४. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रबोधीकरण गरी निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरिनेछ ।<br>५. कक्षा आठको आधारभूत तहको परीक्षालाई थप प्रभावकारी व्यवस्थित गर्दै लगिनेछ ।<br>६. विपद् महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| | | ७. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।<br>८. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गरिनेछ ।<br>९. CDC, NCED, CEHRD ले उपलब्ध गराएका अनलाइन सिकाइ सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउँदै बालबालिकाहरूमा स्वाध्ययनको बानीको विकास गरिनेछ ।<br>१०. स्टिमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धि गर्न शिक्षकहरूको क्षमता विकास गरिनेछ । |
| ३. | सिर्जनशील खोज तथा अनुसन्धानात्मक सिपयुक्त जनशक्ति तयार गर्ने । | १. विद्यार्थीहरूको रूचि,आवश्यकता तथा क्षमता पहिचान गरी पाठ्यक्रमलाई सिर्जनशील खोज तथा अनुसन्धानात्मक बनाइनेछ ।<br>२. बुक फ्री डेका लागि अवश्यक कार्यविधि निर्माण गरी सिपमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. परियोजना कार्य अन्तगर्त रहेका क्रियाकलापलाई अनिवार्य रूपमा लागु गरिनेछ ।<br>४. प्रतिभा सप्ताह सञ्चालन गरी सिर्जनशील खोज तथा अनुसन्धानामुखी बनाइने छ । |
| ४ | शिक्षण सिकाइलाई प्रविधिमैत्री शिक्षण विधिको प्रयोग गरी सहजकारी वातावरण निर्माण गर्ने | १ प्रविधिमैत्री, सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरी सहजकारी वातावरण निर्माण गरिनेछ ।<br>२ स्थानीय तहमा कार्यरत गैरसरकारी निकायसँगको समन्वय र सहकार्यमा प्रविधिमा आधारित शिक्षण सिकाइ सामग्री विकास तथा प्रयोग गर्ने वातावरण विकास गरिनेछ ।<br>३ सङ्घ तथा प्रदेश सरकारबाट विकसित सिकाइ पोर्टलको प्रभावकारी प्रयोग गर्ने विद्यालयलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ । |

| | | |
|---|---|---|
| ५ | प्राकृतिक तथा भैपरि आउने विपत, प्रकोपप्रति सचेत गराइ सम्भावित विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने | १. विद्यार्थीहरूलाइ पाठ्यक्रमको माध्यमबाट प्राकृतिक तथा भैपरि आउने प्रकोपप्रति सचेत गराउनका लागि प्रशिक्षकको व्यवस्था गरिनेछ ।<br>२. सम्भावित विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गरिनेछ । |
| ६ | पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूप निरन्तर, आवधिक तथा स्तरयुक्त मूल्याङ्कन पद्धति पूर्ण रूपमा कार्यान्वयन गर्ने | १. शिक्षकहरूका लागि पाठ्यक्रम अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।<br>२. निरन्तर,आवधिक तथा स्तरयुक्त मूल्याङ्कन पद्धति पूर्ण रूपमा कार्यान्वयन गरिनेछ। |
| ७ | विद्यार्थीको सिकाइ उपलव्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरी पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गर्ने | १. विषय शिक्षकहरूको नतिजा विश्लेषण गरी कार्य सम्पादन मूल्याङ्कन गरिनेछ ।<br>२. शिक्षकको वृत्ति विकासका लागि प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ ।<br>३. शिक्षकको वृत्ति विकाससँग आवद्ध गरी पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गरिनेछ । |

### ४.१.५ उपलब्धि , नतिजा , प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

**क. उपलब्धि**

१. नगरपालिकाभित्र रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई सूचना प्रविधिसहितको सिपयुक्त उद्यमशील नैतिकवान प्रतिस्पर्धी बनाउन सहयोग पुग्नेछ ।

२. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारूमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

४. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**ख.प्रमुख नतिजा**

१.समावेशी अवधारणाअनुरूप पाठ्यक्रमको कार्यान्वयन हुने

२.विद्यार्थीको उमेर,विकासको स्तर,सिकाइको अवस्था,शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन समेतलाई आधार मानी व्यवहारमुखी ज्ञान तथा सिप विकास हुने

३.पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवम् कार्यान्वयनका लागि स्थानीय तहमा सञ्चालित विद्यालय संयन्त्रको विकास हुने

४.विद्यार्थीको उपचारात्मक शिक्षण सिकाइको माध्यमबाट न्यूनतम सक्षमता हासिल गरेका हुने

५.विद्यार्थीमा सिप,प्रविधि दक्षता खोज तथा अनुसन्धान उद्यमशीलताको विकास हुने

६.पाठ्यक्रमले निर्धारण गरेअनुरूप विविध प्रकारका मापनयोग्य साधन प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन हुने

७.प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन भई व्यक्तित्वको विकास हुने

८.कार्यमूलक सिपको प्राप्ति,नतिजामुखी प्रतिफल र व्यवहार उन्मुख ज्ञान,सिप तथा अभिवृत्ति विकास गर्न सहयोग पुग्ने

९.स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण भई मौलिक मूल्य तथा मान्यताको संवर्धन र प्रवर्धन गर्दै विद्यार्थीमा असल चरित्र विकास हुने

१०.शिक्षकलाई सिकारूले हासिल गर्नुपर्ने सक्षमता,सिकाइ उपलब्धि,मापदण्ड र मूल्याङ्कन गर्ने तरिकाको जानकारी हुने

११.शिक्षकमा सिकाइ सहजीकरणका विधिहरू जानकारी भई छनोट र पहिचान गर्ने सिपको विकास हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ देखि १२ सम्मका पाठ्यक्रमहरू सुचारू तरिकाले कार्यान्वयन हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | |
| २ | कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सिपहरू | विद्यालय सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | | | | | | | |
| ३ | स्थानीय पाठ्यक्रम निर्माण ( १ देखि ३ र ४ देखि८ ) | पटक | ० | १ | १ | ० | ० | |
| ४ | स्थानीय पाठ्यक्रम सञ्चालन गर्ने विद्यालय | विद्यालय सङ्ख्या | ० | ३७ | ३७ | ३७ | ३७ | नपा भित्रका सबै प्रकारका विद्यालय |
| ५ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | विद्यालय सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | |
| ६ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | |
| ७ | स्टिम अवधारणा अनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | २ | ३ | ४ | ५ | ५ | |
| ८ | सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | २ | ३ | ४ | ५ | ५ | |

## .१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रम | कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| १ | पाठ्यक्रम अभिमुखीकरण सबै विद्यालयहरूमा | पटक | ५ | १ | १ | १ | १ | १ | |
| २ | स्थानीय पाठ्यक्रम निर्माण | पटक | १ | १ | ० | ० | ० | ० | |
| ३ | स्थानीय पाठ्यपुस्तक निर्माण | पटक | १ | ० | १ | ० | ० | ० | |
| ४ | आवधिक विद्यार्थी मूल्याङ्कन कक्षा ८ | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ५ | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ६ | स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यपुस्तकको समेत ब्यवस्थापन | विद्यालय | ३२ | १ | ० | ० | ० | ० | |
| ७ | गणित, विज्ञान, भाषा र कम्प्युटर विषयक शिक्षक तालिम | पटक | २ | १ | ० | १ | ० | ० | |
| ८ | विविध प्रकारका मापनयोग्य साधन प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | |
| ९ | सिकाइ पोर्टलको प्रयोग सम्बन्धी शिक्षक क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| १० | स्टिम अवधारणा अनुसार शिक्षण प्रक्रिया हुने विद्यालय | विद्यालय | ५ | १ | १ | १ | १ | १ | |
| ११ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो । यही जीवन्त स्रोतको क्रियाशीलतामा शिक्षण सिकाइमा अरु स्रोतहरूले गति लिने गर्दछन् । शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको

पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

विद्यालय शिक्षामा शिक्षक व्यवस्थापन र विकासले शिक्षकहरूको पेशागत र व्यक्तिगत विकासमा योगदान पुऱ्याइ विद्यार्थीहरूको शिक्षा र विकासमा सकारात्मक प्रभाव पार्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीहरको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभावकारिताको लागि शिक्षकमा विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलापमा दक्षता, नमुना व्यक्तित्व आदि पर्दछन् ।

शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ को अनुसूची १२ मा शिक्षक व्यवस्थापन सम्बन्धी प्रावधान निम्न अनुसार रहेको देखिन्छ

१. पूर्व प्राथमिक विद्यालयमा एक जना शिक्षक
२. आधारभूततहको पचास जना विद्यार्थी भएमा कम्तीमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीन जना शिक्षक रहने व्यवस्था छ ।
३. आधारभूततहको ६ कक्षा देखि ८ कक्षा सम्म सञ्चालन भएको विद्यालयमा आधारभूततहको चार जना शिक्षक रहने छ ।
४. माध्यमिक विद्यालयमा कक्षा १० सम्म सञ्चालन भएको विद्यालयमा १२ जना शिक्षक रहने व्यवस्था छ ।

हाम्रो देशमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ । शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिश गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोग बाट सिफारिश भई आएका शिक्षकहरूलाई स्थानीय तहबाट नियुक्ति र पदस्थापना गर्ने कार्य गरेको छ । यसै गरी अस्थायी वा निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङकन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् ।

### ४.२.१ वर्तमान अवस्था

सैनामैना नगरपालिकाको शैक्षिक व्यवस्थापनको अवस्थाको तथ्याङ्क विश्लेषण गर्दा नगरपालिकामा सामुदायिक बालविकाश केन्द्रमा १४०७ सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने कूल विद्यार्थीहरूको सङ्ख्या १००१० रहेको छ । जस मध्ये कक्षा १देखि ५ सम्म ३३२१जना, कक्षा ६ देखि ८ सम्म २८४० जना, कक्षा ९ देखि १० सम्म २१८६ जना र कक्षा ११ देखि कक्षा १२ सम्म १६६३ जना विद्यार्थी अध्ययन गरिरहेको देखिन्छ ।

यसरी नै सैनामैना नगरपालिकामा सामुदायिक विद्यालमा आधारभूत, मावि र प्राविधिक शिक्षकहरूको कूल सङ्ख्या २६३ रहेको छ । आधारभूत तहमा साधारण तर्फ १ देखि ५ मा १३६ , ६ देखी ८ मा ६१ गरी आधारभूत तहमा १९५ जना र प्राविधिकतर्फ २ जना गरी जम्मा १९७ रहेको छ । साधारणतर्फ माध्यमिक तह (९-१०) मा ५० र प्राविधिक २ जना गरी जम्मा ५२ जना रहेका छन् । साविक उच्च माध्यमिकतर्फ साधारणमा १० जना र प्राविधिकतर्फ ४ जना शिक्षक / प्रशिक्षक गर १४ रहेका छन् । यसरी अध्ययन गर्दा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात आधारभूत तहमा १:३२ र माध्यमिक तहमा १:५९ रहेको देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति,२०७६ मा हालको शिक्षक दरबन्दी पुनर्वितरणबाट पनि शिक्षक नपुग भएमा नेपाल सरकारबाट दायित्व नपर्ने गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक्ताका आधारमा थप शिक्षक दरबन्दी सिर्जना गर्न सक्ने व्यवस्था मिलाइनेछ भनिएको छ । सैनामैना नगरपालिकाको हकमा राहत शिक्षकको व्यवस्थापनले शिक्षकको अपर्याप्ततालाई केही हदसम्म समाधान गरे पनि माध्यमिक तहमा भएको शिक्षक विद्यार्थीको उच्च अनुपातलाई उपयुक्त बनाउन र माध्यमिक विद्यालयहरूमा विषयअनुसारको शिक्षकको व्यवस्थाका लागि शिक्षक दरबन्दी थप गर्नु पर्ने देखिन्छ ।

बदलिँदो पाठ्यक्रम तथा शिक्षण विधिमा शिक्षकहरूलाई पोख्त बनाउन तालिम, सिकाइ भ्रमण, वर्कसप, समूह सिकाइ बदलिँदो पाठ्यक्रम तथा शिक्षण विधिमा शिक्षकहरूलाई पोख्त बनाउन तालिम, सिकाइ भ्रमण, वर्कसप, समूह सिकाइ आदनप्रदान जस्ता कार्यक्षेत्रमा आधारित नतिजामूलक शिक्षक विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ । नीतिगत व्यवस्था भए बमोजिम शिक्षकले कक्षामा बिताउने समयको रेकर्ड राख्ने प्रणालीको विकास गर्ने, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने, शिक्षकलाई उत्तरदायी बनाउन पुनर्ताजगी तालिम दिने, शिक्षकलाई पेसागत विकासको अवसर दिने तथा पालिकाले शिक्षकसँग करार गर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ ।

स्थानीय शिक्षा योजनाले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न शिक्षकहरूको रोष्टर तयार गरी परिचालन गर्ने कार्यक्रम रहेको छ । शिक्षकको पेसागत सहायता सम्बन्धमा मार्गदर्शनहरू तय भएका छन् ।

गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा शिक्षा योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले नेपाली र गणित विषयमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक नभएको देखाएको छ भने यस पालिकाको शैक्षिक उपलब्धि केही विद्यालयले राम्रो गरेता पनि केही विद्यालयको अझै पनि उत्साहजनक रहेको छैन ।

### सामुदायिक विद्यालयहरूमा शिक्षक व्यवस्थापन

*तालिका३०:४.१, सामुदायिक विद्यालयको शिक्षक दरबन्दी विवरण २०८१*

| | दरबन्दी | | | | आन्तरिक स्रोत अनुदान | सङ्घीय अनुदान | प्राविधिक | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| क्र सं | तह | स्थायी | राहत | जम्मा | | | | |
| १ | वाविके | | | | | ३९ | | ३९ |
| २ | आधारभूत १-५ | ११८ | १८ | १३६ | ० | ० | | १३६ |
| ३ | आधारभूत ६-८ | २१ | ३५ | ५६ | ० | ३ | २ | ६१ |
| ४ | माध्यमिक ९-१० | २४ | १२ | ३६ | ० | १३ | २ | ५२ |
| ५ | माध्यमिक ११-१२ | | ६ | | ० | ४ | ४ | १४ |
| | | १६३ | ७१ | २३४ | ० | ६० | ८ | ३०२ |
| | कूल जम्मा | ३०२ | | | | | | |

**स्रोत सैनामैना शैक्षिक प्रोफाइल २०८०**

### चुनौती र समस्य

शिक्षक व्यवस्थापन र विकास क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएका छन् ।

१. शिक्षण पेसालाई आकर्षक पेसाका रूपमा विकास गर्न
२. शिक्षक पेसागत विकासको सुदृढ प्रणाली स्थापित गर्न
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाईलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन ।
४. विद्यार्थी सङ्ख्याका आधारमा शिक्षकको सन्तुलित वितरण गर्नु र आवश्यक थप शिक्षक दरबन्दी उपलब्ध गराउन ।
५. शिक्षकहरूका लागि हालको सेवा सुविधामा समयानुकूल परिवर्तन गरी निजामती सरह प्रोत्साहन तथा उचित पुरस्कारको व्यवस्था गर्न ।

### ४.२.२ उद्देश्य

उपर्युक्त समस्या तथा चुनौतीहरूका आधारमा स्थानीय तहको शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन्:-

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु
३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु
४. शिक्षकको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षण संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्नु ।

### ४.२.३ रणनीतिक क्रियाकलापहरू

उपर्युक्त चुनौती र अवसरहरूका आधारमा सैनामैना नगरपालिकाले शिक्षक व्यवस्थापनमा रणनीति र क्रियाकलापहरू देहायबमोजिम निर्धारण गरिएका छन् :

| क सं | रणनीति | क्रियाकलापहरू |
|---|---|---|
| १ | नगरपालिकाको शिक्षक/ कर्मचारी व्यवस्थापन तथा आपूर्ति गर्ने | १. शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको पेशागत आचारसंहिता निर्माण गरी लागू भए नभएको अनुगमन गरिनेछ ।<br>२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिनेछ ।<br>३. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत ,विषयगत सरोकारवाला निकायको समन्वयको आधारमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिनेछ<br>४. सबै विद्यालयमा शिक्षकका साथै खेलकुद प्रशिक्षक ,कर्मचारी, नर्स, कुचिकार, माली, सेक्युरिटी गार्डको व्यवस्था गरिनेछ । |
| २ | नगरपालिकामा शिक्षक व्यवस्थापन गर्न विषयविज्ञ, स्रोत शिक्षक, रोष्टर शिक्षक र शिक्षक बैङ्कको व्यवस्था गर्ने | १. नगरपालिका भित्रका विद्यालयहरूमा शिक्षक छनौट र तालिम सञ्चालन गर्न विषयगतरूपमा आफ्नो विषयमा दक्षता राख्ने शिक्षकहरू मध्येबाट विषयविज्ञ र रोष्टर शिक्षकको व्यवस्था गरी परिचालन गरिनेछ ।<br>२. विद्यालयमा शिक्षक सुत्केरी विदा, प्रसुति स्याहार विदा, किरिया विदा जस्ता विभिन्न कारणले अनुपस्थित भई शिक्षक विहीन हुने अवस्थामा नगरपालिकाले स्वयंसेवक शिक्षकको व्यवस्था गर्नेछ । |

| | | |
|---|---|---|
| ३ | शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक मेन्टर कोचिङ्गका कार्यक्रम सञ्चालन गर्ने । | १. शिक्षकको पेशागत विकास र समयसापेक्ष अद्यावधिक हुनका लागि शिक्षकका निम्ति मागको पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ<br>१. विद्यालय तथा पालिका स्तरमा शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह बैठक संचालन गरिनेछ ।<br>२. शिक्षकको पेसागत विकासका लागि असल अभ्यासको अवलोकन भ्रमण गराइनेछ ।<br>३. शिक्षक पेसागत सहयोग कार्यविधिका सिकाइका लागि शिक्षकको इ सञ्जाल बनाउने<br>४. शिक्षक पेसागत विकासका लागि अनुगमन, मेन्टरिङ , सुपिरवेक्षण गर्नका लागि विज्ञ समूहको रोस्टर बनाई परिचालन गरिनेछ । |
| ४ | शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने । | १. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्याकको वृति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधारसँग सम्बन्धित गरिनेछ ।<br>२. शिक्षकको बढुवा र वृत्ति विकासलाई शिक्षकहरूले गर्ने शिक्षा सम्बन्धी लेखन, अध्ययन र अनुसन्धानसँग समेत आवद्ध गरिनेछ । |
| ५ | शिक्षक पुरस्कार र प्रोत्साहनको प्रावधानलाई वस्तुनिष्ठ र न्यायोचित हुने गरी प्रभावकारी बनाउने | १ शिक्षक पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण, पेसाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरूको अभिमतलाई समेत आधार बनाइ लागु गरिनेछ ।<br>२ वार्षिक कार्यसम्पादन मूल्याङकन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई विद्यालय र स्थानीय तहले प्रशंसा, पुरस्कार तथा सम्मान दिने व्यवस्था गरिनुका साथै प्रदेश र सङ्घीय सरकारलाई समेत सिफारिस गरिनेछ ।<br>३ शिक्षकको कार्यसम्पादनका आधारमा बस्तुनिष्ठ र न्यायोचित कार्यसम्पादन मूल्याङ्कन गरी पुरस्कार र दण्डको पद्धति लागु गरिनेछ । |

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ ।
३. सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत सामुदायिक र संस्थागतमा तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | सहजकर्ताको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | शिक्षक %) | १००% | १००% | १००% | १००% | १००% | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा | शिक्षक %) | १००% | १००% | १००% | १००% | १००% | |

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | | | | | | | |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | शिक्षक %) | ५० % | ६० % | ७५ % | ८२ % | ९०% | |
| ५ | सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | १० | १५ | १८ | १८ | १८ | |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रम | कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अस्थायी, राहत, अनुदान तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | २ | ० | १ | ० | ० | १ | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | ३ | ० | ० | १ | १ | १ | |
| ३ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने (वार्षिक एक पटक कोचिङ कक्षा) | पटक | १५ | ५ | ५ | ५ | ५ | ५ | |
| ४ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | विद्यालय | १८ | १ | १ | १ | १ | १ | |
| ५ | परीक्षाको नतिजा विश्लेषण (वार्षिक ) | सवै विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ० | |
| ६ | विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोगका लागि क्षमता विकास (वार्षिक एक पटक) | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ७ | असल अभ्यासको अवलोकन भ्रमण (घुम्ती बैठक) | पटक | १० | २ | २ | २ | २ | २ | |
| ८ | विज्ञ समूहको गठन र परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | वार्षिक १ पटक |
| ९ | सहपाठी कक्षा अवलोकन (प्रत्येक विद्यालयमा वार्षिक २ पटक) | पटक | १० | २ | २ | २ | २ | २ | सबै विद्यालयमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | सामुदायिक विद्यालयका प्र.अ र लेखापालका लागि छोटो अवधिको क्षमता विकास तालिम | पटक | २ | १ | ० | ० | १ | ० | |
| | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | ५ | १ | १ | १ | १ | १ | वार्षिक १ पटक |
| ११ | कार्यसम्पादन मूल्याङ्कन (वार्षिक १ पटक) अस्थायी, करार र अनुदान शिक्षकको समेत | पटक | ५ | १ | १ | १ | १ | १ | |
| १२ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण (वार्षिक) | पटक | ५ | १ | १ | १ | १ | १ | |
| १३ | प्र.अ बैठकमा विद्यालय शिक्षण क्रियाकलापका सम्बन्धमा नियमित छलफल तथा सिकाइ अदान प्रदान | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | मासिक १ पटक |
| १४ | शिक्षक शैक्षिक डायरीको ब्यवस्थापन र कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| १५ | पूर्व प्राथमिक तहका शिक्षकहरूका लागि क्षमता विकास तालिम | पटक | २ | १ | ० | ० | १ | ० | |

## ४.३. शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपालको संविधान २०७२ ले निशुल्क उच्च शिक्षा पाउने हक पनि सुनिश्चित गरेको छ । यसका साथ दृष्टिविहीन नागरिकलाई ब्रेललिपिमा, स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषामा र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने भनी सुनिश्चित गरी समावेशी शिक्षाको अर्थलाई सार्थक बनाएको छ ।

संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्ता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ ।

विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयबाट बञ्चितीकरणमा परेका बालबालिकहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाएको छ ।

भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत, लैङ्गिकता तथा धार्मिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच र नतिजामा परिरहेको देखिन्छ । विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याइ सहभागी बनाउन थप प्रयासको आवश्यकता रहेको छ । विविधताले भरिएको सैनामैनाको समाजमा रहेका विविधतालाई पहिचान दिनु, सम्मान गर्नु आवश्यक छ । व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्नु आवश्यक छ । यस्तो समताले अवसरको सिर्जना गर्ने मात्र नभई अवसरमा असमानता हुनका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप व्यवस्था मिलाउनु पर्दछ । समता अभिवृद्धिसहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकालाई स्वीकारिएको हुनुपर्दछ र उनीहरूले महत्व दिएको अनुभव गर्नुपर्दछ । शैक्षिक समता र समावेशीकरणले सामाजिक पहुँच तथा न्याय स्थापित गर्न शिक्षामा सबैको सहभागिताको अधिकार सुनिश्चित गर्ने भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

प्रत्येक बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ । विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुऱ्याइ अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ ।

## ४.३.२ वर्तमान अवस्था

सैनामैना नगरपालिकामा आधारभूत तह कक्षा (१–८) मा खुद भर्ना दर ९४.९ र माध्यमिक तह कक्षा (९–१०) मा खुद भर्ना दर क्रमश: ८०.१ प्रतिशत तथा (११–१२) मा ४५.७ पुगेको छ । त्यसै गरी प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा एकमा भर्ना हुने बालबालिकाको कुल भर्ना दर ९८.१ पुगेको छ । प्रारम्भिक बालविकास कार्यक्रममा कुल भर्ना दर १४३.९ प्रतिशत र खुद भर्नादर ९५ प्रतिशत पुगेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार साक्षरता दर ८४.९ प्रतिशत (पुरुष ९०.९प्रतिशत र महिला ७९.८ प्रतिशत) पुगेको छ । आधारभूत तहको लैङ्गिक समता सूचकांक बमोजीम ०.८१ रहेको छ भने माध्यमिक

तह लैङ्गिक समता सूचक ०.९७ मा रहेको छ । आधारभूत तथा माध्यमिक तह लैङ्गिक समता सूचक समदरमा पुगी EMIS report २०८१ अनुसार ०.८५ रहेको छ ।

नगरपालिकाले सामुदायिक विद्यालयमा दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी छात्रवृत्ति,विद्यालय तहमा लैङ्गिक समताका लागि महिला शिक्षकको व्यवस्था, पाठ्यक्रममा लैङ्गिक सम्वेदनशीलता कायम, समावेशीकरण र समता सम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिए तापनि अझै विद्यालय शिक्षामा समता र समावेशिता कायम गर्न सकिएको छैन । आधारभूत विद्यालय उमेर समूहका १४६५१ जना (८०६४ जना बालक र ६५८७ जना बालिका) बालबालिकाहरू विद्यालयमा रहेका छन् फ्लाश रिपोर्ट २०८० अनुसार विद्यालय छाड्ने दर १—५ मा १ प्रतिशत र ६—८ मा १.५ प्रतिशत रहेको छ । कक्षा ८ सम्म आइपुग्दा Survival Rate ८६.८ प्रतिशत रहेको छ । त्यसैगरी माध्यमिक तर्फ विद्यालय छाड्ने दर ९—१० मा ०.६ प्रतिशत र ११—१२ मा ०.७ प्रतिशत रहेको छ । विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि हुन सक्छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । अपागंता भएका बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन् । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूलप्रवाहीकरणमा ल्याउन अझैपनि सकिएको अवस्था छैन् । माथि उल्लेखित विश्लेषणको कमजोर तथा समाजमा पछि परेको वर्गको पहुँचमा देखिएका समस्या निम्न रहेका छन्ः—

हाल शिक्षामा समावेशिताको आवाज बुलन्द भएको छ । संविधानमा शिक्षामा समान हकको व्यवस्था भएसँगै विभिन्न शिक्षा योजनामा समता वा समावेशीकरणको मुद्दा अगाडि आएको छ । नेपालको शिक्षामा बालिका तथा महिला र अपाङ्गता भएकाहरूका लागि केहि विशेष प्रबन्ध स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्याश्रमको स्थापना , वि.सं. २०२१ मा लेब्रोटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ गरिएको छ । शिक्षामा समावेशिताकालागि लागि चुनौतिको हेर्दा निम्नलिखित किसिमको रहेको देखिन्छ ।

उल्लेखित विश्लेषणको कमजोर तथा समाजमा पछि परेको बर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतिहरू निम्न रहेका छन्ः-

१. सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्न ।
२. लक्षित समूह महिला, दलित, जनजाति, आर्थिक रुपले विपन्न व्यक्तिहरूका बालबालिकाहरूलाई शिक्षामा समतामुलक पहुँच पयाई विद्यालय शिक्षामा टिकाइ राख्न ।

३. पाठ्यक्रम, पाठ्यसामाग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्ने सोहि अनुसारको जनशक्तिको व्यवस्थापन ।
४. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु ।
५. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु ।

### ४.३.३ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु ।
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.४ रणनीतिहरू तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. समावेशि शिक्षाको नीतिगत व्यवस्था गर्ने | १ संघीय समावेशि शिक्षाको नीति कार्यान्वयनमा ल्याइनेछ ।<br>२ विद्यालय तथा समुदायमा समावेशी शिक्षा नीतिको प्रबोधीकरण गरिनेछ ।<br>३ विद्यालयमा अपाङ्गता भएका बालबालिकाको कार्यगत सिमीतता पहिचान (Early screening of functional limitations) गर्ने पद्दति विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४ कार्यनीति तयार गरि छात्रवृत्तिका लागि आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्थागरिनेछ ।<br>५ अपाङ्गता भएका र अति विपन्न बालबालिकाहरूका लागि नि शुल्क उच्च शिक्षा सम्मको अध्ययनको व्यवस्था गर्न उच्च शिक्षा प्रदायक संस्था संग समन्वय गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>६ विद्यालयहरूमा विशेषतछात्राह :रूला ई हुने विभेद कम गर्न र गुनासो सुन्नका ला जेन्डर फोकल' गिपर्सन' को व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| २.सबै तहको शिक्षामा समावेशी पहुँच सुनिश्चित गर्ने | १. अपाङ्गता भएका बालबालिकाको वास्तविक तथ्याङ्क संकलन गरी कार्यक्रम विकास तथा कार्यान्वयनमा उपयोग गरिनेछ ।<br>२. विद्यालको भौतिक संरचनालाई अपाङ्गता मैत्री बनाइनेछ ।<br>३. अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच बढाउन ब्रेल तथा साङ्केतिक भाषाका सिकाइ सामग्री प्रयोगमा ल्याइनेछ ।<br>४. विभिन्न प्रकारका डिजिटल सिकाइमा आधारित सिकाइ सामग्री विकास गरी प्रयोगमा ल्याइनेछ ।<br>५. बालक्लबस् ,जुनियर रेडक्रस सर्कल ,काउट जस्ता सञ्जालहरूलाई समावेशी सिकाइ वातावरण तयार गर्न परिचालन गरिनेछ ।<br>६. बालबालिकाको नियमित स्वास्थ्य परीक्षण गरी आवश्यक रिफरल सेवा प्रदान गरिनेछ ।<br>७. गैर सरकारी संघसस्थाको समन्वय र सहकार्यमा समावेशि शिक्षाका लागि आवश्यक शैक्षिक सामग्री विकास गरी प्रयोगमा ल्याइनेछ ।<br>८. अपाङ्गता भएका बालबालिकालाई अत्यावश्यक सहायक उपकरण( ह्वील चेयर, सेतो छडी, बैशाखी आदि) सहयोग गरी शिक्षण सिकाइ प्रक्रियामा सक्रिय बनाइने छ ।<br>९. स्रोत कक्षा सञ्चालन गरी लक्षीत समूह सुरक्षित सिकाइ वातावरण सिर्जना गरिनेछ ।<br>१०. प्रत्येक बिद्यालयमा भएको गुनासो पेटिकालाइ थप व्यवस्थीत गरी पुर्ण कार्यान्वयनमा ल्याईने छ ।<br>११. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिनेछ । |

| | |
|---|---|
| ३.समावेशी शिक्षाका लागि आवश्यक सक्षमता विकास गर्ने | १. अभिभावक शिक्षा कार्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ र समावेशि शिक्षामा अभिभावकको सक्रियता बढाइनेछ ।<br>२. समावेशी शिक्षण सिकाइका लागि आवश्यक क्षमता विकास गरिनेछ ।<br>३. विद्यालयका प्रधानाध्यापक तथा वि व्य स पदाधिकारीलाई समावेशी शिक्षासम्बन्धमा अभिमुखीकरण गरिनेछ ।<br>४. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण ,इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्धगरिनेछ ।<br>५. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुनसक्ने दुव्यवहार आदिलाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन , निरीक्षण अनुसन्धान र विकास गरिनेछ । |

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**क )उपलब्धि**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुनेछ ।

**ख )नतिजा**

घ) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

ङ) लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एव प्रोत्साहन प्राप्त गरेको हुने ।

च) विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवम् सबै प्रकारका विभेदको अन्त भएको हुने ।

छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि हुने ।

ज) अपाङ्गता, अभिभावक विहीन बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने ।

झ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा समता तथा समावेशिता अभिवृद्धि हुने ।

ञ) आधारभूत तथा माध्यिमक तहमा लैङ्गिक समता सूचकमा सुधार आएको हुने ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| | शिक्षामा समता र समावेशीकरण | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता, अभिभावक विहीन बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | १७ | १८ | १८ | १८ | १८ | |
| ३ | आधारभूत तहमा लैङ्गिक समता सूचक | सूचक | ०.८१ | ०.९१ | ०.९५ | ०.९७ | १ | |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | सूचक | ०.९७ | ०.९८ | ०.९९ | १ | १ | |
| ५ | लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एव प्रोत्साहन प्राप्त गरेको विद्यार्थी सङ्ख्या | विद्यार्थी सङ्ख्या | ३९८५ | ४१०४ | ४२२३ | ४३४२ | ४४६१ | |
| ५ | पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा समता तथा समावेशिता अभिवृद्धि भएको विद्यालय | विद्यालय सङ्ख्या | ० | १८ | १८ | १८ | १८ | |

### ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रम | कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्यांक संकलन र विश्लेषण | पटक | ४ | ० | १ | १ | १ | १ | |
| २ | वैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने | पटक | ४ | ० | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनचेतना कार्यक्रम | पटक | ४ | ० | १ | १ | १ | १ | |
| ४ | विद्यालय भर्नाको लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ५ | आवस्यकता अनुसारको सिकाइ सामग्री व्यवस्था गर्ने विद्यालय | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ६ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि केही सिमित आधारभूत विद्यालयमा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । यो कार्यक्रम विशेषगरी कर्णाली र सुदूरपश्चिम क्षेत्रमा केन्द्रित रहेकोमा आर्थिक वर्ष २०७७।७८ मा कर्णाली र सुदूरपश्चिमका ८ जिल्लामा निरन्तर सञ्चालित छ। सन् २००८ देखि छनोट गरिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको सशर्त नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/७८ मा सामुदायिक विद्यालयमा स्थानीय उत्पादनलाई प्रोत्साहन हुने गरी खाद्य सामग्रीको व्यवस्थाका लागि प्रारम्भिक बाल विकाश देखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवाखाजाकोव्यवस्था ग रिएको छ। बालबालिका स्वस्थ नभएसम्म उनीहरूले राम्रोसंग शिक्षा हासिल गर्न सक्दैनन । बालबालिकाको वृद्धि र विकासका लागि पोषणयुक्त खाना अनिवार्य तत्व हो शारीरिक र मानसिक दुबै वृद्धि बिकास सन्तुलित रूपले हुनका लागी पोषण युक्त खाना,स्वच्छ खानेपानी सरसफाइ स्वास्थ जाच तथा खोपको व्यवस्था गर्नु अभिभावक तथा विद्यालय दुवैको कर्तव्य हो ।

प्रारम्भिक बालविकास देखि ५ कक्षा सम्म पढिरहेका विद्यार्थीहरूका लागी नेपाल सरकारले बजेटको व्यवस्था गरेको छ । दीवा खाजाको रकमबाट खाजाको व्यवस्था गर्नु, सफा शौचालय उपलब्ध गराउनु, विद्यालय वातावरण सरसफाइ, हरियालीवातावरण निर्माण भिटामिन A, फोलिक एसिड, आइरन चक्की,स्वच्छ पिउने पानी, सफा कक्षाकोठा आदि आधारभुत कुराहरूको उचित व्यवस्थापनबाट बालबालिकाहरूको शारीरिक मानसिक व्यवस्थापन गरी सिकाइ क्षमता वृद्धि गर्न सकिन्छ।नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (NDHS), २०१६ अनुसार ५ वर्षमुनिका बालबालिका मध्ये ३६ प्रतिशतमा पुड्केपन, २६ प्रतिशतमा कमतौल, १०

प्रतिशतमा ख्याउटेपन तथा २ प्रतिशतमा मोटोपन रहेको छ । दिगो विकास लक्ष्य २०३० का १७ वटा मध्ये १२ वटा लक्ष्य हरूमा पोषण सग सम्बन्धित सूचकहरू समावेश गरिएका छन् । संविधानले स्वास्थ्य, शिक्षा, खानेपानि तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिकरण, खाद्य सम्प्रभुता जस्ता विषयहरूलाई राज्यको प्राथमिकतामा राखी स्वस्थ र सुपोषित नागरिकको परिकल्पना गरेको छ । आधारभूत स्वास्थ्य र सरसफाई जस्ता विषयहरू लाई नेपाल को संविधानमा स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ ।

### ४.४.२ वर्तमान अवस्था :

सैनामैना नगरपालिकामा वार्षिक रुपमा स्वास्थ्य परीक्षण, अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण, आइरन चक्की तथा फोलिक एसिड वितरण, दादुरा रुबेलाखोप, विटामिन ए, पोलियो खोप, प्राथमिक उपचार बाकस को उपलब्धताको पक्षमा कार्य गरिएको छ । प्राथमिक उपचार बाकसमा सामान्य खालका औषधि तथा उपकरणको व्यवस्था गरिएको छ । महिनावारी स्वच्छता अन्तर्गत छात्राहरू लाइ प्याड उपलब्ध गराइएको छ तर प्रयोग भएका प्याडको व्यावस्थापन चुनौतिको रुपमा रहेको छ । सरसफाई तथा स्वच्छताको मापदण्ड सबै विद्यालमा पुर्ण रूपमा लागु भएको देखिएको छैन । सामुदायिक विद्यालयको प्रारम्भिक बाल विकाश देखी कक्षा ५ सम्मका विद्यार्थीका लागि संघीय सरकारको सशर्त अनुदानबाट दिवाखाजाका लागि बजेट प्राप्त हुँदै आएको छ । उक्त बजेटमा पालीकाको तर्फ बाट थप रु ५ गरि सम्पूर्ण पोषक तत्वपुग्ने गरि दिवा खाजामा विविधता ल्याउने कोसिस गरिएको छ । शौचालायको अवस्था केही विद्यालयमा राम्रो भएता पनी केहि विद्यालयमा पुर्ण रूपमा राम्रो हुन सकेको छैन । सरसफाई हाम्रो नैतिक जिम्मेवारि हो भन्ने चेतनाको विकास गर्न आवश्यक देखिएको छ ।

**समस्या तथा चुनौतीहरू**

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका लागि मितब्ययी, प्रभावकारी, दिगो र पर्याप्त व्यवस्थापन नहुनु ।
२. सबै विद्यालयमा विद्यालय नर्सको व्यवस्था गर्न नसकिनु ।
३. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु ।
४. विद्यालय खाजा विद्यालय स्वास्थ्य पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन नसकिनु ।

### ४.४.३ उद्देश्य :

१ सबै बालबालिका लाई पोषणयुक्त, सन्तुलित तथा रैथाने खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२ सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरि बालबालिकाको पोषण,स्वास्थय र सिकाई उपलब्धिमा सुधार गर्नु ।

४.४.४ रणनीति :

| क स | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | विद्यालय पोषण सुधारका लागि भौतिक संरचनामा सुधार गर्ने । | १. विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२. विद्यालय परिसरको घेराबार गारिने छ ।<br>३. दिवाखाजाका लागि भान्सा तथा भण्डार बर्तन-भाडा , तथा आवश्यक सामग्रीको प्रबन्ध गरिनेछ ।<br>४. दिवाखाजाका लागि चाहिने खाध्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारीकिसान स मूहला ई तालिमको व्यवस्था गरिनेछ ।<br>५. पत्रू खाजाका हानिकारक प्रभावका विषयमा अभिमुखिकरण गरिनेछ ।<br>६. अभिभावकको संलग्नतामा कार्यक्रमलाइ क्रमशः विस्तार गर्दै माध्यमिक तह सम्म पुऱ्याइने छ । |
| २ | दिवा खाजा तथा सरसफाई व्यस्थापनलाई अझै प्रभावकारी बनाउने | १. विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी ,साबुन तथा सफाई सामग्रीको व्यवस्था गरिनेछ ।<br>२. छात्र तथा छात्राको लागि अलग ,अलग शौचालय-युरिनलकोव्यवस्था गरिनेछ ।<br>३. छात्राका लागि चेन्जिंग रूमको व्यवस्था गरिनेछ ।<br>४. फोहोर उत्पादनलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्ने तथा विद्यालयमा व्यवस्थापन गर्न मिल्ने फोहोर लाई विद्यालयमा नै व्यवस्थापन गरिनेछ ।<br>५. विद्यालयमा प्राथमिक उपचार किट प्रदान तथा प्रतिस्थापन गर्ने। |
| ३ | दिवा खाजा कार्यक्रमलाई स्थायित्व प्रदान गर्ने। | १. स्थायित्व तथा दिगोपनका लागि तीनै तहका सरकार हरू संग साझेदारी विकासनि ,जी सार्वजनिक साझेदारी तथा अभिभावकहरूको सहभागिताका लागि आवश्यक वातावरणको विकास गर्ने । |

| | | |
|---|---|---|
| | | २. विभिन्न सूचक बनाई अधिक अंक ल्याउने ,विद्यालय लाई पुरस्कृत गर्ने तथा पुरस्कारमा दिवा खाजाला ई सहयोग हुने प्रकारकै व्यवस्था गर्ने।<br>३. दिवाखाजा व्यवस्थापनमा सहयोग गर्ने शिक्षकहरूलाई प्रोत्साहनको व्यवस्था गर्ने । |
| ४ | पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य इकाइ तथा संघ संस्थासँग सहकार्य गर्ने । | १.विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य इकाइ तथा संघ संस्थाको सहकार्यमा बालबलिकाहरूको स्वाथ्य परीक्षण गरिनेछ ।<br>२.विद्यालयमा जङकफुड, मध्यपान, धुम्रपान पूर्णरुपमा निषेध गरिनुका साथै विद्यालय क्षेत्रको कम्तिमा १०० मिटर वरपर बेचबिखन गर्न रोक लगाइने छ । |

### ४.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुनेछ ।

२. मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य ( सबै प्रकारका विद्यालयमा )**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सबै प्रकारका विद्यालयको प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका | बालबालिका* (%) | ९९% | ९९% | ९९% | ९९% | ९९% | |

| क्र. सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | | | | | | |
| २ | सवै प्रकारका विद्यालयको कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | बालबालिका* (%) | ९९% | ९९% | ९९% | ९९% | ९९% | |
| ३ | सामुदायिक विद्यालयमा अध्ययनरत दिवा खाजा प्राप्त गर्ने कक्षा १ देखि ५ | बालबलिका संख्या | ३३६८ | ३४१२ | ३५२७ | ३७०७ | ३९३९ | |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | विद्यालयको सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | |
| ५ | विद्यालयमा खानेपानी, | विद्यालयको सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | |

| क्र. सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | शौचालयको पहुँच पुगेका विद्यालय सङ्ख्या | | | | | | | |

४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ( सामुदायिक विद्यालयमा मात्र )

| क्रम | कार्यक्रम | | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | १७ | ० | १ | १ | २ | ० | |
| २ | प्रारम्भिक बालविकास र प्राथमिक तहमा पोषणयुक्त दिवा खाजाको ब्यवस्था | संख्या | २६१८३ | ४८२८ | ५०१९ | ५१९१ | ५४२८ | ५७१७ | |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग | पटक | २ | ० | १ | ० | १ | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग गर्ने | | | | | | | | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | छात्रा संख्या | १६६०२ | ३४०३ | ३४६९ | ३७०१ | ३५८१ | २४४८ | |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको | छात्रा संख्या | १६६०२ | ३४०३ | ३४६९ | ३७०१ | ३५८१ | २४४८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड, एच.पी.भी खोप आदि प्रदान) | | | | | | | |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | १८ | १३ | ५ | १८ | १८ | १८ | |
| ८ | विद्यालय स्तरीय पोषण सप्ताह सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ९ | विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि समिति गठन र तालिम प्राप्त फोकल शिक्षकको व्यवस्था गर्ने | पटक | २ | ० | १ | ० | १ | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | बाल क्लब गठन तथा पुनरगठन र परिचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता सम्बन्धी अवधारणा विश्वभर अत्यन्तै महत्वपूर्ण विषय बनेको छ, विशेष गरी नेपालजस्तो प्राकृतिक विपद्‌बाट बारम्बार प्रभावित हुने मुलुकमा। नेपालका विद्यालयहरूमा यस सम्बन्धी योजनाहरू प्रायः राष्ट्रिय शिक्षा नीति, २०७६, विद्यालय सुरक्षा मापदण्ड २०७२, र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको राष्ट्रिय रणनीति २०७२ ले निर्देशित गरेका छन्।

नेपालमा विद्यालय सुरक्षा सम्बन्धी महत्वपूर्ण पहल "सुरक्षित विद्यालय अभियान हो, जसले Comprehensive School Safety Framework (CSSF) को सिद्धान्तहरूलाई नेपालमा लागू गर्ने प्रयास गरेको छ । CSSF ले तीन प्रमुख स्तम्भहरूमा काम गर्दछः

- विद्यालयको संरचनागत सुरक्षा
- आपतकालीन तयारी र व्यवस्थापन
- शैक्षिक निरन्तरता

नेपालको राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालयको सुरक्षा र बालबालिकाको शैक्षिक निरन्तरतामा उच्च प्राथमिकता दिइएको छ । यस नीतिमा विपद् व्यवस्थापनलाई एक महत्वपूर्ण खण्डको रूपमा राखिएको छ । नीतिमा विद्यालयहरूको संरचनागत सुधार, विपद् प्रतिरोधी भवनहरूको निर्माण र विपद्‌को समयमा शिक्षा निरन्तरताका लागि पूर्वतयारी सुनिश्चित गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

अर्को महत्वपूर्ण दस्तावेज विद्यालय सुरक्षा मापदण्ड, २०७२ हो, जसले नेपालमा विद्यालयहरूको भौतिक संरचनालाई भूकम्प र अन्य प्राकृतिक विपद्‌का दृष्टिले सुरक्षित बनाउन आवश्यक दिशानिर्देशहरू दिएको छ । यस मापदण्डले विद्यालय भवनहरूको सुरक्षा मापदण्ड र त्यसको निरन्तर अनुगमनको आवश्यकता औंल्याएको छ ।

नेपालको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको राष्ट्रिय रणनीति, २०७२ ले पनि विद्यालयमा सुरक्षित वातावरण निर्माणमा विशेष ध्यान दिएको छ । यस रणनीतिमा विपद्‌को पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना, र पुनर्निर्माणलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ । यसले विशेष गरी भूकम्पबाट प्रभावित विद्यालयहरूको पुनर्निर्माणमा केन्द्रित रहेर काम गरेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (DRRM Act, 2017): यसले राष्ट्रिय, प्रादेशिक, र स्थानीय तहहरूमा विपद् व्यवस्थापन समितिहरू (DMCs) को स्थापना गर्न मार्गदर्शन दिन्छ। यस ऐनले विद्यालयहरूको संरचना सुरक्षित बनाउने, आपतकालीन तयारी र शैक्षिक निरन्तरताका लागि समन्वय गर्न विभिन्न निकायहरूलाई जिम्मेवारी तोकेको छ ।

लुम्बिनी प्रदेश विपद् व्यवस्थापन नीति, २०७६: यो नीति लुम्बिनी प्रदेशको विद्यालय सुरक्षा, संरचनागत सुधार, र विपद् व्यवस्थापनका लागि विशेष नीति बनाइएको छ । यसले स्थानीय विद्यालयहरूमा भौतिक संरचना सुधार गर्न, विपद्को समयमा बालबालिकाको सुरक्षा सुनिश्चित गर्न र शैक्षिक निरन्तरताका लागि वैकल्पिक उपायहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

UNDRR (United Nations Office for Disaster Risk Reduction) ले Comprehensive School Safety Framework (CSSF) ल्याएको हो, जसले विश्वभरिका विद्यालयहरूको सुरक्षित संरचना, विपद् प्रतिकार्य योजना, र शिक्षा निरन्तरताका लागि मापदण्ड प्रदान गर्दछ । यो मापदण्ड नेपालमा अपनाइएको छ र यसले नेपालका विद्यालयहरूमा संरचनागत सुधार र व्यवस्थापनमा मद्दत पुर्‍याएको छ ।

नेपालका धेरै विद्यालयहरूले CSSF मा आधारित संरचनागत सुधारहरू लागू गरेका छन्, विशेष गरी २०१५ सालको भूकम्पपछि पुनर्निर्माणका क्रममा। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (NRA) ले विद्यालयको पुनर्निर्माणमा CSSF सिद्धान्तहरूलाई लागू गर्दै बालमैत्री र सुरक्षित विद्यालय को अवधारणा अगाडि सारेको छ ।

यसरी, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विद्यालय सुरक्षा र विपद् न्यूनीकरण सम्बन्धी अनेकौं पहलहरू र नीतिहरू विकास गरिएका छन् । सबैले नेपालजस्ता विपद् जोखिमयुक्त मुलुकमा विशेष गरी विद्यालयको सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

नेपालमा प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रम समावेश हुँदै आए पनि प्रभावकारी देखिएको छैन । कोभिड १९ लगायतका महामारीहरूका कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी विद्यालय शिक्षा क्षेत्र योजना २०७८ देखि २०८७ सम्म ले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समेत समावेश गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ । विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलता अन्तर्गत मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ । जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी युद्ध द्वन्द विस्थापन र बसाईसराईका कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई

कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण उत्थानशील योजनाहरू कार्यान्वयन गर्नुपर्ने अवस्था छ । यसका साथै अपतकालिन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षती न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा ल्याएको छ ।

### ४.५.२ वर्तमान अवस्था

सैनामैना नगरपालिकामा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ । यद्यपी विद्यालय भौतिक संरचनाहरू पुराना पनि रहेका छन । भूकम्प प्रतिरोधक संरचना निर्माण भएपनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता, र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन ।
राष्ट्रिय शिक्षा नीति,२०७६ ले विपद्को पूर्तयारी,प्रतिकार्य,न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ । उक्त नीतिले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय प्रतिकार्यको व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा,भय,त्रास, गाली-बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रका रूपमा विकास गरिने उल्लेख गरिएको छ ।
कोभिड-१९ बाट भएको क्षतिलाई कम गर्न, क्षतिको आपूरण गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रमा कोभिड-१९ को प्रभाव तथा यसबाट भएको सिकाइ क्षतिको लेखाजोखा गरी सिकाइ आपूरणको योजना निर्माण तथा कार्यान्वयन आवश्यक छ । सैनामैना नगरपालिकाका विद्यालयहरूको आपतकालीन योजनाहरू सुपर परीयोजना मार्फत निर्माण भइरहेका छ । विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु र विद्यार्थीहरूलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु थप आवश्यकता छ । विद्यालयको विपत उत्थानशीलताका लागि दिर्घकालिन विकास सुनिश्चित गर्न अपनाइने उपायहरू भए पनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन । सैनामैना नगरपालिकामा कोभिड-१९ जस्तो विपदको समयमा शिक्षाका लागि विभिन्न बैकल्पिक प्रयासहरू गरिएका छन् । यीमध्ये केही प्रमुख प्रयासहरू निम्नलिखित छन्:

१. अनलाइन कक्षाहरू: विद्यालयहरूले अनलाइन प्लेटफर्ममार्फत कक्षाहरू सञ्चालन गरेका छन्। यसमा भिडियो कन्फरेन्सिंग एप्स, जस्तै जूम प्रयोग गरिएको छ ।

२. नेपाल टेलिकमसगँको सहकार्यमा शिक्षक तथा वद्यार्थीहरूलाइ निशुल्क सिम उपलब्ध गराइ शिक्षण सहजिकरण भएको छ ।

३. टेलिभिजन र रेडियो कार्यक्रम: शिक्षण सामग्रीको पहुँच सुनिश्चित गर्न टेलिभिजन र रेडियोबाट प्रशारण हुने शैक्षिक विशेष कार्यक्रमहरूमा विद्यार्थी सहभागी भएका छन ।

४. सामग्री वितरण: विद्यार्थीहरूलाई आवश्यक अध्ययन सामग्रीको वितरण गरिएको छ, जसमा किताब, कार्यपत्र, र अन्य शैक्षिक सामग्री समावेश छन्।

५. सामुदायिक शिक्षण केन्द्र: स्थानीय समुदायमा शिक्षण केन्द्रहरूको स्थापना गरिएको छ, जहाँ शिक्षकहरूले विद्यार्थीहरूलाई व्यक्तिगत रुपमा सहयोग गर्ने प्रयास गरेका छन् ।

६. मास्क र स्वास्थ्य शिक्षा: विद्यार्थीहरूको स्वास्थ्य र सुरक्षाको लागि मास्क वितरण गरिएको र स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको आयोजना गरिएको छ ।

७. अभिभावकको संलग्नता: अभिभावकलाई पनि शिक्षामा संलग्न गराउने विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ, जसले उनीहरूलाई घरमै विद्यार्थीहरूको अध्ययनमा सहयोग पुर्‍याउन मद्दत पुर्याएको छ । यी प्रयासहरूले शिक्षा प्रणालीलाई निरन्तरता दिन र विद्यार्थीहरूको शिक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्।

**विद्यालय सुरक्षा, विपद् न्यूनीकरण, तथा उत्थानशीलतामा समस्या तथा चुनौतीहरू**

१. समुदायस्तरमा विपत् र यसको व्यवस्थापन सम्बन्धी ज्ञान तथा सिपको कमी हुनु,
२. विद्यालय तथा समुदायमा विपत् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त जनशक्तिको अभाव हुनु,
३. विपद् पूर्वतयारीको क्षेत्रमा अपेक्षित कार्य नहुनु,
४. विपत् व्यवस्थापनसम्बन्धी प्रतिकार्य योजना तयार नहुनु ,
५. विपत् जोखिम व्यवस्थापन उत्थानशील क्षमता विकास हुन नसक्नु,
६. विद्यालय भवन निर्माणमा विपत् जोखिम व्यवस्थापन मापदण्ड अनुसरण नहुनु,
७. जोखिमपूर्ण अवस्थामा रहेका विद्यालय भवनको पूनरनिर्माण नहुनु
८. विपत् व्यवस्थापन सम्बन्धी सक्षमता विकास गरी परिचालन नहुनु

### ४.५.३ उद्देश्य

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
२. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु
३. आपतकालीन अवस्थामा सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु
४. ReAL plan कार्यान्वयमा ल्याउनु ।

### ४.५.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.आपत्कालिन शिक्षासम्बन्धी आवश्यक रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | १. विपत् व्यवस्थापन सम्बन्धि नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२. संकटासन्नताको मूल्याङ्कन (Vulnerability and capacity Assessment-VCA) कार्य गरिनेछ ।<br>३. संकटासन्नताको मूल्याङ्कनका पूर्वानुमान तथा प्रतिकार्यको योजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>४. विपतका समयमा तत्काल सहयोग गर्न पालिका तहमा विपत व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण गरिनेछ ।<br>५. स्वास्थ्य केद्रसँग समन्वय गरी आपतकालिन सहयोग डेस्क खडा गरी परिचालन गरिनेछ ।<br>६. विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन लगायतका आपतकालिन शिक्षाको निरन्तरतामा आधारित रेडियो कार्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ ।<br>७. महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गरिनेछ ।<br>८. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गरिनेछ ।<br>९. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>१०. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाइने छ । |
| २विपत न्यूनीकरण.का लागि समन्वय र सहकार्य गर्न । | १. विपत्का समयमा अन्य सम्बद्ध निकायसंग उचित समन्वय र सहकार्य गरी शैक्षिक निरन्तरता प्रदान गरिनेछ ।<br>२. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङेकन तथा विश्लेषण गरि समन्वय गरिनेछ । |

| | |
|---|---|
| ३.विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने | १. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गरिनेछ ।<br>२. विपत व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिनेछ । विपत्का समयमा अपाङ्गता भएका बालबालिकाको शैक्षिक निरन्तरताका लागि टोल शिक्षा, घुम्ती सिकाइ जस्ता समुदायमा आधारित सिकाइ कार्यक्रम सञ्चालन गरी सिकाइलाई निरन्तरता प्रदान गरिनेछ ।<br>३. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गरिनेछ<br>४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरताका लागि ReAL plan कार्यन्वयन गरिनेछ ।<br>५. विपतको समयमा शैक्षिक निरन्तरताका लागि आवश्यकता अनुसार सिकाइ सामग्रीको व्यवस्थापन गरिनेछ<br>६. आधारभूत सिकाइ सामग्रीहरू जस्तै पाठ्यपुस्तक, कलम, कापी, स्वाध्ययन सामग्री, स्टेसनरी आदिको सुनिश्चित गरी सिकाइलाई निरन्तरता प्रदान गरिनेछ । |

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
२. सम्भावित विपद् को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महामारी तथा विपत् जोखिम | विद्यालय | ७ | १८ | १८ | १८ | १८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | | | | | | | |
| २ | हरित विद्यालय कार्यढाँचा योजना निर्माण | पटक | ० | १ | ० | ० | ० | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास शिक्षा जस्ता कार्यक्रम सञ्चालन कार्यान्वयन गर्ने | विद्यालय | ० | १८ | १८ | १८ | १८ | |
| ४ | विद्यालयमा अपतकालिन कोषको स्थापना | पटक | ० | १ | ० | ० | ० | |
| ५ | अपतकालिन तथा संकटपूर्ण अवस्थामा पनि बैकल्पिक ब्यवस्था अनुसारको सिकाइ क्रियाकलाप | विद्यालय | १८ | १८ | १८ | १८ | १८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संचालन भएको हुने विद्यालय | | | | | | | |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रम | कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापनमा विद्यालयको क्षमता विकास | पटक | १ | ० | १ | ० | ० | ० | |
| २ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ३ | शिक्षक तथा वि.व्य.स र शि.अ.सं लाइ विपद् ब्यवस्थापन तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ४ | सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ५ | विद्यालय विपद उत्थानशील योजना | विद्यालय | १७ | ० | १७ | ० | ० | ० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका साथै विपद् जोखिममा उत्थानशील बनाउने

नीतिगत व्यवस्था गरिएको छ । शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चितततताको आवश्यकता पर्दछ ।

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चितततताको आवश्यकता पर्दछ । शिक्षा नियमावली, २०५९ ले एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास र आधारभूत तहका प्रारम्भिक कक्षा (१-५) का लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका साथै विपद् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यास र सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

विद्यालयको भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन नगरपालिकाको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख भएको छ ।

सैनामैना शैक्षिक प्रोफाइल २०८० अनुसार नगरपालिकामा सञ्चालित १७ सामुदायिक विद्यालयहरूमा भवन संख्या १०० रहेका छन् भने उक्त भवनमा३१६ कक्षा कोठाहरू रहेका छन् । उक्त विद्यालयमा छात्र छात्राको लागी अलग्गै शौचालय ६२ वटा रहेका छन् । उक्त १७ सामुदायिक विद्यालयमा विद्यार्थी संख्याको आधारमा नपुग कक्षा कोठाहरू ७४ रहेका छन् । विज्ञान प्रयोगशाला भएका विद्यालय ९ , पुस्तकालय भएका १३ , विद्यालयको आफ्नै यातायातको साधन भएको विद्यालय ६ रहेका छन् । हाल संचालित विद्यालयहरूमा डेक्स बेञ्चको संख्या ३०४१ र अझै नपुग संख्या ११९५ रहेको छ ।

विद्यालयका पुर्ण भवन भुकम्प प्रतिरोधि प्रविधिमा निर्माण भएका छैनन् । आगामी ५ वर्षमा पुराना भवनलाई विस्थापित गरी ७४ कक्षाकोठा थप गर्नु पर्ने साथै पुराना टिनका छानाहरू मर्मत तथा फेर्नु पर्ने अवस्था रहेको छ । संञ्चालित विद्यालयको भौतिक पूर्वाधारहरू बालमैत्री, अपाङ्गतामैत्री हुन सकेको छैन । वातावरण अनुकुल

उपकरण नहुदा तराइको प्रचण्ड गर्मीमा पनि बालबालिकाहरू टिनको छानामुनि बसि अध्ययन गर्न बाध्य छन् । विद्यालयमा खेल्नका लागि खेलकुद मैदान, घेरावार, पुस्तकालय, प्रयोगशाला, विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था जिन्सी कोठा, बुक कर्नर जस्ता पूर्वाधारमा प्रयाप्त पुग्न सकेको छैन । कक्षा अनुसारको कक्षाकोठा, प्रशासन, लेखा, बैठक कक्षा जस्ता सुविधाहरू अझै पनि केहि नपुग देखिन्छ । अझै पनी केही विद्यालयमा पुस्तकालय, फर्निचर, प्रयोगशाला सामग्रीको अभाव छ ।

सैनामैना नगरपालिकामा संचालित सामुदायिक विद्यालयको भौतिक विकासकालागि नेपाल सरकारकोराष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमले सहयोग गरेको अवस्था छ । नेपालको शासकीय स्वरुप परिवर्तनसगै माध्यमिक तहसम्मको शिक्षा हेर्ने दायित्व स्थानीय सरकारको काधमा आएकाले नेपाल सरकारको साझेदारी तथा सहयोगमा स्थानीय तहबाट नियमन तथा कार्य हुने व्यवस्थाका कारण स्थानीय आवश्यकता अनुरुप भौतिक संरचनाको विकास गर्न सकिने अवसर पनि यस नगरपालिकालाई रहेको देखिन्छ नगरपालिकाका सामुदायिक विद्यालयमा उपलब्ध भौतिक सुबिधाहरू तपिशल बमोजिम रहेको छ ।

*तालिका३१:४.२, शिक्षण सिकाइ वातावरण तथा विद्यालयमा उपलब्ध भौतिक सुविधा*

| सि नं | विद्यालयको नाम | अङ्ग्रेजी माध्यम चलेको कक्षा | भवन (संख्या( | कक्षाकोठा (संख्या( | शौचालय छात्रछा/ [illegible] | नपुग कक्षा |
|---|---|---|---|---|---|---|
| १ | पर्सोहा मा वि | नर्सरी१०- | ५ | २६ | ५ | ४ |
| २ | रामापुर मा वि | नर्सरी१०- | ५ | २७ | ४ | ८ |
| ३ | पशुपति मा वि | नर्सरी १०- | १० | ४४ | १० | १२ |
| ४ | सैनामैना मा वि | नर्सरी १०- | ११ | ४० | ४ | १० |
| ५ | दुर्गा भवानी मा वि | कक्षा ५ सम्म | ४ | ७ | २ | ४ |
| ६ | जनकल्याण मा वि | नर्सरी१०- | ९ | २५ | ४ | ४ |
| ७ | सरस्वति मा वि | नर्सरी-५सम्म | २ | १० | ४ | ४ |
| ८ | राष्ट्रिय मा वि | ३ कक्षा सम्म | ६ | १६ | २ | ४ |
| ९ | जनचेतना मा वि | ५ कक्षा सम्म | ४ | १२ | ५ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | सालझन्डी मा वि | नर्सरी-३ सम्म | ५ | १४ | ४ | २ |
| ११ | कोटियादेवी मा वि | ८ कक्षा सम्म | ६ | १२ | २ | २ |
| १२ | मलमला देवी मा वि | नर्सरी-६ सम्म | ६ | २१ | ४ | ४ |
| १३ | पश्चिम पर्रोहा मा वि | २ कक्षा सम्म | ५ | ११ | २ | १० |
| १४ | महेरवा देवि मा वि | ५ कक्षा सम्म | ४ | १५ | २ | ४ |
| १५ | जनज्योति आवि३- | ३ कक्षा सम्म | ६ | १२ | ४ | |
| १६ | जनज्योति आवि११- | १ कक्षा सम्म | ५ | १० | २ | |
| १७ | कालिका आवि | ३ कक्षा सम्म | ७ | १४ | २ | |
| | जम्मा | | १०० | ३१६ | ६२ | ७४ |

*तालिका ३०:४.३, शिक्षण सिकाइ वातावरण तथा विद्यालयमा उपलब्ध भौतिक सुविधा*

| सि नं | विद्यालयको नाम | प्रयोगशाला छ/छैन | पुस्तकालय छ/छैन | स्कुल बस (संख्या) | डेक्स बेन्चको संख्या | प्रयोगमा रहेका | प्रयोगमा नरहेका | विद्यालयले माग गरेको |
|---|---|---|---|---|---|---|---|---|
| १ | पर्रोहा मा वि | छ | छ | छैन | २६० | २१० | ५० | ११५ |
| २ | रामापुर मा वि | छ | छ | २ | ४६६ | ४११ | ५५ | ६० |
| ३ | पशुपति मा वि | छ | छ | २ | ३६० | ३६० | ० | ३० |
| ४ | सैनामैना मा वि | छ | छ | २ | ५७५ | ५७५ | ० | ५०० |
| ५ | दुर्गा भवानी मा वि | छैन | छ | छैन | १३० | १०६ | २४ | १०० |
| ६ | जनकल्याण मा वि | छ | छ | १ | ३०० | २५० | ५० | १०० |
| ७ | सरस्वति मा वि | छैन | छ | छैन | ८० | ८० | ० | २० |
| ८ | राष्ट्रिय मा वि | छैन | छैन | छैन | ९० | ७८ | १२ | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | जनचेतना मा वि | छ | छ | १ | १५९ | १२० | ३९ | २० |
| १० | सालझन्डी मा वि | छ | छ | छैन | ११४ | ७२ | ४२ | ५० |
| ११ | कोटियादेवी मा वि | छ | छ | छैन | ८२ | ७४ | ८ | ३० |
| १२ | मलमला देवी मा वि | छ | छ | छैन | १०७ | १०४ | ३ | १० |
| १३ | पश्चिम पर्रोहा मा वि | छैन | छैन | छैन | ८० | ७५ | ५ | ३५ |
| १४ | महेरवा देवि मा वि | छैन | छ | छैन | १२५ | २५ | १०० | २५ |
| १५ | जनज्योति आ वि३- | छैन | छैन | छैन | ३६ | २९ | ७ | ४० |
| १६ | जनज्योति आ वि११- | छैन | छैन | छैन | ३७ | ३७ | ० | २० |
| | जम्मा | | | | १०० | ३१६ | ६२ | ७४ |

स्रोत सैनामैना शैक्षिक प्रोफाइल २०८०

*तालिका ३१:४.४, विद्यालयमा उपलब्ध भौतिक सुविधा*

| क्र. स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कूना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| १ | पर्रोहा मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| २ | रामापुर मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| ३ | पशुपति मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| ४ | सैनामैना मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| ५ | दुर्गाभवानी मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| ६ | जनकल्याण मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| ७ | सरस्वती मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| ८ | राष्ट्रिय मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| ९ | जनचेतना मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| १० | सालझण्डी मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| ११ | कोटीयादेवि मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| १२ | मलमलादेवी मा व | √ | | | | √ | √ | √ | √ | √ | |
| १३ | पश्चिमपर्रोहा मा वि | √ | | | | √ | √ | √ | √ | √ | |
| १४ | महरेवादेवी मा वि | √ | | | | √ | √ | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | जनज्योती आ वि | √ | | | | √ | √ | | | | |
| १६ | जनज्योती आ वि ३ | √ | | | | √ | √ | | | | |
| १७ | कालिका आ वि | √ | | | | √ | √ | | | | |
| १८ | लुम्बिनी वा वि के | √ | | | | √ | √ | | | | |
| १९ | कन्चन पूर्व प्रा वि | √ | | | | √ | √ | | | | |
| २० | पर्रोहा बोलबम वैदिक गुरुकुलम | √ | | | | √ | √ | | | | |
| जम्मा | | २० | | | | २० | २० | १३ | १३ | १३ | |

स्रोत सैनामैना शैक्षिक प्रोफाइल २०८०

**समस्या र चुनौतीहरू**

१ विद्यार्थी संख्याको आधारमा भौतिक पूर्वाधार प्रयाप्त नहुनु ।

२ कक्षा ११/१२ लाई एकै सत्र (दिवाकालिन संचालन गर्दा ) भौतिक पूर्वाधारमा समस्या कायम हुनु ।

३ भौतिक पुर्वाधारहरू वालमैत्री,अपांगमैत्री नहुनु ।

४ बिद्यालयमा खानेपानी,सौचालय, घेरावार, चमेनागृह ,खेलमैदान पर्याप्त नहुनु।

५ वातानुकुलित उपकरण पर्याप्त नहुनु।

## ४.६.३ उद्देश्य

१. विद्यालयको भौतिक पूर्वाधार बिकासका लागि सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु।

२. सबै विद्यालयमा पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु । वि

## ४.६.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.विद्यालयमा आवश्यक मापदण्ड विकास कार्यान्वयन गरी सुरक्षित बनाउने | १. कार्यविधिका आधारमा विद्यालयको भौतिक संरचना, सुरक्षित खानेपानी लगायतका पक्षको सुधार गरिनेछ ।<br>२. शिक्षा शाखाको सामुहिक स्थलगत अध्ययनका आधारमा भौतिक अवस्था पहिचान कार्य गरिनेछ<br>३. सुरक्षित विद्यालय अवधारणा अनुसार विद्यालयको घेरावार, कम्पाउण्ड लगायतका पक्षहरूमा सम्भाव्यता र आवश्यकताका सुधार गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ४. विद्यालय भौतिक पूर्वाधार विकासमाका लागी मास्टर प्लान बनाइ कायान्र्वयनगरिनेछ ।<br>५. भवन निर्माण आचार संहिता तथा स्थानीय भूगोलको अध्ययन गरी सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।<br>६. एक विद्यालयकको सम्पुर्ण संरचनाको विकाश गर्दा "A school with complete infrastructure " को अवधारणा अनुसार विकास गरिनेछ ।<br>७. विद्यालय पूर्वाधार विकासका लागि सङ्घप्रदेश र स्थानीय तह ,को ला गत साझेदारीमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्धगरिनेछ ।<br>८. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यार्थी सङ्ख्याको प्रक्षेपणको मापदण्ड विकास गरिनेछ ।<br>९. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गरिनेछ । |
| २. समावेशी समतामुलक पहुँचकालागी संरचनाको भौतिक अवस्थाको पहिचान गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने | १. भवन निर्माण आचार संहिताको विकास गरी विभिन्न संघसंस्थासँगको साझेदारीमा बालमैत्री ,लैङ्गिकमैत्री शौचालय तथा अपाङगमैत्री भवन निर्माणगरिनेछ ।<br>२. विद्यालयमा बनेका संरचना हरूको मर्मतगरिनेछ ।<br>३. अवश्यकताका आधारमा छात्र छात्रा र अन्यकालागी छुट्टै शौचालयहरूको निर्माण गरिनेछ ।<br>४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।<br>५. सबै विद्यालयमा शुद्ध खानेपानी,उचित घेराबार, तथा बालमैत्री कक्षाकोठाको व्यवस्थापन गरिनेछ । |
| ३.भौतिक निर्माणको स्रोत पहिचान गरी परिचालनगरिनेछ । | १. समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने कालागी पहलगरिनेछ ।<br>२. संघ र प्रदेश सरकारसँग समन्वय गरी आराम कक्ष प्रशासनिक कक्ष लगायतका आधुनिक आवश्यकताका भौतिक संरचना विकाशगरिनेछ । |
| ४ भौतिक.संरचनाको विकास गर्दा पारदर्शिता | १. स्थानीय अभिभावकको सहभागितामा भौतिक संरचनाको विकास कार्यमा जोड दिदै पारदर्शिता तथा जवाफदेहितामा जोड दिने नीति अपनाइनेछ ।<br>२. भौतिक निर्माणमा अभिभावक तथा विद्यार्थी रेखदेख कार्यक्रम संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| तथा जवाफदेहितामा जोड दिने | ३. प्राविधिक र साधारण तर्फका छुट्टै भौतिक संरचनाको विकास गरी शैक्षिक गुणस्तर वृद्धिमा जोड दिइनेछ । |

४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री, लैङ्गिकमैत्री र सुरक्षित हुने

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | कक्षाकोठा सङ्ख्या | ७ | १२ | १५ | १५ | १५ | |
| २ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | शौचालय सङ्ख्या | १ | २ | ३ | ३ | ३ | |
| ३ | भौतिक पूर्वाधार विकास स्थानीय मापदण्ड तथा आचार संहिता निर्माण भएको हुने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ३ | ५ | ७ | १० | १८ | |
| ४ | आवश्यकताका सुरक्षित बालमैत्री भौतिक | विद्यालय सङ्ख्या | ३ | ५ | ७ | १० | १८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संरचनाको विकास भएको हुने विद्यालय सङ्ख्या | | | | | | | |
| ५ | उचित पुस्तकालयको व्यवस्था गर्ने | विद्यालय सङ्ख्या | १३ | १८ | १८ | १८ | १८ | |

## ४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रम | कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| १ | विद्यालय कक्षाकोठा निर्माण | सङ्ख्या | ५९ | ७ | १२ | १३ | १५ | १४ | |
| २ | विद्यालयको समग्र विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाउने | पटक | १ | ० | १ | ० | ० | ० | |
| ३ | विद्यालयको सबलीकरण गर्नुपर्ने | सङ्ख्या | १५ | ० | ३ | २ | ५ | ५ | |
| ४ | विद्यालयमा बनेका संरचनाको फर्निचर व्यवस्थापन | फर्निचर सङ्ख्या | ७३६८ | १२०० | १२७२ | १४५२ | १६३२ | १८१२ | |
| ५ | छात्रा र छात्रलाई अलग्गै शौचालय प्रबन्ध | विद्यालय सङ्ख्या | १४ | ३ | २ | ३ | ३ | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | १३ | ० | ३ | ४ | ३ | ३ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

नेपालको संविधान २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिको कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ ।त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षाको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धि साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ ।शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धि गुरु योजना २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तर्क्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, सूचना प्रविधि केन्द्रका रुपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

सूचना तथा सञ्चार प्रविधिसम्बन्धि आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट ककनेक्टिभिटी आदिको विस्तार सबै विद्यालयमा गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालयसहितको एकीकृत प्रणालीको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिसम्बन्धि उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु अहिलेको अवश्यकता रहेको छ ।

### ४.७.२ वर्तमान अवस्था

यस नगरपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरूले सूचना प्रबिधि सहितको कार्यकालागी १ जना कम्प्युटर शिक्षकको व्यवस्था गरेका छन् । शैक्षिक तथ्याङ्क २०८० को प्रतिवेदन अनुसार यस नगरपालिकामा सञ्चालित सवै प्रकारका विद्यालयमा विद्युत सुबिधा पुगेको छ । ९ माध्यमिक विद्यालयमा ICT ल्याव ३ मा स्माट बोर्ड र १६० शिक्षकलाइ लागत साझेदारीको आधारमा ल्याबटपको व्यवस्था गरेको छ । हाल यस नगरपालिका भित्रका विद्यालयमा इन्टरनेर सुविधा र इ-हाजिरी जडान भई प्रयोगमा रहेका छन् भने कम्प्युटर ल्याव स्थापना भएका विद्यालयमा पनि शिक्षण सिकाइमा प्रविधिको प्रयोगको अवस्था सुधार गर्नु पर्ने रहेको छ ।

कोभिड १९ का कारण दुइ पटक सम्म धेरै समय विद्यालयहरू बन्द रहेको अवस्थामा अधिंकाश विद्यालयहरूले भर्चुअल माध्यमबाट अध्यापन गरेको पाइन्छ । नगरपालिका भित्रका सम्पूर्ण माध्यमिक र आधारभूत तहमा इन्टरनेट बापत वार्षिक बजेटको समेत व्यवस्थापन भएको छ । सबै माध्यामिक तथा आधारभूत (६-८) का विद्यालयहरूमा कम्प्यूटर तथा प्रिन्टरको व्यवस्था गरिएको छ । नमूना विद्यालयका केहि कक्षामा स्मार्ट बोर्डको व्यवस्थापन समेत गरेको छ र विद्यालयहरूका विभिन्न कक्षाहरूमा कम्प्यूटर विषयको शिक्षण गरिएको पाइन्छ । केन्द्रीय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको उपयोग विद्यालयहरूले गरीरहेको अवस्था छ ।

हाल नगरपालिकाको शिक्षा क्षेत्रमा विद्यालयका प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्ययमबाट अध्यापन गर्ने शैक्षिक कार्य सामान्यरुपमा प्रयोगमा आएको छ । सुचना प्रविधीले कामलाइ सहजता बनाएता पनि केही चुनौतिहरू सृजना गरेको छ ।

उल्लिखित अवस्थाहरूलाई विश्लेषण गर्दा शिक्षामा सूचना प्रविधि क्षेत्रमा निम्न चुनौतिहरू पहिचान गरिएका छन

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालय सहीतको एकीकृत प्रणालीको विकास गर्न।
२. सूचना तथा सञ्चार प्रविधि सम्बन्धि उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्तिको विकास गर्न।

३. अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच विस्तार गर्न।

४. विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तीका लागि प्रयोग हुने सामग्री विकास र प्रयोग गर्न।

### ४.७.३ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु ।

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ४.७.४ रणनीति तथा कार्यनीति

| | |
|---|---|
| १. विद्यालय भौतिक तथा शैक्षिक वातावरणलाई प्रविधि मैत्री बनाउने | १. निःशुल्क इन्टरनेट सुविधा विस्तार गरी सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइका लागि उपयुक्त वातावरण निर्माण गरिने छ,<br>२. एक विद्यालयमा एक आइ सि टि ल्याव नीति कार्यान्वयन गरिनेछ ,<br>३. विद्यालयका प्रधानाध्यापक तथा विद्यालयल व्यवस्थापन समितिका पदाधिकारीलाई सूचना र प्रविधिमा आधारित सिकाइयुक्त शैक्षिक वातावरण विकासका लागि प्रोत्साहन गरिनेछ ।<br>४. विद्यालयलाई विभिन्न सस्थाबाट विकसित इ पुस्तकालय सँग जोडी प्रविधिमा आधारित सिकाइका लागि उपयुक्त वातावरण तयार गरिनेछ ।<br>५. डिजिटलमा आधारित सिकाइ सामग्री विकासमा प्राथमिकता दिइनेछ ।<br>६. विद्यालयमा नियमित विद्युत आपूर्ति तथा इन्टरनेट कनेक्टीभिटिको व्यवस्था गरिनेछ । |
| २. प्रविधिमा आधारित शिक्षण सिकाइका लागि शिक्षकको सक्षमता विकास गर्ने | १. विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीको सक्षमता विकास गरी सूचना, सञ्चार र प्रविधिको शैक्षिक प्रयोगका लागि तयार गरिनेछ ।<br>२. शिक्षकमा कम्प्युटरमा आधारित शिक्षण सिकाइका लागि आवश्यक क्षमता विकास गरी प्रयोगमा ल्याइनेछ । |

| | |
|---|---|
| | ३. अभिभावकलाई सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइको महत्त्वका बारेमा सचेतीकरण गरी सिकारुको सिकाइमा सहजीकरणका लागि प्रोत्साहन गरिनेछ । |
| ३.विद्यालय शिक्षालाइ सुचना प्रविधीको माध्यमबाट समावेशी बनाउने । | १. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोगगरिनेछ ।<br>२. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग प्रयोगगरिनेछ ।<br>३. IEMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्यहरू समेत यसमा समावेश गरिनेछ । |
| ४.विद्यालयमा सुचना प्रविधिका माध्यमको अधिक मात्रामा प्रयोग गर्ने । | १. विद्यालय सुपरीवेक्षण, बैठक, गोष्टि, तालिममा सूचना तथा सञ्चार प्रविधिको अधिकमात्रामा प्रयोग गरिनेछ ।<br>२. शिक्षक,कर्मचारीहरूमा अधिक मात्रामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।<br>३. सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ । |

### ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

## ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १००% | १००% | १००% | १००% | १००% | १००% | |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | १० | १७ | १७ | १७ | १७ | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | विद्यालय सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | |

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | | |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | १००% | १००% | १००% | १००% | १००% | १००% | |

## ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रम | कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | १३ | १ | ३ | ३ | ४ | २ | |
| २ | विद्यालयमा इन्टरनेट जडान तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | |
| ३ | शिक्षक तथा कर्मचारीहरूलाई ICT तथा EMIS व्यवस्थापन तालिम | शिक्षक | ६४ | ० | ३२ | ० | ३२ | ० | |
| ४ | डिजिटल शैक्षिक सामग्री निर्माण | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ५ | IEMIS व्यवस्थित गर्ने | विद्यालय | १८ | १८ | १८ | १८ | १८ | १८ | |

# परिच्छेद ५ : अन्य उपक्षेत्र

## ५.१ परिचय

सामान्य अर्थमा विद्यालय शिक्षा पूरा गरेका विद्यार्थीहरूलाई दिइने शिक्षालाई उच्च शिक्षा भन्ने गरिन्छ । उच्च शिक्षा, माध्यमिक शिक्षाभन्दा माथिको स्तरको अध्ययन हो, जसमा स्नातक तह र त्यसपछि आउने उच्च तहका अध्ययनहरू पर्दछन् । नेपालको संविधान २०७२ ले सबै नागरिकलाई शिक्षाको अधिकार सुनिश्चित गर्ने नीति अनुरूप उच्च शिक्षालाई वैज्ञानिक, प्रविधिक, व्यावसायिक, सिपमुखी, रोजगारमुखी र जनमुखी बनाउने तथा सक्षम, प्रतिस्पर्धी, नैतिक र राष्ट्रिय हितप्रति उत्तरदायी जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ । साथै, उच्च शिक्षालाई गुणस्तरीय, सहज पहुँचयोग्य र क्रमशः निःशुल्क बनाउने प्रावधानसमेत गरेको छ । नेपालमा स्नातक, स्नातकोत्तर, एमफिल, र अनुसन्धान गरी चार तहमा उच्च शिक्षालाई वर्गीकृत गरिएको छ । यसको मुख्य उद्देश्य देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, आत्मनिर्भर, रोजगारन्मुख र उच्चस्तरीय जनशक्ति उत्पादन गर्नु हो । नेपालमा उच्च शिक्षाका लागि त्रिभुवन विश्वविद्यालय , काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय आदि जस्ता विश्वविद्यालयहरू छन् ।

नेपालको संविधानले उच्च शिक्षासम्बन्धि अधिकार प्रदेश सरकारलाई सुनिश्चितता गरेको भएता पनि स्थानीय तहले समेत आफ्नो क्षेत्रमा रहेका उच्च शिक्षा प्रदायक संस्थाको विकासमा अग्रणी भुमिका निर्वाह गर्न सक्दछ । उच्च शिक्षामा आधारित कार्यक्रम संचालन गर्नका लागि तीनै तहका सरकारहरू र समुदायसङ्ग साझेदारका रूपमा सहभागि हुने अवसर खुला गरिनु पर्छ । सैनामैना नगरपालिकाले निर्माण गर्ने उच्च शिक्षा सम्बन्धी कार्य नीति र योजनाले यहाँको शैक्षिक क्षेत्रमा अभिवृद्धिसँगै रोजगारमुखी जनशक्ति उत्पादनमा योगदान पुऱ्याउने छ ।

## ५.२ वर्तमान अवस्था

सैनीमैना नगरपालिकामा सञ्चालित सहिद नारायण पोखरेल रामापुर क्याम्पस र पर्रोहा बहुमुखी क्याम्पस गरी दुईवटा सामुदायिक क्याम्पसहरूले उच्च शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । यी क्याम्पसहरूले नगरपालिकाको शैक्षिक स्तर उकास्न मात्र होइन,आर्थिक रूपमा विपन्न वर्गका विद्यार्थीहरूको लागि उच्च शिक्षामा पहुँच पुऱ्याउन पनि उल्लेखनीय भूमिका खेलिरहेका छन् । सहिद नारायण पोखरेल रामापुर क्याम्पस विश्वविद्यालय अनुदान आयोगबाट क्युएएप्राप्त सैनामैना क्षेत्रको एकमात्र प्रमुख सामुदायिक क्याम्पस हो । यस क्याम्पसले उच्च शिक्षा प्रवर्द्धनमा ठूलो योगदान दिँदै आएको छ । यस क्याम्पसमा हाल स्नातक तहमा शिक्षा र व्यवस्थापन जस्ता संकायहरू सञ्चालनमा छन् । शिक्षाशास्त्र संकायमा ५८ जना पुरुष र ३९७ जना महिला गरी जम्मा ४५५ विद्यार्थी अध्ययनरत छन् । व्यवस्थापन संकायमा १५८ पुरुष र ३४६ महिला विद्यार्थी गरी

जम्मा ५०४ विद्यार्थी छन् । साथै, स्नातकोत्तर तहमा व्यवस्थापन र शिक्षाशास्त्र संकाय गरी जम्मा ४५ विद्यार्थीहरू अध्ययन गरिरहेका छन् ।

सैनीमैना नगरपालिकामा सञ्चालित दोस्रो क्याम्पस, पर्रोहा बहुमुखी क्याम्पस, मुर्गिया पनि यस क्षेत्रको शिक्षाको महत्त्वपूर्ण धरोहर हो । यस क्याम्पसले स्थानीय क्षेत्रका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्दै आएको छ । पर्रोहा क्याम्पसमा स्नातक तह व्यवस्थापन संकायमा जम्मा २३५ विद्यार्थीहरू अध्ययन गरिरहेका छन्, जसमा ६७ पुरुष र १६८ महिला विद्यार्थीहरू अध्ययन गरिरहेका रहेका छन् ।

सैनामैना नगरपालिकाका यी दुई क्याम्पसहरूले विशेषगरी महिलाहरूको उच्च उपस्थितिलाई सुनिश्चित गर्दै शिक्षाको क्षेत्रमा लैङ्गिक समानताको उदाहरण प्रस्तुत गरेका छन् । शिक्षाको गुणस्तर वृद्धि गर्दै विपन्न र ग्रामीण क्षेत्रका विद्यार्थीहरूको भविष्य निर्माण गर्न क्याम्पसहरूले महत्त्वपूर्ण योगदान पुऱ्याउदै आएका छन् । यी क्याम्पसहरू नगरपालिकाको उच्च शिक्षाका लागि आधार स्तम्भका रूपमा स्थापित छन् ।

वर्तमान अवस्थाका यस नगरपालिकामा उच्च शिक्षासम्बन्धी निम्नानुसारका समस्या र चुनौतिहरू विद्यमानसम्म रहेका छन्

१. नगरपालिकाका दुई सामुदायिक क्याम्पसहरूले स्थानीय क्षेत्रलाई शिक्षाको पहुँच प्रदान गर्न योगदान गरे पनि अझै पनि भौतिक लगाएतका विभिन्न पक्षहरूको व्यवस्थापन गर्न ।
२. विद्यार्थीहरूमा रोजगारमुखी र व्यवहारिक उपयोगी शिक्षा प्रदान गर्न ।
३. पर्याप्त भवन, पुस्तकालय, प्रयोगशाला, र सूचना तथा सञ्चार प्रविधिको अभावले शिक्षाको गुणस्तर बृद्धि गर्न ।
४. बहुसङ्ख्यक आंशिक कालीन शिक्षकका कारणले पूर्णकालीन र दक्ष प्राज्ञिक जनशक्ति उपलब्ध गराउन
५. खोज र अनुसन्धानात्मक कार्य गर्न ।
६. उच्च शिक्षाको क्षेत्रमा नियमित आयस्रोतको अभाव र प्रादेशिक तथा संघीय सरकारको सीमित सहयोगले क्याम्पसहरूको दीर्घकालीन विकास गर्न ।
७. उच्च शिक्षाका लागि विदेशतर्फ आकर्षण बढ्दै जाँदा क्याम्पसहरूमा विद्यार्थी संख्या बृद्धि गर्न ।
८. उच्च शिक्षालाई संघ, प्रदेश, र स्थानीय सरकारबीच स्पष्ट जिम्मेवारी तोक्न नसक्दा नीतिगत योजना निर्माण गर्न ।

## ५.३ उद्देश्य

१. उच्च शिक्षालाई गुणस्तरीय र रोजगारमूलक जनशक्ति उत्पादनको आधार बनाउनु ,
२. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्नु ,

३.नगरपालिकाको मौलिक ज्ञान, संस्कृति, र प्राकृतिक स्रोतसाधनलाई शिक्षासँग जोड्नु ,
४.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान जनशक्ति उत्पादन गर्नु ,
५.शिक्षकहरूलाई अनुसन्धानका क्षेत्रमा सक्रिय बनाउनु ,

| | रणनीति | क्रियाकलापहरू |
|---|---|---|
| १ | उच्च शिक्षालाई अनुसन्धान र प्रविधिमैत्री बनाउन स्रोतसाधनको समुचित व्यवस्थापन गर्ने , | १. शिक्षकहरूकालागी अनुसन्धान र नवप्रवर्तनात्मक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. शिक्षकहरूको अनुसन्धान गतिविधिका लागि प्रदेश तथा संघसङ्ग समन्वय गरी बजेट र व्यवस्था गरिनेछ ।<br>३. शिक्षकहरूको अनुसन्धानमा सक्रियता बढाउन पुरस्कार र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । |
| २ | उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने । | १. नगर प्रमुख उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन गरी लक्षित वर्गका विद्यार्थीहरूलाई आर्थिक सहयोग प्रदान गरिनेछ ।<br>२. शिक्षामा पहुँच अभाव भएका क्षेत्रहरूका विद्यार्थीहरूको लागि अतिरिक्त छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. विभिन्न छात्रवृत्तिहरूको व्यवस्था गरी अपागंता र सामाजीक रूपमा पिछडिएका क्षेत्रका विद्यार्थीहरूको लागि पहुँच वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३ | उच्च शिक्षाला ई आय आर्जनसङ्ग जोड्ने | १. उच्च शिक्षाको पढ्दै कमाउदै अवधारणालाइ व्यवहारीक बनाइने छ ।<br>२. शिक्षा तथा व्यवस्थाप. विषय क्षेत्रका पाठ्यक्रमलाई स्थानीय उत्पादन र व्यवसायसँग जोडेर आय आर्जनको अवसर सिर्जना गरिनेछ ।<br>३. तालिम तथा सीप वि.का सकार्यक्रमहरू सञ्चालन विद्यार्थीह गरीरूलाई स्वरोजगारको लागि प्रेरि त गरिनेछ । |

| | | |
|---|---|---|
| ४ | प्रतिस्पर्धी र कुशल जनशक्ति उत्पादन गर्ने । | १. उच्च शिक्षाका कार्यक्रमलाई नगरपालिकाको विकासमा उपयोगी हुने गरी अघि बढाइनेछ<br>२. उच्च शिक्षामा दक्षता हासिल गरेका व्यक्तिहरूलाई नगरपालिकाको विकासमा योगदान दिन प्रेरित गर्न सम्मन र प्रोत्सा ह न कार्यक्रम सञ्चालिनेछ । गरिनेछ<br>३. शिक्षित जनशक्तिलाई नगरपालिका मातहतका संस्थामा संलग्न गराई स्थानीय विकासमा भूमिका खेल्न प्रेरित गरिनेछ । |
| ५ | उच्च शिक्षा प्रदायक संस्थाहरूको भौतिक पूर्वाधार सुदृढ बनाउने। | १. छात्रावास, पुस्तकालय, प्रयोगशाला, र अन्य भौतिक संरचनाको विकास गर्न प्रदेश तथा संघसङ्ग समन्वय गरी बजेटको व्यवस्थापन गरिनेछ ।<br>२. संघ र प्रदेश सरकारसँग सहकार्य गरी भौतिक पूर्वाधार निर्माणमा तिब्रता दिइने छ ।<br>३. न्यूनतम शुल्कमा विद्यार्थीहरूलाई सहज रूपमा अध्ययन गर्न छात्राबासको प्रबन्ध गर्न संघ र प्रदेशमा समन्वय गरिनेछ । |
| ६ | स्नातक र स्नातकोत्तर तहमा प्राविधिक र साधारण विषयहरूको कार्यक्रम विस्तार गर्ने । | १. कृषि विज्ञान, वन विज्ञान, पर्यटन र अन्य प्राविधिक विषयहरूलाई उच्च शिक्षामा समावेश गर्न विश्वविद्यालय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ<br>२. स्नातकोत्तर तहमा नयाँ कार्यक्रमहरू समावेश गर्न विश्वविद्यालयसंग समन्वय र पहल गरिनेछ |
| ७ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान जनशक्ति उत्पादन गर्ने | १. गुणस्तरीय शिक्षा र प्राविधिक तालिमको व्यवस्था गरी विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाइनेछ ।<br>२. अन्तर्राष्ट्रिय स्तरका संघ)संस्थासँ ग विभिन्नकार्यक्रमहरू मा सहकार्य र रोजगारमु खीकार्यका ला गि उत्पादित जनशक्तीको आवश्यक अनुभव र सीप वृ द्धिगरिनेछ |

| | | |
|---|---|---|
| | | ३. अनुसन्धान र नयाँ विचारहरूको विकास गरी युवाहरूलाई सिर्जनात्मकता र समस्या समाधान क्षमतामा सक्षम बनाइनेछ । |

## ५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes):**

१.सैनामैना नगरपालिकामा सञ्चालन भएका उच्च शिक्षाका कार्यक्रमहरूले स्थानीय स्तरमा दक्ष, नैतिकवान, र अब्बल जनशक्ति उत्पादन हुनेछ ।

२.नगरपालिका, प्रदेश, र मुलुकको समृद्धिमा योगदान पुऱ्याएको हुनेछ ।

३.शिक्षाको गुणस्तरमा सुधार, पहुँच विस्तार, र रोजगारी सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेका हुनेछ ।

**ख) प्रमुख नतिजाहरू (Key Results):**

१.उच्च शिक्षाले नगर र मुलुकले गरेको अपेक्षा अनुसार दक्ष र प्राविधिक जनशक्ति उत्पादनमा गुणस्तरीय व्यवस्था उपलब्ध गराएको हुने ।

२.उच्च शिक्षामा माध्यमिक तह पुरा गरेका सवैको पहुचँ सुनिश्चित हुने ।

३.शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानमुखी, प्रविधिमैत्री, र रोजगारमूलक बनाउन सहयोग पुऱ्याएको हुने ।

४.नगरपालिकाको मौलिक संस्कृति, ज्ञान, र पहिचानलाई उच्च शिक्षासँग जोड्दै यसलाई स्थायित्व र पहिचानको आधार स्तम्भका रूपमा विकास गरेको हुने ।

५.राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने, सान्दर्भिक र गुणस्तरीय जनशक्ति उत्पादन भएको हुने ।

६.उच्च शिक्षा हासिल गरेका जनशक्तिलाई नगरपालिकाका अतिरिक्त समग्र राष्टको विकासमा योगदान पुऱ्याएको हुने ।

७.६.उच्च शिक्षामा कार्यरत शिक्षकहरू अनुसन्धानात्मक कार्यमा संलग्न भई, अनुसन्धानमा टेवा पुऱ्याएको हुने ।

८.नगर प्रमुख उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमबाट छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूले अध्ययन पूरा गरेको हुने ।

९." पढ्दै कमाउदै" अवधारणाको वातावरण तयार भएको हुने ।

१०.उच्च शिक्षा प्रदायक संस्थाहरूका लागि आवश्यक भौतिक संरचना विस्तार भएको हुने ।

११.स्थानीय तहको पहलमा प्रदेश तथा सङ्घको सहयोगमा उच्च शिक्षा सञ्चालन गर्न मद्दत पुऱ्याइएको हुने ।

१२.स्नातक र स्नातकोत्तर तहमा प्राविधिक विषयहरू (कृषि विज्ञान, वन विज्ञान, इन्जीनियरीङ र अन्य) सञ्चालन गरेर शिक्षाको विविधता सुनिश्चित गरिएको हुने ।

१३.उच्च शिक्षालाई स्थानीय तहमा उपलब्ध सिप विकास, कृषि फर्म , व्यवसाय आदि आय आर्जनसँग जोड्दै रोजगारी सिर्जना गरिएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | इकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | उच्च शिक्षामा पहुचँ सुनिश्चित हुने | संख्या | १२३९ | १२५० | १२७० | १३०० | १३५० |
| २ | विपन्न र जेहन्दार छात्रवृत्ति कार्यक्रमबाट छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी | संख्या | ५ | ७ | १० | १५ | २० |
| ३ | स्नातक र स्नातकोत्तर तहमा थप अन्य विषयहरू सञ्चालन गरेर शिक्षाको विविधता सुनिश्चित गरिएको हुने | संख्या | ० | १ | २ | २ | २ |
| ५ | राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने, सान्दर्भिक र गुणस्तरीय जनशक्ति उत्पादन भएको हुने । | प्रतिशत | ३० | ४० | ५० | ५० | ६० |

## ५.५ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्रम | कार्यक्रम | एकाई | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| १ | उच्च शिक्षामा गुणस्तर सुधार गर्न अनुसन्धानात्मक कार्य सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| २ | विद्यार्थीहरूको लागि लक्षित छात्रवृत्ति कार्यक्रम विस्तार गर्ने | संख्या | ५७ | ५ | ७ | १० | १५ | २० | |
| ३ | उच्च शिक्षामा रोजगारी मैत्री कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूको आर्थिक सशक्तीकरण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ४ | विद्यार्थीहरूलाई स्थानीय उद्यम र व्यवसायसँग जोड्ने | सख्या | २० | ० | ५ | ५ | ५ | ५ | |
| ५ | नगरपालिकाको समग्र विकासका लागि उच्च शिक्षाका विद्यार्थीहरूको सहभागिता बढाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | विद्यार्थीहरूको लागि छात्रावास र आवासीय सुविधाहरू निर्माण गर्ने सहकार्य र समन्वय गर्ने | पटक | २ | ० | १ | ० | ० | १ | |
| ७ | विद्यार्थीहरूको स्वरोजगार प्रवर्द्धन गर्न सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ८ | स्थानीय विकासमा योगदान पुऱ्याउने विद्यार्थीहरूलाई प्रोत्साहनका लागि स्वयं सेवक शिक्षक कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |

# परिच्छेद ६ :सुशासन तथा व्यवस्थापन

## ६.१ परिचय

सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जवाफदेहीता, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । शिक्षाका उद्देश्य प्राप्तिका निमित्त उपलब्ध समय, प्रविधि तथा स्रोत साधनको समुचित रुपमा प्रयोग तथा परिचालन गरी अधिकतम शैक्षिक उपलब्धी हासिल गर्ने कार्य शैक्षिक व्यवस्थापन हो । असल शासनबाट नै कुनैपनि क्षेत्रको व्यवस्थाको को पाटो थाहा पाउन सकिन्छ । सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जवाफदेहीता, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । शिक्षाका उद्धेश्य प्राप्तिका निमित्त उपलब्ध समय, प्रविधि तथा स्रोत साधनको समुचित रुपमा प्रयोग तथा परिचालन गरी अधिकतम शैक्षिक उपलब्धी हासिल गर्ने कार्य शैक्षिक व्यवस्थापन हो । सक्षम, प्रभावकारी र गुणस्तरीय शैक्षिक कार्य सम्पादन गर्न सिङ्गो शिक्षा प्रणालीदेखि विद्यालयसम्म शैक्षिक गतिविधिको व्यवस्थापन गर्ने कार्य नै शिक्षाको व्यवस्थापन हो ।

शैक्षिक व्यवस्थापनको जिम्मेवारी पूरा गर्न नेपालमा संघीय व्यवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास डिभिजन कार्यालय, पालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा र विद्यालयहरू रहेका छन् । व्यवस्थित, प्रभावकारी र कुशल शैक्षिक व्यवस्थापनको लागि योजना, संगठन, निर्देशन, नियन्त्रण, समन्वय, नेतृत्व, बजेटिङ, रिपोर्टिङ तथा विविध कुराहरूको व्यवस्थापकीय कार्य प्रक्रिया अवलम्वन गर्नु पर्दछ । आम जनताले खोजे जस्तो र रोजे जस्तो व्यवस्था भएको जनहित र उत्थानमा केन्द्रित सेवामा पहुँच भएको र गुणस्तर उच्च भएको शासन नै शैक्षिक सुशासन हो । शिक्षामा हुने गुणस्तरीय सेवा पद्धति शैक्षिक सुशासन हो । उपलब्ध स्रोत साधनहरूको विवेकपूर्ण ढंगले सञ्चालन गरी अपेक्षित उपलब्धी हासिल गर्न मिलाईने चाँजोपाँजो नै व्यवस्थापन हो । आर्थिक, भौतिक, प्राविधिक, सूचना तथा मानवीय स्रोत नै साधन स्रोत हुन् जसको समुचित परिचालन र गुणस्तरीय प्रतिफल तथा नतिजा प्राप्तको असल विधि पद्धति व्यवस्थापन हो । सुशासन तथा व्यवस्थापन अन्तरसम्बन्धित सेवामुखी कुशलताहरू हुन् ।

## ६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

कुनै पनि शैक्षिक संघ संस्था, कार्यालय, विद्यालयमा काम गर्न खटिएका मानवीय शक्तिहरूको क्षमता विकास, भौतिक संरचना विकास, उत्प्रेरणा, मनोबल वृद्धि, काम गर्न सक्ने सीप, सक्षमता अभिवृद्धि गर्ने कार्य नै संस्थागत क्षमता विकास हो । बदलिंदो समय, परिवेश, स्थान र माग अनुसार शासन प्रक्रिया, स्रोत व्यवस्थापन, क्षमता विकास गरेमा मात्र शैक्षिक गुणस्तरमा सुधार आउनेछ । सूचना तथा सञ्चार प्रविधिको द्रुत विकासले विश्व नै एक सानो गाउँको रुपमा परिणत भएको समयमा ज्ञान विज्ञानको विष्फोट, सामाजिक चेतनाको विकास र सेवा प्रदायकको सेवाग्राही प्रतिको उत्तरदायित्व जस्ता कुरालाई केन्द्रविन्दुमा राख्दा स्थानीय तहको संस्थागत संरचना तथा क्षमता विकास सम्बन्धी क्रियाकलापहरूलाई सुशासन तथा व्यवस्थापनसँग जोडेर अगाडि बढाउन अत्यावश्यक छ ।

नेपालका स्थानीय सरकारहरूमा शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्ने महत्वपूर्ण पक्ष हो । स्थानीय सरकारले शिक्षा नीतिहरू लागू गर्न र समुदायलाई आवश्यक सेवाहरू प्रदान गर्न निर्णायक भूमिका खेल्छन्। प्रभावकारी व्यवस्थापन अभ्यासहरू स्रोत विनियोजनलाई अनुकूलन गर्न, शैक्षिक नतिजाहरू सुधार गर्न र स्थानीय शैक्षिक संस्थाहरूको समग्र क्षमता अभिवृद्धि गर्न महत्त्वपूर्ण छन् ।

नेपालका स्थानीय सरकारहरूमा शिक्षाको व्यवस्थापनमा पाठ्यक्रम विकास, शिक्षक तालिम, पूर्वाधार विकास, मूल्याङ्कन लगायतका विभिन्न मुख्य क्षेत्रहरू समावेश हुन्छन् । संस्थागत क्षमता विकास पनि उत्तिकै महत्त्वपूर्ण छ, किनकि यसले स्थानीय सरकारहरूलाई उनीहरूको शिक्षा प्रणालीलाई प्रभावकारी रूपमा व्यवस्थित गर्न र समुदायको आवश्यकताहरू पूरा गर्न सक्षम बनाउँछ । यसमा स्थानीय सरकारी अधिकारीहरू र शिक्षा कर्मचारीहरूको सीप, ज्ञान, र स्रोतहरूलाई सुदृढ पार्नु आवश्यक छ ।

### ६.२.१ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेको छ । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालयको लेखा समेत हेर्ने गरी विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्राय जसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको

र शिक्षक अभिभावक सङ्घको बैठक नियमित बसेको देखिन्छ । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् । सैनामैना नगरपालिकाभित्र रहेका हरेक विद्यालयले सुशासनका लागि समयमा नै विद्यालय सुधार योजना बनाउने गर्दछन् । धेरै जसो विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलव्धिपूर्ण तरिकाले काम गरेका छन् ।

यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ ।

*तालिका३४: ६.१, सैनामैना नगरपालिकाको शिक्षाका तहगत संरचनाहरूको सुशासन तथा व्यवस्थापनको अवस्था*

| | | विद्यालय सुधार योजना | | सामाजिक परीक्षण | शैक्षणिक योजना | | | विद्यालय व्यवस्थापन समिति | | शिक्षक अभिभावक सघ | | अभिभावक भेला वर्षमा कति पटक | बाल क्लब गठन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र स | विद्यालयको नाम | निर्माण | प्रत्येक वर्ष अद्यावधिक | | वार्षिक शैक्षिक योजना | एकाई योजना | दैनिक पाठयोजना निर्माण | विध्यस गठन | नियमित बैठक | गठन | नियमित | | |
| १ | पर्रोहामा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| २ | रामापुर मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| ३ | पशुपति मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| ४ | सैनामैना मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| ५ | दुर्गा भवानी मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| ६ | जनकल्याण मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| ७ | सरस्वति मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| ८ | राष्ट्रिय मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| ९ | जनचेतना मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | सालझन्डी मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| ११ | कोटियादेवी मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| १२ | मलमला देवी मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| १३ | पश्चिम पर्रोहा मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| १४ | महेरवा देवि मा वि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| १५ | जनज्योति आवि३ - | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| १६ | जनज्योति आवि११ - | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |
| १७ | कालिका आवि | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |

## ६.२.२ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु ,

२. तीनै तहका सरकारबिचको अन्तर्सम्बन्धलाई सुदृढ बनाउनु ,

३. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ,

४. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ,

५. जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने ,

### ६.२.३ रणनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने जनशक्तिको उपलब्धता गर्ने। | १. विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाइ कार्यान्वयन गरिनेछ ।<br>२. शिक्षा नियमावली अनुसार प्रधानाध्यापक नियुक्ति गरिनेछ । |
| २.आवश्यक पर्ने संरचनाको निर्माण गरी कार्यान्वयन गर्ने । | १. संघीय सरकार र प्रदेश सरकारले शिक्षासम्बन्धी तोकिएका काम र जिम्मेवारी सम्पादन गर्नका लागि नगरपालिकाको शिक्षा शाखामा आवश्यक थप संरचनाहरूको विकास गरी कार्यान्वयन गरिनेछ ।<br>२. स्थानीय तहभित्रका शिक्षकहरूको सरुवा, कार्यसम्पादन मूल्याङ्कन र विद्यालयहरूको सञ्चालन गरिनेछ ।<br>३. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गरिनेछ ।<br>४. संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण गर्नका लागि आवश्यक न्यूनतम मापदण्डको विकास गरी स्तरीकरण गरिनेछ ।<br>५. शैक्षिक संस्थाहरूको अनुगमन जस्ता काम गर्नका लागि स्थानीय तह अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखाको संरचनालाई सुदृढ बनाइने छ ।<br>६. निश्चित प्रक्रिया अवलम्बन गरी नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिने जनशक्ति आपूर्ति गरिनेछ ।<br>७. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ ।<br>८. स्थानीय तहको शिक्षा ऐन नियमनियमावली निर्देशि ,का तथा कार्यवीधिहरू तयार गरी कार्यक्रमहरू का र्यान्वयनगरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.अभिभावक सचेतना, शैक्षिक जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास गरी सोको अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्रको विकास गर्ने। | १. बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाइनेछ ।<br>२. बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कारवाही गर्ने गरी कानुन बनाइ कार्यान्वयन गरिनेछ ।<br>३. छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरू सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिनेछ ।<br>४. सबैका निम्ति अनिवार्य आधारभूत शिक्षा र साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।<br>५. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिनेछ ।<br>६. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिनेछ ।<br>७. शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन गरिनेछ । |
| ४ संस्थागत क्षमता विकासका लागि प्रदेश तथा संघीय सरकारसँग उचित समन्वय र सहकार्य गर्ने। | १. प्राविधिक विद्यालयको अनुमतिका लागि प्रदेशमा रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्रको अनुगमन प्रतिवेदनलाई समेत अनिवार्य बनाइने छ ।<br>२. स्थानीय तहमा प्राविधिक शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा उपलब्ध भएका विज्ञ सहितको एउटा समिति गठन गरी काम गरिनेछ ।<br>३. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी पदपूर्तिको व्यवस्था गरिनेछ । |

## ६.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने

ख ) नतिजा

१. संस्थागत संरचनाका गठित विभिन्न समिति तथा उपसमितिहरूको सक्षमता विकास भइ परिचालन हुने ।
२. विद्यालय सुधार योजना विकास तथा कार्यान्वयन प्रभावकारी हुने ।
३. सबै विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन सिमितिका पदाधिकारीहरूको क्षमता विकास हुने ।
४. प्रत्येक विद्यालयमा लैङ्गिक संपर्क विन्दुका रूपमा कार्य गर्ने शिक्षकको व्यवस्था गरी सक्षमता विकास हुने
५. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना हुने
६. विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | प्रधानाध्यापक सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | |

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | प्रधानाध्यापक सङ्ख्या | २ | ४ | ५ | ५ | ५ | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | |
| ५ | विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | |

## ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | कार्यक्रम कार्यान्वयन वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | पटक | १ | ० | १ | ० | ० | ० | |
| २ | विद्यालयको कार्यसम्पादन मुल्याङ्कन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ३ | विद्यालयको संस्थागत संरचना निर्माण तथा क्षमता विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ४ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय | विद्यालय | १८ | १८ | १८ | १८ | १८ | १८ | |
| ५ | विद्यालय पदाधिकारीहरूको क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ६ | स्मारिका/बुलेटिन/समाचार प्रकाशन | पटक | ३ | ० | १ | ० | १ | १ | |

## ६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.३.१ परिचय

योजना साध्य होइन लक्ष्यमा पुग्ने साधन हो भने कार्यान्वयन योग्य योजना नै सफल योजना हो । अत कुनै पनि योजना लागु गर्न सकिने गरी निर्माण गर्नु पर्दछ । यसर्थ योजना निर्माणको जति महत्त्व छ त्यो भन्दा धेरै महत्त्व त्यसको कार्यान्वयन प्रबन्धमा रहन्छ । शैक्षिक योजनासंगै योजनाको कार्यान्वयन प्रबन्ध अनिवार्य सर्त हुन आउँछ । प्रबन्ध सहितको शिक्षा योजनाले मात्र शिक्षामा अपेक्षित परिवर्तन ल्याउन सक्दछ । सामान्यतया स्थानीय तहमा शिक्षा योजना बनाउदा त्यस पालिकाको भौगोलिक,आर्थिक अवस्था, सामाजिक सांस्कृतिक संरचना, तथा उपलब्ध जनशक्ति एवं अन्य साधन र श्रोतलाई ख्यान गरिएको हुन्छ । यी तत्त्वहरूलाई मध्यनजर गरी निर्माण भएका शिक्षा योजना नै लागु गर्न सकिन्छ । त्यस्तो योजना परिणाममुखी हुन आउछन तसर्थ, शिक्षा योजना वस्तुवादि वन्नु आवश्यक हुन्छ ।

नगर शिक्षा योजना लागु गर्ने मुख्य जिम्मेवारी नगरपालिका तथा नगर शिक्षा समितिको हो । तथापि, विद्यालय, शिक्षक, विधार्थी वडा कार्यलय, संघिय एवं प्रदेश सरकार, स्थानिय समुदाय, अभिभावक विद्यालय व्यवस्थापन समिति एवं अन्य सरोकारवाला सबैको महत्वपूर्ण भूमिका रहनेमा दुई मत हुन सक्दैन । स्थानीय समुदाय तथा अविभावकहरूलाई जिम्मेवार वनाइ शिक्षा योजना प्रति स्वामित्वको भावना जागृत हुनु योजना कार्यान्वयन को लागि अत्यावश्यक हुन आउछ । यी सबै पक्षहरूलाई एकतावद्ध गरी कार्यान्वयन चरणमा प्रवेश गर्नु प्रधानाध्यापकको केन्द्रीय भूमिका रहन्छ । प्रधानाध्यापक सक्षम ,क्षमतावान ,सबल,धैर्य ,योग्य ,आत्मविश्वासपूर्ण, स्वतन्त्र, निष्पक्ष, निडर, सदाचार एवं पारदर्शी र जवाफदेही हुनु अनिवार्य छ । प्रद्यानाध्यापकको मातहतमा रही योजना कार्यान्वयन गर्ने महत्वपूर्ण व्यक्तिहरू भनेका शिक्षकहरू पनि हुन । शिक्षकहरू क्षमतावान हुनुका साथै समर्पित, धैर्यवान, कार्यकुशल, सहनशील, समदर्शी, निरन्तर प्रयासरत, इमान्दार तथा जवाफदेही हुन नसकेमा शिक्षा योजना कार्यान्वयन हुन सक्दैन । त्यसैगरि शिक्षा योजना सफल कार्यान्वयनको लागि वार्षिक शैक्षिक योजना र कार्यक्रम, आर्थिक व्यवस्थापन जनशक्ति उत्पादन एवं व्यवस्थापन, र विविध क्रियाकलापको निर्धारण एवं तिनीहरूको प्रभावकारी कार्यान्वयनविना संभव हुदैन ।

सैनामैना नगरपालिकाद्वारा निर्मित ५ वर्षे शिक्षा योजना लागु गर्नु र निर्दिष्ट लक्ष्य हासिल गर्नु चुनौतिपूर्ण कार्य हो । तथापि यस नगरपालिकाको वस्तुस्थितिलाई ख्याल राख्दै योजना निर्माण अघि बढाइएकोले सफल कार्यान्वयन गर्न सकिन्छ भन्नेमा बिश्वथ हुन जरुरी छ । सफल कार्यान्वयन लागि सफन प्रवन्धको आवश्यकतालाई कदापि नकार्न सकिदैन । यसको सफल कार्यान्वयनका लागि नै यो प्रवन्ध तयार गरिएको छ ।

योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध आवश्यक छ । कार्यान्वयन प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तिय व्यवस्थापन तथा अनुगमन र मूल्याङकन लगायत कार्यान्वयनका लागि आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणालीलाई प्रभाव पार्ने भएकोले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु पर्दछ ।
यस पालिकाको शिक्षा योजनाको कार्यक्रमहरूको कार्यन्वयन वार्षिक स्वीकृत वजेट अनुरुप हुनेछ । स्थानीय तह र विद्यालय तहमा संचालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यन्वयनमा जोड दिइने छ । प्रत्येक विद्यालय र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन् ।कार्यक्रम संचालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ । शिक्षा योजनाका कार्यक्रमहरूको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिनेछ । अनगुमन पश्चात सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ ।कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाइ सक्रिय हुनेछ ।

### ६.३.२ वर्तमान अवस्था

सैनामैना नगरपालिकाले आफ्नो स्थानीय तहमा निर्माण गरिएका विभिन्न योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी आइपरेको छ । स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था, वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था, आवश्यक स्रोत साधनको व्यवस्थापन लगायत विभिन्न ऐन, नियम, कार्यविधि निर्माण गरी प्रबोधीकरण गर्नु पर्ने छ ।

सैनामैना नगरपालिकाले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने कार्यहरू गरीरहेको छ । शिक्षण सिकाइमा आवश्यक सहयोग आदान प्रदानका लागि स्थानीयस्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने आवश्यकता रहेको छ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य हुँदै आएको छ ।

विद्यालय सुधार योजना बनाई वार्षिक रूपमा अद्यावधिक गर्ने, स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन हुँदै आएको छ । विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गरेको छ ।

विद्यालयको कार्यसम्पादनका सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, स्थानीय तहका सम्बन्धित शाखाहरू,

गैरसरकारी संस्था समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा विपद्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गरिएको छ ।

**चुनौती**

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न ,
२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयन गर्न ,
३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण, तथा पूर्वाधारको विकाश गर्न ,
४. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभावमा योजना सही ढंगले कार्यान्वयन भएको सुनिश्चित गर्न ,
५. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्न, समीक्षा गर्न, र सुधार गर्न ,
६. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउन ,
७. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्न ,
८. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्न ,

## ६.३.३ उद्देश्य

योजनाको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित उद्देश्यहरू

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
२. आवश्यक साधन श्रोत साधानको खोजी, पहिचान एवं परिचालन गर्नु ।
३. शिक्षा योजना कार्यान्वयन गर्न बजेट तर्जुमा गर्न लगाउनु ।
४. कार्यक्रमहरूको नियमित अनुगमन, सुपरिवेक्षण, मुल्याङ्कन गर्नु ।

### ६.३.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने | १. नगर शिक्षा योजनाको अभिमुखीकरण गरिनेछ ।<br>२. नगरपालिका स्तरमा जनप्रतिनिधि, शिक्षा शाखा, शिक्षा समिति, अविभावक शिक्षक प्रतिनिधि, सम्मेलित योजना कार्यान्वयन संयन्त्र निर्माण गरिनेछ ।<br>३. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार गरिनेछ ।<br>४. योजना कार्यान्वयनको क्रममा जनशक्ति आवश्यक पर्ने भए सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन गरिनेछ ।<br>५. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ ।<br>६. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ ।<br>७. योजना अन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरूको कार्यान्वयन निर्देशिकाको विकास गरी कार्यक्रमको कार्यान्वयन गरिनेछ ।<br>८. लेखा परीक्षण तथा सामाजिक परीक्षण , SIP समयमा सम्पन्न र निर्माणका लागि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई क्षमता विकास गरिनेछ ।<br>९. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गरिनेछ । |
| २. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु । | १. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिनेछ र उक्त पृष्ठपोषणका आधारमा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।<br>२. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइने छ |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. विद्यालयहरूमा अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गरिनेछ ।<br>४. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिनेछ । |

### ६.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।

२ प्रभावकारी अनुगमन को माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ ।

३ कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमि कमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने छ ।

ख) **नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | अनुगमनका आधारमा नतिजा सुधार हुने विद्यालय संख्या | विद्यालय संख्या | १७ | १८ | १८ | १८ | १८ | |
| ३ | विभिन्न कार्यक्रमहरू को उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | विद्यालय संख्या | १८ | १८ | १८ | १८ | १८ | |

| क्र सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४ | सिकाईहरूको दस्तावेज तयार हुने विद्यालय संख्या | विद्यालय संख्या | १८ | १८ | १८ | १८ | १८ | |

### ६.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | कार्यक्रम कार्यान्वयन बर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | |
| ७ | शिक्षा योजनाको कार्यान्वयनको अवस्थाको समग्र मूल्याङ्कन । | पटक | २ | ० | | १ | | १ | |
| ८ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | ४ | ० | १ | १ | १ | १ | |

# परिच्छेद ७, लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

मुलुकको समुन्नतिका लागि सक्षम मानव संशाधनको विकास गर्न जरुरी छ ।त्यसका लागि आजका बालबालिकाको शिक्षामा लगानी गर्नुपर्ने हुन्छ। बालबालिकाको शिक्षाका लागि गरिने लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासमा सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्तरुप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा राज्यको लगानीले प्रमुख पक्षलाई ध्यान दिनु पर्छ । पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग।

शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकाङ्क्षालाई विचार गरेर नेपालमा पनि सरकार तथा समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता, यस सम्बन्धि विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ । यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धि ऐन २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धि नियमावली २०७७ पनि स्वीकृत गरेको छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्त्व भएको छ । यसका लागि आवश्यक स्रोतको खोजी , प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धि व्यवस्था गर्नु आवश्यक छ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्व, पूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा ध्यान पुग्नु आवश्यक छ

यस सन्दर्भमा शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको

सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

नेपालमा वि.सं. २०४९/०५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको ८.५ % मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन १९९० को दशक) सँगै आ.व.२०६७/०६८ मा आइपुग्दा १७.१ % पुगेको थियो । कुल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि.सं. २०५२ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औषत ३.७ रहेको थियो। विगत एक दशक अवधिमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२% बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्ता हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८% वैदेशिक सहायता रहेको छ ।

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने संघिय अनुदान भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकत क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट रू हजारमा | कैफियत |
|---|---|---|---|
| १ | सङ्घीय सरकार | ११९३९४३ | अनुमानित |
| २ | प्रदेश सरकार | ३२१९० | अनुमानित |
| ३ | स्थानीय सरकार | १३२३६३ | अनुमानित |
| ४ | सङ्घ संस्था तथा दातृनिकाय | ३८५६२ | अनुमानित |
| | **जम्मा** | १३९७०५८ | अनुमानित |

## ७.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ,
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ,
३. उपलब्ध स्रोतको कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ,

## ७.४ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने ,
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ,
